# निर्वाचन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

प्रस्तावना : निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय, सहभागीतामूलक, पहुँचयोग्य र पारदर्शी रुपले व्यवस्थापन गर्न निर्वाचन सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

## भाग-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "निर्वाचन व्यवस्थापन ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले गाउँ कार्यपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "अनुगमनकर्ता" भन्नाले निर्वाचनको काम कारवाही र आचारसंहिता कार्यान्वयन भए वा नभएको अनुगमन गर्न आयोगले खटाएको अनुगमनकर्ता सम्झनु पर्छ र सो शब्दले त्यस्तो प्रयोजनका लागि आयोगले गठन गरेको अनुगमन टोली वा अनुगमन समिति समेत जनाउँछ ।

(ग) "अन्तिम मतदाताको विवरण" भन्नाले दफा २३ वा ३४ बमोजिम प्रकाशन गरिएको अन्तिम मतदाताको विवरण सम्झनु पर्छ ।

(घ) "अल्पसङ्ख्यक समुदाय" भन्नाले प्रचलित कानून बमोजिम तोकिएको अल्पसङ्ख्यक समुदाय सम्झनु पर्छ र सो शब्दले त्यसरी नतोकिए सम्मको लागि राष्ट्रिय जनगणनाको आधारमा संविधानको धारा ३०६ को उपधारा (१) को खण्ड (क) को अधीनमा रही नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमका समुदाय समेत जनाउँछ ।

(ङ) "आयोग" भन्नाले संविधानको धारा २४५ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ ।

(च) "आयुक्त" भन्नाले आयोगको निर्वाचन आयुक्त सम्झनु पर्छ र सो शब्दले प्रमुख निर्वाचन आयुक्त समेत जनाउँछ ।

(छ) "उपप्रमुख" भन्नाले नगर कार्यपालिकाको उपप्रमुख सम्झनु पर्छ ।

(ज) "उपाध्यक्ष" भन्नाले गाउँ कार्यपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(झ) "उम्मेदवार" भन्नाले निर्वाचनको लागि उम्मेदवारको रुपमा मनोनयन भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले दफा ९२ बमोजिम उम्मेदवारको अन्तिम बन्दसूचीमा नाम समावेश भएको व्यक्ति समेत जनाउँछ ।

(ञ) "उम्मेदवारको बन्दसूची" भन्नाले प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्यको निर्वाचनको लागि समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनमा उम्मेदवारी

दिने प्रयोजनका लागि राजनीतिक दलले दफा ९० बमोजिम आयोग समक्ष पेश गरेको बन्दसूची सम्झनु पर्छ ।

(ट) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ठ) "नाम दर्ता अधिकारी" भन्नाले दफा ४ बमोजिम आयोगले तोकेको प्रमुख नाम दर्ता अधिकारी, नाम दर्ता अधिकारी वा सहायक नाम दर्ता अधिकारी सम्झनु पर्छ ।

(ड) "निर्वाचन" भन्नाले संविधान तथा यस ऐन बमोजिम हुने राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसदका सदस्य, प्रदेश सभाका सदस्य वा स्थानीय तहका सदस्यको निर्वाचन सम्झनु पर्छ र सो शब्दले उपनिर्वाचन समेत जनाउँछ ।

(ढ) "निर्वाचन अधिकारी" भन्नाले निर्वाचन कार्यालयको प्रमुख सम्झनु पर्छ ।

(ण) "निर्वाचन अधिकृत" भन्नाले दफा ६१ बमोजिम आयोगले नियुक्त गरेको निर्वाचन अधिकृत सम्झनु पर्छ ।

(त) "निर्वाचन अवधि" भन्नाले दफा ५९ बमोजिमको निर्वाचन अवधि सम्झनु पर्छ ।

(थ) "निर्वाचन कार्यक्रम" भन्नाले दफा ५८ बमोजिमको निर्वाचन कार्यक्रम सम्झनु पर्छ ।

(द) "निर्वाचन कार्यालय" भन्नाले निर्वाचन आयोग सम्बन्धी प्रचलित कानून बमोजिम स्थापना भएको निर्वाचन कार्यालय सम्झनु पर्छ ।

(ध) "निर्वाचन क्षेत्र" भन्नाले प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्यको निर्वाचनका लागि संविधानको धारा २८६ को उपधारा (५) बमोजिम निर्धारण गरिएको निर्वाचन क्षेत्र सम्झनु पर्छ ।

(न) "निर्वाचन प्रतिनिधि" भन्नाले दफा १३५ बमोजिम नियुक्त भएको निर्वाचन प्रतिनिधि सम्झनु पर्छ ।

(प) "प्रतिनिधि सभा" भन्नाले संविधानको धारा ८४ बमोजिम गठन हुने प्रतिनिधि सभा सम्झनु पर्छ ।

(फ) "प्रदेश सभा" भन्नाले संविधानको धारा १७६ बमोजिम गठन हुने प्रदेश सभा सम्झनु पर्छ ।

(ब) "प्रमुख" भन्नाले नगर कार्यपालिकाको प्रमुख सम्झनु पर्छ ।

(भ) "मतगणना अधिकृत" भन्नाले दफा ११३ बमोजिमको मतगणना अधिकृत सम्झनु पर्छ ।

(म) "मतदाता" भन्नाले सम्बन्धित निर्वाचनको प्रयोजनको लागि तयार गरिएको अन्तिम मतदाताको विवरणमा नाम रहेको व्यक्ति सम्झनु पर्छ ।

(य) "मतदाता परिचयपत्र" भन्नाले दफा २५ बमोजिम आयोगले उपलब्ध गराएको मतदाता परिचयपत्र सम्झनु पर्छ ।

(र) "मतदान अधिकृत" भन्नाले दफा ६४ बमोजिम नियुक्त मतदान अधिकृत सम्झनु पर्छ ।

(ल) "मतदान केन्द्र" भन्नाले दफा ९४ बमोजिमको मतदान स्थलमा रहेको मतदान केन्द्र सम्झनु पर्छ ।

(व) "मतपत्र" भन्नाले दफा ९५ बमोजिमको मतपत्र सम्झनु पर्छ र सो शब्दले विद्युतीय उपकरणबाट मतदान हुने व्यवस्था भएकोमा त्यस्तो विद्युतीय उपकरणमा प्रयोग हुने मतपत्र वा त्यस्तो उपकरणमा जडित डिजिटल मतपत्र समेत जनाउँछ ।

(श) "मतपेटिका" भन्नाले दफा ९६ बमोजिमको मतपेटिका सम्झनु पर्छ र सो शब्दले विद्युतीय उपकरणबाट मतदान गरेकोमा त्यसरी मतदान गरेको मत सङ्केत अभिलेख गर्ने विद्युतीय उपकरण समेत जनाउँछ ।

(ष) "राजनीतिक दल" भन्नाले निर्वाचन प्रयोजनको लागि आयोगमा दर्ता भएको राजनीतिक दल सम्झनु पर्छ र सो शब्दले एकल चुनाव चिन्ह लिई संयुक्त रुपमा निर्वाचनमा सहभागी हुने दलहरुको समूह समेत जनाउँछ।

(स) "राष्ट्रिय सभा" भन्नाले संविधानको धारा ८६ बमोजिम गठन हुने राष्ट्रिय सभा सम्झनु पर्छ ।

(ह) "वडा अध्यक्ष" भन्नाले स्थानीय तहको वडा अध्यक्ष सम्झनु पर्छ ।

(क्ष) "सङ्घीय संसद" भन्नाले प्रतिनिधि सभा र राष्ट्रिय सभा सम्झनु पर्छ ।

(त्र) "सचिव" भन्नाले आयोगको सचिव सम्झनु पर्छ ।

(ज्ञ) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।

(कक) "स्थानीय तहको सदस्य" भन्नाले स्थानीय तहको वडा सदस्य तथा गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको सदस्य सम्झनु पर्छ र सो शब्दले गाउँपालिकाको अध्यक्ष वा उपाध्यक्ष, नगरपालिकाको प्रमुख, उपप्रमुख वा वडा अध्यक्ष समेत जनाउँछ ।

(कख) "स्वतन्त्र उम्मेदवार" भन्नाले कुनै पनि दलको औपचारिक पत्र प्राप्त नगरी स्वतन्त्र रुपमा मनोनयनपत्र दर्ता गराएको उम्मेदवार सम्झनु पर्छ ।

## भाग -२

## मतदाता नामावली सम्बन्धी व्यवस्था

### परिच्छेद -१

### मतदाता नामावली

३. मतदाताको विवरण सङ्कलन तथा अद्यावधिक गर्ने : (१) आयोगले प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य वा स्थानीय तहका सदस्यको निर्वाचनको लागि आफ्नो प्रत्यक्ष रेखदेख, नियन्त्रण, सुपरीवेक्षण र निर्देशनमा प्रत्येक निर्वाचन क्षेत्रभित्रका स्थानीय तहको वडाको मतदाताको विवरण सङ्कलन गर्ने तथा त्यसको अद्यावधिक गर्ने कार्य गर्नेछ ।

(२) आयोगले उपदफा (१) बमोजिम मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने कार्य निर्वाचन कार्यालय वा सम्बन्धित स्थानीय तह मार्फत नियमित रुपमा गर्नेछ ।

(३) उपदफा (२) बमोजिम मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्दा प्रत्येक वर्षको चैत मसान्तलाई आधार मानी गर्नु पर्नेछ ।

(४) मतदाता नामावली सङ्कलन वा अद्यावधिक गर्दा अपाङ्गता भएका व्यक्तिहरुको सहज पहुँचको व्यवस्था मिलाउनु पर्नेछ ।

(५) मतदाता नामावली सङ्कलन गर्दा सोह्र वर्ष उमेर पूरा गरेको नेपाली नागरिकको नाम पनि सङ्कलन गरिनेछ ।

(६) मतदाता नामावली सङ्कलन तथा अद्यावधिक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४. नाम दर्ता अधिकारी : (१) मतदाताको विवरण सङ्कलन गर्न, मतदाता नामावली तयार वा स्थानान्तर वा अद्यावधिक गर्न र त्यस सम्बन्धी काम गर्नका लागि आयोगले प्रत्येक जिल्लामा एकजना प्रमुख नाम दर्ता अधिकारी र आवश्यकता अनुसार नाम दर्ता अधिकारी वा सहायक नाम दर्ता अधिकारी तोक्न सक्नेछ ।

(२) नाम दर्ता अधिकारीलाई सहयोग पुऱ्याउन आयोगले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका कर्मचारी वा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारको अनुदानमा सञ्चालित संस्थाका कर्मचारीलाई खटाउन वा काममा लगाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमका कर्मचारी खटाउँदा कर्मचारी पर्याप्त नभएको अवस्थामा सामुदायिक विद्यालयका शिक्षकलाई समेत खटाउन वा काममा लगाउन सकिनेछ ।

(४) नाम दर्ता अधिकारीको कार्यालय आयोगले तोकेको स्थानमा रहनेछ।

५. मतदाताको रुपमा नाम दर्ता : (१) दफा ३ बमोजिम सङ्कलन भएको मतदाताको विवरणको आधारमा देहायको योग्यता पुगेको नेपाली नागरिकको नाम मतदाता नामावलीमा दर्ता गर्नु पर्नेछ :-

(क) राष्ट्रिय परिचयपत्र वा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको,

(ख) अठार वर्ष उमेर पूरा भएको,

(ग) स्थानीय तहको सम्बन्धित वडामा स्थायी बसोबास गरेको ।

(२) उपदफा (१) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्वाचनको मिति घोषणा भएको अवस्थामा मतदान हुने अघिल्लो दिनसम्म अठार वर्ष उमेर पूरा हुने मतदाताको नाम पनि तोकिए बमोजिम दर्ता गर्नुपर्नेछ ।

स्पष्टीकरण : यस खण्डको प्रयोजनको लागि "मतदान हुने अघिल्लो दिन" भन्नाले एक भन्दा बढी चरणमा निर्वाचन हुने गरी निर्वाचन मिति तोकिएको अवस्थामा पहिलो चरणमा हुने मतदानको अघिल्लो दिन सम्झनु पर्छ ।

६. स्थायी बसोबास गरेको मानिने : (१) दफा ५ को उपदफा (१) को खण्ड (ग) को प्रयोजनको लागि देहायको अवस्थालाई समेत कुनै स्थानीय तहको सम्बन्धित वडामा स्थायी बसोबास गरेको मानिनेछ :-

(क) निर्वाचित भएको कुनै जनप्रतिनिधि आफ्नो पदावधिको अवधिमा आफ्नो नाम दर्ता भएको वडामा अनुपस्थित रहेको अवस्था,

(ख) कुनै व्यक्ति व्यापार, व्यवसाय, रोजगार, अध्ययन, अध्यापन, सरकारी वा गैरसरकारी सेवा, औषधि उपचार वा अन्य कुनै काम विशेष वा कारणले वा कानून बमोजिम थुना वा कैदमा रहेको कारणले आफ्नो नाम दर्ता भएको वडामा अनुपस्थित रहेको अवस्था ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थालाई स्थायी बसोबास गरेको मानिने छैनः-

(क) कुनै उद्योग, व्यापार वा पेशा सञ्चालन गर्ने वा कार्यालय राख्ने प्रयोजनको लागि घर भाडा लिई बसेको अवस्था,

(ख) सरकारी, अर्धसरकारी वा गैर सरकारी संस्थाको कार्यालयमा कार्यरत कर्मचारी र त्यस्तो कार्यालयमा काम गर्ने कर्मचारीका लागि बनाइएको आवास गृह, सैनिक, प्रहरी वा सशस्त्र प्रहरी ब्यारेक, अस्थायी शिविर तथा आवास गृह, औद्योगिक प्रतिष्ठान तथा त्यस्तो प्रतिष्ठानमा काम गर्ने कर्मचारी तथा कामदार बस्नको लागि बनाइएको बासस्थान, अस्पताल, चिकित्सालय, नर्सिङ्ग होम, विद्यालय, क्याम्पस तथा छात्रावास, अनाथालय, वृद्धाश्रम, कारागार तथा यस्तै अन्य स्थानमा बसेको अवस्था ।

७. <u>मतदाताको नाम स्थानान्तर गर्न सकिने</u> : (१) दफा ५ बमोजिम कुनै स्थानीय तहको वडाको मतदाता नामावलीमा नाम दर्ता भएको व्यक्ति वैवाहिक कारणले वा बसाईं सराईं गरी सोही वा अर्को स्थानीय तहको वडामा बसोबास गरेमा त्यस्ता व्यक्तिको नाम निजले बसोबास गरेको वडामा स्थानान्तर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदाताको नाम स्थानान्तर गराउँदा त्यस्तो व्यक्तिले नाम दर्ता अधिकारी समक्ष विवाह दर्ताको प्रमाणपत्र वा बसाईं सरी आएको प्रमाणपत्र र साविकमा कायम रहेको नाम दर्ता सम्बन्धी प्रमाण पेश गर्नु पर्नेछ ।

(३) कसैले मतदाता नामावलीमा एकाघरको बाबु, आमा, पति वा पत्नीको नाम समावेश भएको वडाको मतदाता नामावलीमा आफ्नो नाम दर्ता गराउन वा स्थानान्तर गराउन चाहेमा मतदाता नामावलीमा नाम समावेश भएको व्यक्तिसँगको नाता खुल्ने प्रमाणको आधारमा नाम दर्ता अधिकारीले त्यस्तो व्यक्तिको नाम दर्ता गर्न वा स्थानान्तर गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम नाम दर्ता वा स्थानान्तर गर्दा त्यस्तो व्यक्तिको साविकको मतदाता नामावलीबाट नाम हटाउनु पर्नेछ।

८. <u>स्थानान्तर गर्ने अवधिः</u> दफा ७ बमोजिम मतदाताको विवरण स्थानान्तर गर्ने काम दफा ५७ को उपदफा (१) बमोजिम हुने कुनै निर्वाचनको प्रयोजनको लागि त्यस्तो निर्वाचन हुने दिनभन्दा कम्तीमा चार महिना अघि नै गरी सक्नुपर्नेछ ।

९. <u>निर्वाचन घोषणा भए पछि नाम दर्ता वा स्थानान्तर गर्न नहुनेः</u> दफा ३, ५ र ७ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै निर्वाचनको मिति तोकिएपछि त्यस्तो निर्वाचन प्रयोजनको लागि मतदाताको विवरण सङ्कलन तथा स्थानान्तर गरिने छैन ।

तर निर्वाचनको मिति तोकिनु अघि विद्युतीय माध्यमबाट विवरण प्रविष्ट गरी जैविक तथा अन्य विवरणको लागि समय पाइसकेका व्यक्तिको त्यस्तो विवरण सङ्कलन गर्ने सम्बन्धमा आयोगले व्यवस्था गरे बमोजिम हुनेछ ।

१०. <u>दोहोरो नाम दर्ता गर्न नहुने</u> : कुनै पनि व्यक्तिको नाम एक भन्दा बढी वडाको मतदाता नामावलीमा दर्ता गर्नु वा गराउनु हुँदैन।

तर दफा ३६ को प्रयोजनको लागि अस्थायी मतदाता नामावली तयार गर्न यो व्यवस्थाले बाधा पुऱ्याउने छैन।

११. <u>नाम दर्ता गर्न थप प्रमाण माग गर्न सक्ने</u> : (१) दफा ३ बमोजिम कुनै व्यक्तिको नाम मतदाता नामावलीमा दर्ता गर्ने प्रयोजनको लागि विवरण सङ्कलन गर्दा राष्ट्रिय परिचयपत्र वा नेपाली नागरिकताको प्रमाणपत्रको आधारमा नाम दर्ता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम राष्ट्रिय परिचयपत्र वा नेपाली नागरिकताको प्रमाणपत्रबाट निजको जन्म वा उमेर वा बासस्थान खुल्न नसकेमा वा यकिन नभएमा नाम दर्ता अधिकारीले थप प्रमाणको रुपमा जग्गाधनी प्रमाणपूर्जा, शैक्षिक योग्यताको प्रमाणपत्र, राहदानी वा सवारी चालक अनुमतिपत्र माग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम माग गरिएको प्रमाण पेश गर्न नसकेमा नाम दर्ता अधिकारीले त्यस्तो व्यक्तिसँग सम्बन्धित स्थानीय तहको सम्बन्धित वडाको सिफारिस माग गर्न सक्नेछ ।

(४) उपदफा (१), (२) वा (३) बमोजिमका कागजात पेश गर्न नसक्ने व्यक्तिको नाम मतदाता नामावलीमा दर्ता गरिने छैन ।

१२. नाम दर्ता गर्ने र विवरण उपलब्ध गराउने : (१) मतदाता नामावली तयार गर्नको लागि आवश्यक पर्ने विवरण सहित आफ्नो स्थायी बसोबास रहेको स्थानीय तहको सम्बन्धित वडाको मतदाता नामावलीमा आफ्नो नाम तोकिए बमोजिम दर्ता गराउनु यस परिच्छेद बमोजिम मतदाता हुन योग्यता पुगेका प्रत्येक नेपाली नागरिकको कर्तव्य हुनेछ ।

(२) यस दफाको प्रयोजनको लागि कुनैपनि नेपाली नागरिकले आफ्ू स्यायी बसोबास गरेको वडाको मतदाता नामावलीमा नाम दर्ता हुने गरी कुनैपनि निर्वाचन कार्यालयबाट नाम दर्ता गर्न सक्नेछ ।

१३. विद्युतीय माध्यमबाट नाम दर्ता गर्न सकिने : (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले विद्युतीय माध्यमबाट मतदाता नामावलीमा नाम दर्ता गर्नेछ।

(२) उपदफा (१) बमोजिम नाम दर्ता गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१४. मतदाता नामावलीको विवरण प्रकाशन गर्नेः मतदाता नामावलीको विवरण प्रकाशन गर्ने प्रक्रिया, स्थान र समय आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

१५. सच्याउन दरखास्त दिने : (१) दफा १४ बमोजिम प्रकाशित नामावलीमा कुनै मतदाताको नाम वा विवरणमा कुनै त्रुटि भएमा सच्याउनको लागि सम्बन्धित मतदाता वा निजको परिवारको सदस्यले सोको प्रमाण सहित सम्बन्धित सहायक नाम दर्ता अधिकारी समक्ष निवेदन दिन सक्नेछ।

स्पष्टीकरणः यस उपदफा र दफा १९ को प्रयोजनको लागि "परिवारको सदस्य" भन्नाले बाबु, आमा, पति, पत्नी, छोरा, छोरी, बाजे, बज्यै, नाति, नातिनी सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिम पर्न आएका निवेदनमा सहायक नाम दर्ता अधिकारीले आवश्यक जाँचबुझ गरी सम्बन्धित नाम दर्ता अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पर्न आएका निवेदन सम्बन्धमा नाम दर्ता अधिकारीले आवश्यक जाँचबुझ गरी सम्बन्धित प्रमुख नाम दर्ता अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम पेश भएको निवेदनमा आवश्यक जाँचबुझ गरी उपयुक्त देखिएमा प्रमुख नाम दर्ता अधिकारीले त्यस्तो विवरण सच्याउनेछ।

१६. उजुरी दिन सक्ने : (१) कसैले झुट्टा विवरण दिई मतदाता नामावलीमा नाम समावेश गरेको भए प्रमाण सहित कुनै पनि व्यक्तिले नाम दर्ता अधिकारी समक्ष उजुरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको उजुरीको कारबाही सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१७. दोहोरो नाम हटाउन निवेदन दिनु पर्ने : (१) कुनै मतदाताको नाम एक भन्दा बढी स्थानको मतदाता नामावलीमा समावेश भएको देखिएमा नाम दर्ता अधिकारी समक्ष आफू बसोबास गरेको स्थानको मतदाता नामावलीमा मात्र नाम राखी अन्य स्थानको मतदाता नामावलीबाट नाम हटाउन तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) कसैले मतदाताको नाम एक भन्दा बढी स्थानको मतदाता नामावलीमा समावेश भएको देखिएमा नाम दर्ता अधिकारी समक्ष तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम परेको निवेदन मध्ये एक भन्दा बढी जिल्लाको मतदाता नामावलीमा दोहोरो नाम समावेश भएकोमा दोहोरो नाम हटाउन परेको निवेदन नाम दर्ता अधिकारीले आयोगमा पठाउनु पर्नेछ।

१८. <u>दोहोरो नाम हटाउने</u> : (१) दफा १७ बमोजिम मतदाता नामावलीबाट नाम हटाउन कुनै मतदाताले निवेदन दिएमा नाम दर्ता अधिकारीले जाँचबुझ गरी व्यहोरा मनासिब देखिएमा निवेदकले रोजेको वडाको मतदाता नामावलीमा नाम कायम राखी अर्को मतदाता नामावलीबाट नाम हटाउनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा १७ को उपदफा (३) बमोजिम प्राप्त भएको निवेदनका सम्बन्धमा आयोगले आवश्यक जाँचबुझ गरी जुन जिल्लाको मतदाता नामावलीबाट त्यस्तो व्यक्तिको नाम हटाउनु पर्ने हो सोही जिल्लाको नाम दर्ता अधिकारीलाई मतदाता नामावलीबाट नाम हटाउन आदेश दिनेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नाम दर्ता अधिकारी स्वयंलाई कुनै कारणबाट कुनै मतदाताको नाम दोहोरो परेको जानकारी प्राप्त भएमा त्यस्तो मतदाताको नाम निज स्थायी बसोबास गर्दै आएको स्थानीय तहको सम्बन्धित वडाको मतदाता नामावलीमा कायम गरी अन्य स्थानको मतदाता नामावलीबाट हटाउनु पर्नेछ ।

(४) आयोगलाई कुनै कारणबाट कुनै मतदाताको नाम दोहोरो परेको जानकारी प्राप्त हुन आएमा त्यस्तो मतदाताको नाम निज स्थायी बसोबास गर्दै आएको स्थानीय तहको सम्बन्धित वडाको मतदाता नामावलीमा कायम गरी अन्य वडाको मतदाता नामावलीबाट हटाउन आयोगले सम्बन्धित नाम दर्ता अधिकारीलाई आदेश दिन सक्नेछ ।

(५) उपदफा (३) वा (४) बमोजिम दोहोरो नाम हटाउनु अघि त्यस्तो मतदातालाई निजलाई आफ्नो स्थायी बसोबासको विवरण पेश गर्न अवधि तोकी आयोगको वेबसाइटमा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम तोकिएको अवधिभित्र त्यस्तो मतदाताले विवरण पेश गरेमा सोको आधारमा निजको स्थायी बसोबास गरेको स्थानको मतदाता नामावलीमा नाम कायम गरी अर्को स्थानको मतदाता नामावलीबाट नाम हटाउनु पर्नेछ र त्यस्तो अवधिभित्र स्थायी बसोबासको विवरण पेश नगरेमा पछिल्लो पटक थप भएको स्थानलाई निजले स्थायी बसोबास रहेको मानी त्यस्तो स्थानको मतदाता नामावलीको नाम कायम गरी अर्को स्थानको मतदाता नामावलीबाट नाम हटाउनु पर्नेछ ।

(७) कुनै व्यक्तिको नाम मतदाता नामावलीबाट हटाइएको विवरण सम्बन्धित निर्वाचन कार्यालयले प्रकाशन गरी आयोगको वेबसाइटमा समेत राख्नु पर्नेछ ।

१९. <u>मतदाता नामावलीबाट नाम हटाउने</u> : (१) मतदाता नामावलीमा नाम समावेश भएको कुनै व्यक्तिको मृत्यु भएमा वा कुनै व्यक्तिले नागरिकता त्याग गरेमा निजको परिवारका सदस्यले प्रमाण सहित नाम दर्ता अधिकारी समक्ष सूचना दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना प्राप्त भएपछि नाम दर्ता अधिकारीले तोकिए बमोजिम जाँचबुझ गर्दा त्यस्तो व्यहोरा मनासिब देखिएमा त्यस्तो मतदाताको नाम मतदाता नामावलीबाट तोकिए बमोजिम हटाउनु पर्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मतदाता नामावलीमा नाम समावेश भएको कुनै व्यक्तिको मृत्यु भएको भनी सम्बन्धित स्थानीय तहको पञ्जिकाधिकारीको कार्यालयबाट वा कुनै व्यक्तिले नागरिकता त्याग वा बदर गरेको कुरा जिल्ला प्रशासन कार्यालयबाट प्रमाण सहितको जानकारी सम्बन्धित निर्वाचन कार्यालयमा प्राप्त भएमा नाम दर्ता अधिकारीले जाँचबुझ गरी त्यस्तो मतदाताको नाम मतदाता नामावलीबाट हटाउन सक्नेछ।

(४) कुनै व्यक्तिको नाम मतदाता नामावलीबाट हटाइएमा त्यसको सूचना नाम दर्ता अधिकारीले सम्बन्धित स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा टाँस्नु पर्नेछ।

२०. मतदाता नामावली पेश गर्ने : (१) नाम दर्ता अधिकारीले यस परिच्छेद बमोजिम प्रक्रिया पूरा गरेपछि मतदाता नामावली सम्बन्धी विवरण अद्यावधिक गरी आफ्नो कार्यालयको अभिलेखमा राखी सम्बन्धित निर्वाचन कार्यालयमा पठाउनु पर्नेछ।

(२) नाम दर्ता अधिकारीले उपदफा (१) बमोजिमको विवरण प्राप्त भएपछि मतदाता नामावली सम्बन्धी विवरण निर्वाचन कार्यालयको अभिलेखमा अद्यावधिक गरी त्यस्तो मतदाता नामावली आयोगमा पठाउनु पर्नेछ।

२१. विवरण उपलब्ध गराउनु पर्ने : (१) मतदाता नामावली अद्यावधिक गर्ने प्रयोजनका लागि आयोगको माग बमोजिम देहायका निकाय वा अधिकारीले देहायका विवरण आयोगलाई उपलब्ध गराउनु पर्नेछ :-

(क) बसाईं सराईं, विवाह दर्ता तथा मृत्यु दर्ताको विवरण स्थानीय पञ्जिकाधिकारीले सम्बन्धित निर्वाचन कार्यालयमा,

(ख) नागरिकता त्याग गरेको विवरण जिल्ला प्रशासन कार्यालयले सम्बन्धित निर्वाचन कार्यालयमा,

(ग) नागरिकता रद्द गरेको विवरण नेपाल सरकार, गृह मन्त्रालयले निर्वाचन आयोगमा ।

(२) उपदफा (१) बमोजिमको विवरण आयोगलाई उपलब्ध गराउनु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

२२. विदेशमा रहेका व्यक्तिको विवरण सङ्कलन गर्ने : (१) आयोगले मतदाताको नामावली तयार गर्ने प्रयोजनको लागि दफा ५ बमोजिम योग्यता पुगी मतदाता नामावलीमा नाम दर्ता नभएका विदेशमा रहेका नेपाली नागरिकको विवरण सङ्कलन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको विवरण सङ्कलन गर्न आयोगले विदेशस्थित नेपाली कुटनीतिक नियोग तथा अन्य निकायको सहयोग लिन सक्नेछ ।

(३) विदेशमा रहेका नेपाली नागरिकको विवरण सङ्कलन गर्ने प्रक्रिया, त्यस्तो नागरिकले उपलब्ध गराउनुपर्ने प्रमाण र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२३. अन्तिम मतदाता नामावली प्रकाशन : (१) दफा २० बमोजिम अद्यावधिक मतदाता नामावली प्राप्त भएको मितिले तोकिएको अवधि भित्र आयोगले केन्द्रीय डाटा बेसमा दोहोरिएको वा नदोहिरिएको यकिन (डुप्लिकेशन भेरिफिकेशन) गरी मतदाता नामावली प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम नामावली प्रकाशन गर्दा मतदाता नामावलीमा नाम दर्ता गराएको व्यक्तिको नाम छुटेको, दोहोरो परेको वा व्यहोरा फरक परेको सम्बन्धमा उजुरी गर्न तोकिए बमोजिमको समय दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको समयभित्र कसैको उजुरी परेमा त्यस सम्बन्धमा आयोगले आवश्यक जाँचबुझ गरी संशोधन सहित अन्तिम मतदाता नामावली स्वीकृत गरी प्रकाशन गर्नु पर्नेछ र त्यस्तो नामावली निर्वाचन कार्यालय मार्फत सम्बन्धित स्थानीय तहमा पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त अन्तिम मतदाता नामावली सर्वसाधारणले हेर्न मिल्ने गरी स्थानीय तहले व्यवस्था गर्नु पर्नेछ ।

(५) अन्तिम मतदाता नामावली प्रकाशन गर्दा दफा ५ को उपदफा (२) बमोजिमको अवधिलाई निर्दिष्ट मिति मानी त्यस्तो मितिसम्ममा अठार वर्ष उमेर पूरा हुने नेपाली नागरिकको नाम त्यस्तो मतदाता नामावलीमा समावेश गर्नु पर्नेछ।

(६) आयोगले अन्तिम मतदाता नामावलीमा रहेको तोकिए बमोजिमको बिवरण सर्वसाधारणको जानकारी तथा पहुँचको लागि आफ्नो वेबसाइटमा राख्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम वेबसाइटमा राखिएको मतदाता नामावलीमा संशोधन गर्ने सम्बन्धी विषय तोकिए बमोजिम हुनेछ।

२४. <u>मतदाता नामावलीबाट नाम रद्द गर्ने</u> : (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि झुट्टा विवरणका आधारमा मतदाता नामावली तयार भई अन्तिम मतदाता नामावलीमा त्यस्तो नाम समावेश भई प्रकाशन भएको कुरा कुनै प्रमाणबाट स्पष्ट देखिन आएमा आयोगले त्यस्तो मतदाताको नाम रद्द गर्नेछ ।

तर त्यसरी नाम रद्द गर्नु अघि सम्बन्धित व्यक्तिलाई आफ्नो सफाइको मनासिब मौका दिनु पर्नेछ ।

(२) यस दफा बमोजिम मतदाताको नाम रद्द गर्ने अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२५. <u>मतदाता परिचयपत्र उपलब्ध गराउने</u> : (१) आयोगले अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको मतदातालाई मतदान गर्ने प्रयोजनको लागि निजको फोटोसहितको मतदाता परिचय पत्र निःशुल्क उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइएको मतदाता परिचयपत्र हराएमा वा नष्ट भएमा सम्बन्धित मतदाताले आफ्नो विवरण सहित निर्वाचन कार्यालयमा निवेदन दिएमा तोकिएको दस्तुर लिई आयोगले त्यस्तो परिचयपत्रको प्रतिलिपि उपलब्ध गराउन सक्नेछ ।

(३) मतदाता परिचय पत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२६. <u>अदालतमा प्रश्न उठाउन नसकिने</u> : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विषयमा कुनै अदालतमा प्रश्न उठाउन सकिने छैन :-

(क) अन्तिम मतदाता नामावलीमा कुनै व्यक्तिको नाम दर्ता भएको वा नभएको वा दर्ता गर्न हुने वा नहुने भन्ने विषयमा, वा

(ख) नाम दर्ता अधिकारी वा निजले खटाएको अधिकार प्राप्त व्यक्तिले मतदाता नामावली तयार गरेको वा यस परिच्छेद बमोजिम सम्बन्धित अधिकारीले मतदाता नामावलीमा थपघट गरेको विषयमा ।

## परिच्छेद-२

## मतदाता नामावली सम्बन्धी विशेष व्यवस्था

२७. राष्ट्रपति वा उपराष्ट्रपति निर्वाचनको लागि मतदाता नामावली तयार गर्ने: (१) आयोगले सङ्घीय संसदको सदस्य तथा प्रदेश सभा सदस्य पदमा तत्काल कायम रहेका व्यक्तिको विवरणको आधारमा राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचनको लागि मतदाता नामावली तयार गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदाता नामावली तयार गर्दा आयोगले सङ्घीय संसदको सदस्य पदमा तत्काल कायम रहेका व्यक्तिको अद्यावधिक विवरण सङ्घीय संसद सचिवालयबाट र प्रदेश सभाको सदस्य पदमा तत्काल कायम रहेका व्यक्तिको अद्यावधिक विवरण सम्बन्धित प्रदेश सभा सचिवालयबाट माग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम माग भएको विवरण आयोगलाई उपलब्ध गराउनु त्यस्तो सचिवालयको कर्तव्य हुनेछ।

२८. राष्ट्रिय सभा सदस्य निर्वाचनको लागि मतदाता नामावली तयार गर्ने : (१) आयोगले सम्बन्धित प्रदेश सभा सदस्य पदमा तत्काल कायम रहेका तथा सम्बन्धित प्रदेश भित्रका स्थानीय तहका अध्यक्ष, उपाध्यक्ष, प्रमुख, उपप्रमुख पदमा तत्काल कायम रहेका व्यक्तिको विवरणको आधारमा राष्ट्रिय सभा सदस्यको निर्वाचनको लागि मतदाता नामावली तयार गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदाता नामावली तयार गर्न आयोगले प्रदेश सभा सदस्यको पदमा तत्काल कायम रहेका व्यक्तिको अद्यावधिक विवरण सम्बन्धित प्रदेश सभा सचिवालयबाट र प्रदेश भित्रका स्थानीय तहका अध्यक्ष, उपाध्यक्ष, प्रमुख, उपप्रमुख पदमा तत्काल कायम रहेका व्यक्तिको अद्यावधिक विवरण सम्बन्धित जिल्लाको निर्वाचन कार्यालयबाट माग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम माग भएको विवरण आयोगलाई उपलब्ध गराउनु सम्बन्धित सचिवालय तथा निर्वाचन कार्यालयको कर्तव्य हुनेछ।

२९. मतदाता नामावली प्रकाशन गर्ने : (१) दफा २७ वा २८ बमोजिम तयार गरेको मतदाता नामावली आयोगले सम्बन्धित निर्वाचन अधिकृतलाई उपलब्ध गराउनु पर्नेछ र निर्वाचन अधिकृतले निर्वाचन कार्यक्रममा उल्लिखित मिति र समयमा त्यस्तो मतदाता नामावली आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदाता नामावली प्रकाशन गर्दा मतदाता नामावलीमा नाम समावेश हुन छुटेको व्यक्तिले आफ्नो नाम समावेश गर्नको लागि निवेदन दिने, मतदाता नामावलीमा नाम समावेश भएको व्यक्तिले आफ्नो नाम, थर, उमेर, पद आदि विवरण सच्याउन निवेदन दिने, मतदाता नामावलीमा नाम समावेश भएको कुनै व्यक्तिको विरोधमा उजुरी दिने मिति, समय र स्थान समेत उल्लेख गरी सूचना प्रकाशन गर्नु पर्नेछ ।

३०. मतदाता नामावलीमा छुट नाम समावेश गर्ने : (१) दफा २९ बमोजिम प्रकाशित मतदाता नामावलीमा नाम छुट भएको व्यक्तिले आफ्नो नाम समावेश गर्नको लागि त्यस्तो नामावली प्रकाशन सम्बन्धी सूचनामा उल्लिखित समयावधि भित्र निर्वाचन अधिकृतको कार्यालयमा आफू मतदान गर्न योग्य रहेको प्रमाण सहित निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पर्न आएको निवेदन जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा निर्वाचन अधिकृतले सम्बन्धित व्यक्तिको नाम मतदाता नामावलीमा समावेश गर्नुपर्नेछ।

३१. नाम, थर, उमेर, पद आदि सच्याउने : (१) दफा २९ बमोजिम प्रकाशित मतदाता नामावलीमा नाम समावेश भएको कुनै मतदाताको नाम, थर, उमेर, पद वा अन्य व्यहोरा सच्याउन सम्बन्धित व्यक्तिले त्यस्तो नामावली प्रकाशन सम्बन्धी सूचनामा उल्लिखित समयावधि भित्र निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएको निवेदन जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा निर्वाचन अधिकृतले सम्बन्धित व्यक्तिको विवरण सच्याउनु पर्नेछ ।

३२. मतदाताको विरोधमा उजुरी दिने : (१) दफा २९ बमोजिम प्रकाशित मतदाता नामावलीमा नाम समावेश भएको मतदाताको विरोधमा अर्को कुनै मतदाताले उजूर गर्न चाहेमा त्यस्तो नामावली प्रकाशन सम्बन्धी सूचनामा उल्लिखित समयावधि भित्र प्रमाण सहित उजुरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुरी दिने समय समाप्त भएपछि निर्वाचन अधिकृतले त्यसरी दर्ता भएका उजुरीको सूची तयार गरी आफ्नो कार्यालयमा सूचना प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचनामा जसको विरुद्ध उजुरी परेको हो त्यस्तो व्यक्तिले त्यस्तो सूचनामा उल्लिखित समयावधि भित्र उजुरी खण्डन गर्ने आवश्यक सबुद प्रमाण पेश गर्नु पर्ने व्यहोरा समेत उल्लेख गर्नु पर्नेछ ।

३३. उजुरीको जाँचबुझ गर्ने : (१) दफा ३२ बमोजिमको उजुरी सम्बन्धमा निर्वाचन अधिकृतले आवश्यक जाँचबुझ गरी निर्णय गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा निर्वाचन अधिकृतले दफा ३२ को उपदफा (२) बमोजिम सम्बन्धित व्यक्तिले सबुद प्रमाण पेश गरेको भए त्यस सम्बन्धमा समेत जाँचबुझ गर्नु पर्नेछ ।

(३) निर्वाचन अधिकृतले कुनै सबुद प्रमाण संलग्न नभएको उजुरी उपर कुनै कारबाही गर्ने छैन ।

३४. अन्तिम मतदाता नामावली प्रकाशन गर्ने : दफा ३२ बमोजिम उजुरी परेकोमा निर्वाचन अधिकृतले त्यस्तो उजुरीका सम्बन्धमा दफा ३३ बमोजिम जाँचबुझ गरी र उजुरी नपरेकोमा उजुरी गर्ने म्याद समाप्त भएपछि अन्तिम मतदाता नामावली तयार गरी आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ र त्यस्तो नामावली वेबसाइटमा राख्ने प्रयोजनको लागि आयोगमा अविलम्ब पठाउनु पर्नेछ।

३५. गाउँ वा नगर कार्यपालिका सदस्यको निर्वाचनको लागि मतदाता नामावली तयार गर्ने : (१) निर्वाचन अधिकृतले गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको सदस्यको निर्वाचनको लागि गाउँसभा वा नगरसभाको सदस्य पदमा कायम रहेका व्यक्तिहरुको विवरण सङ्कलन गरी मतदाता नामावली तयार गर्नु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम तयार भएको मतदाता नामावली आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रकाशित मतदाता नामावलीमा नाम छुट भएको व्यक्तिले आफ्नो नाम समावेश गर्न, कुनै व्यक्तिको विरुद्ध उजुरी दिन वा नाम, थर, उमेर वा अन्य कुनै व्यहोरा सच्याउन निवेदन दिने मिति, समय र स्थान त्यस्तो नामावली प्रकाशन गर्दा सो नामावली प्रकाशन सम्बन्धी सूचनामा उल्लेख भए बमोजिम हुनेछ ।

(४) यस दफा बमोजिम विवरण सङ्कलन, नामावली प्रकाशन तथा त्यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३६. अस्थायी मतदाता नामावली तयार गर्ने : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको लागि आयोगले छुट्टै अस्थायी मतदाता नामावली तयार गर्न सक्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि दफा २३ बमोजिम कुनै वडाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका देहायका व्यक्तिको नाम समावेश गरिनेछः-

(क) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहको कार्यालयमा कार्यरत कर्मचारी

(ख) नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभागमा कार्यरत सुरक्षाकर्मी,

(ग) निर्वाचन कार्यमा खटिएका कर्मचारी वा सुरक्षाकर्मी,

(घ) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको संस्थामा कार्यरत कर्मचारी,

(ङ) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले सञ्चालन गरेको वा प्रचलित कानून बमोजिम स्वीकृति लिई सञ्चालन भएको वृद्धाश्रममा बसेको व्यक्ति,

(च) कारागारमा रहेका थुनुवा वा कैदी,

(छ) आयोगले तोकेको अन्य व्यक्ति ।

(३) यस दफा बमोजिम तयार गरिएको अस्थायी मतदाता नामावली जुन निर्वाचनको लागि तयार गरिएको हो सो निर्वाचन सम्पन्न भए पछि स्वतः रद्द भएको मानिनेछ ।

(४) अस्थायी मतदाता नामावली सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३७. <u>अन्तिम मतदाता नामावलीमा थपघट तथा हेरफेर गर्न नहुने</u> : यस ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक अन्तिम मतदाता नामावलीमा हेरफेर, थपघट गर्न वा सच्याउन सकिने छैन ।

३८. <u>अन्तिम मतदाता नामावलीको प्रतिलिपि उपलब्ध गराउनु पर्ने</u>ः (१) आयोगमा दर्ता कायम रहेका राजनीतिक दलले अन्तिम मतदाता नामावलीको प्रतिलिपि माग गरेमा आयोगले तोकिए बमोजिमको दस्तुर लिई त्यस्तो नामावलीको विद्युतीय प्रति उपलब्ध गराउनेछ ।

(२) कुनै उम्मेदवारले अन्तिम मतदाता नामावलीको प्रतिलिपि माग गरेमा आयोगले तोकिए बमोजिमको दस्तुर लिई निज उम्मेदवार रहेको निर्वाचन क्षेत्रको मतदाता नामावलीको विद्युतीय प्रति उपलब्ध गराउनेछ।

३९. <u>मतदान गर्ने अधिकार हुने</u> : (१) यस ऐन बमोजिम अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका प्रत्येक मतदातालाई प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य वा स्थानीय तहको सदस्यको निर्वाचनमा देहाय बमोजिम मतदान गर्ने अधिकार हुनेछ :-

(क) प्रतिनिधि सभाको सदस्य वा प्रदेश सभाको सदस्यको निर्वाचनका लागि सम्बन्धित निर्वाचन क्षेत्रभित्रको स्थानीय तहको वडामा स्थायी बसोबास भएको व्यक्ति,

(ख) प्रमुख वा उपप्रमुखको निर्वाचनको लागि सम्बन्धित नगरपालिका भित्र स्थायी बसोबास भएको व्यक्ति,

(ग) अध्यक्ष वा उपाध्यक्षको निर्वाचनको लागि सम्बन्धित गाउँपालिका भित्र स्थायी बसोबास भएको व्यक्ति,

(घ) वडा अध्यक्ष वा नगरपालिका वा गाउँपालिकाको वडा सदस्यको लागि सम्बन्धित वडामा स्थायी बसोबास भएको व्यक्ति ।

(२) उपदफा (१) बमोजिमको निर्वाचनमा मतदान गर्न पाउने अधिकार भएको प्रत्येक मतदाताले त्यस्तो निर्वाचनमा मतदान गर्नु निजको कर्तव्य हुनेछ ।

(३) दफा ३४ बमोजिमको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको सङ्घीय संसद वा प्रदेश सभाको सदस्यलाई राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचनमा मतदान गर्ने अधिकार हुनेछ ।

(४) दफा ३४ बमोजिमको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका सम्बन्धित प्रदेश सभाका सदस्य तथा सम्बन्धित प्रदेशका स्थानीय तहका अध्यक्ष, उपाध्यक्ष, प्रमुख र उपप्रमुखलाई राष्ट्रिय सभा सदस्यको निर्वाचनमा मतदान गर्ने अधिकार हुनेछ ।

(५) दफा ३५ बमोजिम गाउँ कार्यपालिकाको सदस्य वा नगर कार्यपालिकाको सदस्यको निर्वाचनको लागि तयार गरिएको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका सम्बन्धित गाउँ सभा वा नगर सभाका सदस्यलाई त्यस्तो निर्वाचनमा मतदान गर्ने अधिकार हुनेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य वा स्थानीय तह सदस्यको निर्वाचनमा मतदान गर्ने मतदाताले दफा २५ बमोजिमको परिचयपत्र वा आयोगले निर्धारण गरेको निजको फोटो सहितको अन्य प्रमाणपत्र पेश गरेको अवस्थामा मात्र मतदान गर्न सक्नेछ ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि होस ठेगान नभएको मतदाताले मतदान गर्न पाउने छैन।

(८) उपदफा (३), (४) र (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि सङ्घीय संसदका सदस्य, प्रदेश सभाका सदस्य वा गाउँ सभा वा नगर सभाको सदस्य पदबाट निलम्बनमा रहेको व्यक्ति राष्ट्रपति, उपराष्ट्रपति, राष्ट्रिय सभा सदस्य, गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको सदस्य पदको निर्वाचन प्रक्रियामा सहभागी हुन सक्ने छैन ।

४०. <u>मतदाता प्रमाणित गरिदिने</u> : कुनै निर्वाचन क्षेत्रको मतदाता नामावलीमा नाम दर्ता भएको कुनै मतदाताले त्यस्तो व्यहोरा प्रमाणित गरी पाउँ भनी तोकिए बमोजिम निवेदन दिएमा निर्वाचन अधिकारीले त्यस्तो व्यहोरा तोकिए बमोजिम प्रमाणित गरिदिनु पर्नेछ ।

४१. <u>सहयोग लिन सक्ने</u> : (१) आयोग, निर्वाचन कार्यालय वा नाम दर्ता अधिकारीले मतदाताको नामावली सङ्कलन तथा अद्यावधिक गर्ने सिलसिलामा आवश्यकता अनुसार नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह अन्तर्गतको निकाय, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको अनुदानमा सञ्चालित संस्था वा सामाजिक सङ्घ, संस्था तथा अन्य निकाय र कुनै पनि व्यक्तिको सहयोग लिन सक्नेछ ।

(२) मतदाता नामावली सङ्कलन गर्दा आयोग वा निर्वाचन कार्यालय वा नाम दर्ता अधिकारीलाई आवश्यक सहयोग उपलब्ध गराउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

४२. <u>अन्य निकायमा रहेको विवरणलाई आधार लिन सकिने</u>ः (१) मतदाता नामावलीमा मतदाताको नाम यकिन गरी दोहोरो पर्न नदिन र मतदाताको विवरण अद्यावधिक बनाई राख्ने प्रयोजनको लागि आयोगले अन्य सरकारी निकायमा रहेको विवरणलाई समेत आधार लिन सक्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि आयोगले माग गरेको विवरण उपलब्ध गराउनु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

४३. <u>विवरण उपलब्ध गराउन सक्ने</u>ः (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मतदाता नामावलीको प्रयोजनको लागि सङ्कलन गरेको मतदाताको नाम, थर, ठेगाना र फोटोको विवरण नेपाल सरकारको कुनै निकायबाट प्रयोजन खुलाई माग भई आएमा त्यस्तो विवरण आयोगले त्यस्तो निकायलाई उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराएको विवरण जुन प्रयोजनको लागि माग गरेको हो सो बाहेक अन्य प्रयोजनको लागि प्रयोग गर्न सकिने छैन ।

४४. <u>अन्य प्रयोजनका लागि प्रमाणमा नलाग्ने</u> : यस ऐन बमोजिम तयार गरिएको मतदाता नामावली वा अस्थायी मतदाता नामावली मतदानको प्रयोजनको लागि वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक अन्य प्रयोजनको लागि प्रमाणमा लाग्ने छैन ।

## भाग -३

## निर्वाचन प्रणाली

### परिच्छेद-१

### राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचन

४५. <u>राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचन</u> : (१) आयोगले राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचन सङ्घीय संसदका सदस्य तथा प्रदेश सभाका सदस्यले दिएको मतको आधारमा संविधानको धारा ६२ को अधीनमा रही गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्वाचन प्रयोजनको लागि सङ्घीय संसदका सदस्य र प्रदेश सभाका सदस्य मतदाता रहेको निर्वाचक मण्डल गठन हुनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सङ्घीय संसद वा प्रदेश सभाको कुनै सदस्यको पद रिक्त रहेको वा कुनै प्रदेश सभाको निर्वाचन नभएको कारणले मात्र निर्वाचक मण्डल गठन गर्न बाधा पुग्ने छैन ।

(४) उपदफा (१) बमोजिमको निर्वाचक मण्डलमा रहने सदस्यको मतभार अनुसूची-१ बमोजिम हुनेछ ।

### परिच्छेद-२

### प्रतिनिधिसभा सदस्य निर्वाचन

४६. <u>प्रतिनिधि सभा सदस्यको निर्वाचन</u> : आयोगले प्रतिनिधि सभामा रहने एकसय पैसठ्ठी जना सदस्यको निर्वाचन पहिलो हुने निर्वाचित हुने र एक सय दश जना सदस्यको निर्वाचन समानुपातिक निर्वाचन प्रणाली अपनाइ गराउनेछ ।

४७. <u>पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली</u> : दफा ४६ बमोजिमको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत एक निर्वाचन क्षेत्र एक पदको आधारमा सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार प्रतिनिधि सभाको सदस्यमा निर्वाचित हुने गरी निर्वाचन गराउनु पर्नेछ ।

४८. <u>समानुपातिक निर्वाचन प्रणाली :</u> दफा ४६ बमोजिमको समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत निर्वाचन गराउँदा सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने र प्रत्येक राजनीतिक दलले प्राप्त गरेको कूल मत सङ्ख्याको अनुपातमा त्यस्तो दलको तर्फबाट प्रतिनिधित्व गर्ने उम्मेदवार प्रतिनिधि सभाको सदस्यमा निर्वाचित हुने गरी निर्वाचन गराउनु पर्नेछ ।

### परिच्छेद-३

### राष्ट्रिय सभा सदस्य निर्वाचन

४९. <u>राष्ट्रिय सभा सदस्य निर्वाचन</u> : आयोगले राष्ट्रिय सभा सदस्यको निर्वाचनको लागि दफा ५० बमोजिम प्रत्येक प्रदेशबाट देहाय बमोजिम आठ जना सदस्यको निर्वाचन गराउनु पर्नेछ :-

(क) महिला समूहबाट प्रतिनिधित्व गर्ने सदस्यको लागि प्रत्येक मतदाताले दिने एक-एक मतको आधारमा सबै भन्दा बढी मत ल्याउने तीन जना,

(ख) दलित समूहबाट प्रतिनिधित्व गर्ने सदस्यको लागि प्रत्येक मतदाताले दिने एक मतको आधारमा सबै भन्दा बढी मत ल्याउने एक जना,

(ग) अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदायबाट प्रतिनिधित्व गर्ने सदस्यको लागि प्रत्येक मतदाताले दिने एक मतको आधारमा सबै भन्दा बढी मत ल्याउने एक जना,

(घ) खण्ड (क), (ख) र (ग) बाहेकका अन्य सदस्यको लागि दिने एक-एक मतको आधारमा सबै भन्दा बढी मत ल्याउने तीन जना ।

५०. निर्वाचक मण्डल : (१) दफा ४९ बमोजिम हुने निर्वाचनको प्रयोजनको लागि प्रत्येक प्रदेशमा देहायका मतदाता रहेको एक निर्वाचक मण्डल रहनेछ :-

(क) प्रदेश सभाका सदस्य,

(ख) सम्बन्धित प्रदेश भित्रका स्थानीय तहका अध्यक्ष, उपाध्यक्ष, प्रमुख र उपप्रमुख ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै प्रदेशमा प्रदेश सभाको सदस्य, अध्यक्ष, उपाध्यक्ष, प्रमुख वा उपप्रमुखको निर्वाचन हुन नसकेको वा अन्य कुनै कारणले पद रिक्त भएको कारणले मात्र निर्वाचक मण्डल गठन हुन बाधा पुग्ने छैन ।

(३) उपदफा (१) बमोजिमको निर्वाचक मण्डलमा रहने सदस्यको मतभार अनुसूची-२ बमोजिम हुनेछ ।

५१. बढी मत प्राप्त गर्ने निर्वाचित हुनेः दफा ४९ मा जुनसुकै कुरा लेखिएको भए तापनि संविधानको धारा ८६ को उपधारा (३) बमोजिम कायम भएको पदावधि समाप्त भई कुनै समूहको एक जना सदस्यको लागि मात्र निर्वाचन गर्नु पर्ने अवस्थामा वा त्यस खण्ड बमोजिम निर्वाचित कुनै सदस्यको पद जुनसुकै कारणले रिक्त भई उपनिर्वाचन गर्नुपर्ने अवस्थामा निर्वाचक मण्डलमा रहने सदस्यको एक व्यक्ति एक मतको आधारमा दफा ५० को उपदफा (३) को अधीनमा रही सबै भन्दा बढी मत प्राप्त गर्ने व्यक्ति निर्वाचित हुनेछ ।

## परिच्छेद -४

## प्रदेश सभा सदस्य निर्वाचन

५२. निर्वाचन प्रणाली : प्रदेश सभा सदस्यको निर्वाचनको लागि देहायको निर्वाचन प्रणाली अपनाइनेछ :-

(क) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली,

(ख) समानुपातिक निर्वाचन प्रणाली ।

५३. पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली : पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत एक निर्वाचन क्षेत्र एक पदको आधारमा सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार प्रदेश सभा सदस्यमा निर्वाचित हुनेछ ।

५४. समानुपातिक निर्वाचन प्रणाली : समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत प्रत्येक प्रदेशको सम्पूर्ण क्षेत्रलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने र प्रत्येक राजनीतिक दलले प्राप्त गरेको कूल मत सङ्ख्याको अनुपातमा त्यस्तो दलको तर्फबाट प्रतिनिधित्व गर्ने उम्मेदवार प्रदेश सभा सदस्यमा निर्वाचित हुनेछन् ।

## परिच्छेद -५

## <u>स्थानीय तहका सदस्यको निर्वाचन</u>

५५. <u>स्थानीय तहका सदस्यको निर्वाचन</u> : (१) आयोगले अध्यक्ष, उपाध्यक्ष, प्रमुख, उपप्रमुख वा वडा अध्यक्ष वा वडा समितिमा रहने महिला सदस्य, दलित महिला सदस्य र अन्य दुई जना सदस्यको निर्वाचन एक व्यक्ति एक मतको आधारमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अपनाइ गराउनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै वडामा दलितको बसोबास नभएको कारणबाट दलित महिला उम्मेदवार हुन नसकेको अवस्थामा सोही वडामा बसोबास गर्ने अल्पसङ्ख्यक समुदायको महिला उम्मेदवार हुन सक्नेछ ।

(३) आयोगले गाउँ कार्यपालिकाको महिला सदस्यको निर्वाचन गर्दा निर्वाचन गर्नुपर्ने चार जना महिलालाई दिइने एक-एक मतको आधारमा सबै भन्दा बढी मत प्राप्त गर्ने चार जना महिला र नगर कार्यपालिकाको महिला सदस्यको निर्वाचन गर्दा निर्वाचन गर्नुपर्ने पाँच जना महिलालाई दिइने एक-एक मतको आधारमा सबै भन्दा बढी मत प्राप्त गर्ने पाँच जना महिला निर्वाचित हुने गरी निर्वाचन गराउनु पर्नेछ ।

(४) आयोगले गाउँ कार्यपालिकाको दलित वा अल्पसङ्ख्यक समुदायबाट हुने सदस्यको निर्वाचन गराउदा निर्वाचन गर्नुपर्ने दुई जनालाई दिइने एक-एक मतको आधारमा सबै भन्दा बढी मत प्राप्त गर्ने दुई जना र नगर कार्यपालिकाका दलित वा अल्पसङ्ख्यक समुदायबाट हुने सदस्यको निर्वाचन गराउदा निर्वाचन गर्नुपर्ने तीन जनालाई दिइने एक-एक मतको आधारमा सबै भन्दा बढी मत प्राप्त गर्ने तीन जना निर्वाचित हुने गरी निर्वाचन गराउनु पर्नेछ ।

५६. <u>निर्वाचक मण्डल</u> : गाउँ कार्यपालिका र नगर कार्यपालिकाको महिला सदस्य र दलित वा अल्पसङ्ख्यक सदस्यको निर्वाचनको प्रयोजनको लागि सम्बन्धित गाउँसभा वा नगरसभाका सदस्य मतदाता रहेको निर्वाचक मण्डल हुनेछ ।

# भाग -४

# <u>निर्वाचन सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था</u>

## परिच्छेद -१

## <u>निर्वाचन हुने दिन</u>

५७. <u>निर्वाचन हुने दिन</u> : (१) देहायका पदको निर्वाचन देहायको दिनमा हुनेछः-

(क) राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचन निजको पदावधि समाप्त हुनुभन्दा तीन दिन अघि,

(ख) प्रतिनिधि सभाका सदस्य वा प्रदेश सभाका सदस्यको निर्वाचन त्यस्तो सभाको अन्तिम निर्वाचन परिणाम घोषणा भएको चार वर्ष एघार महिना पछिको पहिलो आइतबार,

(ग) राष्ट्रिय सभा सदस्यको निर्वाचन कार्यकाल समाप्त हुने एक महिना अघिको पहिलो आइतबार,

(घ) स्थानीय तहका प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र वडा सदस्यको निर्वाचन निर्वाचन परिणाम घोषणा भएको चार वर्ष एघार महिना पछिको पहिलो आइतबार,

(ङ) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाका सदस्यको निर्वाचन स्थानीय तहको निर्वाचन परिणाम घोषणा भएको पन्ध्र दिन भित्र सम्पन्न हुने गरी सम्बन्धित निर्वाचन अधिकृतले तोकेको दिन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा देहाय बमोजिम निर्वाचन हुनेछः-

(क) संविधानको धारा ७६ को उपधारा (७) बमोजिम प्रतिनिधिसभा विघटन भएकोमा राष्ट्रपतिले तोकेको दिन,

(ख) संविधानको धारा १६८ को उपधारा (७) बमोजिम प्रदेश सभा विघटन भएकोमा प्रदेश प्रमुखले तोकेको दिन,

(३) उपदफा (१) बमोजिम कुनै निर्वाचन हुनुपर्ने दिन कुनै विपद्को कारणले निर्वाचन हुन नसक्ने भएमा आयोगले नेपाल सरकारसँग परामर्श गरी त्यस्तो निर्वाचन हुने अर्को दिन तोक्नेछ ।

(४) उपदफा (२) को खण्ड (क) वा (ख) बमोजिम राष्ट्रपति वा प्रदेश प्रमुखले निर्वाचनको मिति तोक्दा आयोगसँग परामर्श गर्नु पर्नेछ र त्यसरी निर्वाचन तोकेको दिन कुनै विपद्को कारणबाट निर्वाचन हुन नसक्ने भएमा राष्ट्रपति वा प्रदेश प्रमुखले प्रधानमन्त्री वा सम्बन्धित मुख्यमन्त्रीमार्फत आयोगसँग परामर्श गरी निर्वाचन हुने अर्को दिन तोक्नेछ ।

(५) उपदफा (१) वा (२) बमोजिम निर्वाचन गर्दा सम्बन्धित तह वा पदको निर्वाचन एकै दिन हुने गरी गर्नु पर्नेछ ।

(६) आयोगले उपदफा (१) वा (२) बमोजिम निर्वाचन हुने दिनको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

५८. <u>निर्वाचन कार्यक्रमको सूचना</u> : (१) दफा ५७ को उपदफा (१) को खण्ड (क), (ख), (ग) वा (घ) बमोजिमको निर्वाचनको लागि आयोगले (ङ) बमोजिमको निर्वाचनको लागि सम्बन्धित निर्वाचन अधिकृतले निर्वाचन कार्यक्रम तयार गरी त्यस्तो कार्यक्रमको सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) दफा ५७ को उपदफा (२) बमोजिम निर्वाचन मिति तोकिएको अवस्थामा त्यसरी तोकेको पन्ध्र दिनभित्र आयोगले निर्वाचन कार्यक्रमको सूचना प्रकाशन गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम प्रकाशन भएको निर्वाचन कार्यक्रममा उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने, मनोनयनपत्र दर्ता गर्ने उम्मेदवारको सूची प्रकाशन गर्ने, मनोनयनपत्रको विरोधमा उजुरी दिने, मनोनयनपत्र जाँच गर्ने, मनोनयन भएको उम्मेदवारको नामावली प्रकाशन गर्ने, उम्मेदवारले नाम फिर्ता लिने, उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने, उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने र मतदान गर्ने मिति, समय र स्थान उल्लेख गर्नु पर्नेछ ।

तर राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचनमा निर्वाचन चिन्ह प्रदान गर्ने कार्यक्रम उल्लेख गर्नु पर्ने छैन ।

(४) उपदफा (१) वा (२) बमोजिम आयोगले निर्वाचन कार्यक्रम प्रकाशन गर्नु अघि राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचन बाहेक अन्य निर्वाचन प्रयोजनको लागि दल दर्ता गर्ने मिति, समय र स्थान खुलाई सूचना प्रकाशन गर्नु पर्नेछ ।

तर कुनै आवधिक निर्वाचन प्रयोजनको लागि आयोगमा दर्ता भई निर्वाचनमा भाग लिएका राजनीतिक दलले सोही कार्यकाल भित्र हुने उपनिर्वाचन प्रयोजनको लागि पुनः दल दर्ता गर्नु पर्ने छैन ।

(५) उपदफा (१) बमोजिमको निर्वाचन कार्यक्रममा प्रतिनिधि सभा वा प्रदेश सभा सदस्यको समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनको लागि उम्मेदवारको बन्दसूची आयोगमा पेश गर्ने,

त्यस उपर दाबी विरोध गर्ने र उम्मेदवारको अन्तिम बन्दसूची प्रकाशन गर्ने कार्यक्रम समेत समावेश गर्नु पर्नेछ ।

(६) निर्वाचन कार्यक्रमको सूचना सम्बन्धित निर्वाचन अधिकृतले निर्वाचन अधिकृतको कार्यालयमा समेत प्रकाशन गर्नु पर्नेछ ।

(७) आयोगले उपदफा (३) बमोजिमको निर्वाचन कार्यक्रममा निर्वाचन प्रचार-प्रसारको लागि बढीमा देहाय बमोजिमको अवधि रहने गरी तोक्नु पर्नेछ :-

(क) राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचनको लागि सात दिन,

(ख) प्रतिनिधि सभा सदस्यको निर्वाचनको लागि पन्ध्र दिन,

(ग) प्रदेश सभा सदस्यको निर्वाचनको लागि पन्ध्र दिन,

(घ) राष्ट्रिय सभा सदस्यको निर्वाचनको लागि सात दिन,

(ङ) स्थानीय तहका सदस्यको निर्वाचनको लागि पन्ध्र दिन ।

(८) राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचन भए उम्मेदवारको अन्तिम नामावली प्रकाशन भए पछि र अन्य निर्वाचन भए निर्वाचन चिन्ह प्रदान गरे पछि मतदान हुने दिन उपदफा (७) बमोजिमको अवधि भन्दा बढी हुने भएमा आयोगले तोकेको अवधिसम्म निर्वाचन प्रचार प्रसार गर्न नपाउने गरी आयोगले अवधि तोक्न सक्नेछ ।

(९) यस दफा बमोजिम आयोगले तयार गरेको निर्वाचन कार्यक्रम सम्बन्धी सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

५९. निर्वाचन अवधि : (१) यस ऐन बमोजिम निर्वाचन हुने मिति भन्दा नब्बे दिन अगाडिदेखि निर्वाचनको अन्तिम परिणाम सार्वजनिक नभएसम्मको अवधिलाई निर्वाचन अवधि मानिने छ ।

तर दफा ५७ को उपदफा (२) बमोजिम निर्वाचन मिति घोषणा भएमा त्यसरी निर्वाचन घोषणा भएको मितिदेखि निर्वाचनको अन्तिम परिणाम सार्वजनिक नभएसम्म आयोगले तोकेको नब्बे दिनको अवधिलाई निर्वाचन अवधि मानिनेछ ।

६०. मौन अवधि : (१) यस ऐन बमोजिम मतदान हुने दिनभन्दा चौबिस घण्टा अघिदेखि मतदानको काम पूरा नभएसम्मको अवधिलाई मौन अवधि मानिनेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिमा कुनै उम्मेदवार वा राजनीतिक दलको पक्ष वा विपक्षमा मतदान गर्ने वा नगर्ने उद्देश्यले कुनै सभा बोलाउन वा आयोजना गर्न, जुलुस निकाल्न वा प्रदर्शन गर्न वा नाराबाजी गर्न, कुनै प्रकारको अन्तरक्रिया, गोष्ठी वा सेमिनार गर्न, सामाजिक सञ्जाल, अनलाईन, छापा वा अन्य कुनै माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना वा प्रचार प्रसारका सामग्री पोष्ट वा शेयर गर्न वा गराउन वा अन्य कुनै पनि प्रकारले प्रचार-प्रसार गर्न वा गराउन हुँदैन ।

## परिच्छेद-२

## निर्वाचन अधिकृत, मतदान अधिकृत र अन्य कर्मचारी

६१. निर्वाचन अधिकृतको नियुक्ति : (१) आयोगले देहायको निर्वाचनको लागि देहायका पदाधिकारीलाई निर्वाचन अधिकृत नियुक्त गर्नेछ :-

(क) राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचनको लागि न्याय सेवा आयोगको परामर्शमा नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृत,

(ख) राष्ट्रिय सभा सदस्य निर्वाचनको लागि न्याय सेवा आयोगको परामर्शमा प्रत्येक प्रदेशमा एक जना नेपाल न्याय सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत,

(ग) प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्यको समानुपातिक निर्वाचनको लागि सचिव,

(घ) प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्यको पहिलो हुने निर्वाचित हुने निर्वाचनको लागि प्रत्येक निर्वाचन क्षेत्रमा न्याय सेवा आयोगको परामर्शमा नेपाल न्याय सेवाका राजपत्राङ्कित प्रथम वा द्वितीय श्रेणीको अधिकृत,

(ङ) महानगरपालिका वा उपमहानगरपालिकाको सदस्यको निर्वाचनको लागि न्याय सेवा आयोगको परामर्शमा नेपाल न्याय सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत वा संघीय निजामती सेवा वा प्रदेश निजामती सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत ।

(च) खण्ड (ङ) बाहेकका स्थानीय तहका सदस्यको निर्वाचनको लागि न्याय सेवा आयोगको परामर्शमा नेपाल न्याय सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृत वा संघीय निजामती सेवा वा प्रदेश निजामती सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृत ।

(२) उपदफा (१) को खण्ड (घ) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको निर्वाचन एकै दिन हुने भएमा प्रतिनिधि सभा सदस्यको निर्वाचनको लागि नियुक्त भएको निर्वाचन अधिकृतलाई नै प्रदेश सभाका सम्बन्धित निर्वाचन क्षेत्रको निर्वाचन अधिकृतको रुपमा समेत काम गर्ने गरी आयोगले तोक्नु पर्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै जिल्लामा एक स्थानीय तहमा मात्र अध्यक्ष, उपाध्यक्ष, प्रमुख, उपप्रमुख वा वडाअध्यक्ष पदको उपनिर्वाचन गर्नुपर्ने भएमा त्यस्तो उपनिर्वाचनको प्रयोजनको लागि सम्बन्धित जिल्लाको निर्वाचन अधिकारीलाई निर्वाचन अधिकृतको रुपमा नियुक्त गर्न सकिनेछ ।

(४) यस दफा बमोजिम नियुक्त भएको निर्वाचन अधिकृतले निर्वाचन सम्बन्धी कार्यसम्पादनमा गम्भीर त्रुटि वा लापरवाही गरी निर्वाचनको स्वच्छता, स्वतन्त्रता र विश्वसनीयतामा प्रतिकूल असर पर्ने कार्य गरेमा आयोगले त्यस्तो निर्वाचन अधिकृतलाई जुनसुकै बखत फिर्ता गरी अर्को निर्वाचन अधिकृत नियुक्त गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम अर्को निर्वाचन अधिकृत नियुक्त भएकोमा निजले निर्वाचन अधिकृतले गर्नुपर्ने बाँकी कार्य पूरा गर्नु पर्नेछ ।

६२. <u>निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकार</u> : (१) आयोगको निर्देशनको अधीनमा रही यो ऐन र अन्य प्रचलित कानून बमोजिम स्वच्छ, स्वतन्त्र र विश्वसनीय रुपमा निर्वाचन सम्पन्न गर्न आवश्यक काम कारबाही गर्नु वा गराउनु निर्वाचन अधिकृतको कर्तव्य हुनेछ ।

(२) निर्वाचन अधिकृतले निर्वाचनको काम गर्न खटाएको कर्मचारीलाई आवश्यकता अनुसार आफ्नो अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनयनपत्र सदर वा बदर गर्ने, मतपत्र सदर वा बदर गर्ने तथा मतगणनाको अन्तिम परिणाम घोषणा गर्ने अधिकार प्रत्यायोजन गर्न सकिने छैन ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित मतदान केन्द्र वा आयोगले तोकेको स्थानमा मतगणनाको व्यवस्था गरिएको अवस्थामा त्यस प्रयोजनको लागि नियुक्त गरिएको मतगणना अधिकृतले मतपत्र सदर वा बदरको निर्णय गर्नेछ ।

(५) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त निर्वाचन अधिकृतको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

६३. <u>सहायक निर्वाचन अधिकृत र अन्य कर्मचारीको नियुक्ति</u> : (१) निर्वाचन अधिकृतले निर्वाचन अधिकृतको कार्यालयको लागि आयोगले तोके बमोजिम सहायक निर्वाचन अधिकृत र अन्य कर्मचारी नियुक्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सहायक निर्वाचन अधिकृत र अन्य कर्मचारी नियुक्त गर्दा सम्बन्धित जिल्लामा कार्यरत नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका कर्मचारीलाई नियुक्त गर्नु पर्नेछ ।

(३) निर्वाचन अधिकृतको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा रही निर्वाचन सम्बन्धी काम गर्नु सहायक निर्वाचन अधिकृत र अन्य कर्मचारीको कर्तव्य हुनेछ ।

६४. <u>मतदान अधिकृत, सहायक मतदान अधिकृत र अन्य कर्मचारीको नियुक्ति</u> : (१) निर्वाचन अधिकृतले प्रत्येक मतदान केन्द्रमा एक जना मतदान अधिकृत, एक जना सहायक मतदान अधिकृत तथा आयोगले तोके बमोजिम अन्य कर्मचारी नियुक्ति गरी खटाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदान अधिकृत, सहायक मतदान अधिकृत वा अन्य कर्मचारी खटाउँदा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका कर्मचारीलाई खटाउनु पर्नेछ ।

तर नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका कर्मचारी खटाउँदा मतदान गराउन कर्मचारी पर्याप्त नहुने भएमा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकार वा प्रदेश सरकारको अनुदानमा सञ्चालित संस्थाका कर्मचारी वा आवश्यकता अनुसार विश्वविद्यालय वा सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारी समेत खटाउन सकिनेछ ।

(३) उपदफा (१) बमोजिम नियुक्त मतदान अधिकृत र सहायक मतदान अधिकृतले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम वा जारी भएको आदेश बमोजिम मतदान सम्बन्धी सम्पूर्ण काम गर्नु वा गराउनु पर्नेछ ।

(४) यस दफा बमोजिम नियुक्त भएको मतदान अधिकृत, सहायक मतदान अधिकृत वा अन्य कर्मचारीको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-३

## <u>उम्मेदवार तथा मनोनयनपत्र</u>

६५. <u>उम्मेदवारको योग्यता</u> : देहायको योग्यता पूरा गरेको नेपाली नागरिक देहायको पदको निर्वाचनमा उम्मेदवार हुन सक्नेछ :-

(क) राष्ट्रपति वा उपराष्ट्रपतिको पदको निर्वाचनमा उम्मेदवार हुन संविधानको धारा २८९ बमोजिम वंशजको आधारमा नागरिकता प्राप्त गरेको र पैंतालिस वर्ष उमेर पूरा भएको,

(ख) प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्यको पदको निर्वाचनमा उम्मेदवार हुन पच्चीस वर्ष उमेर पूरा भएको,

(ग) राष्ट्रिय सभा सदस्यको पदको निर्वाचनमा उम्मेदवार हुन पैंतीस वर्ष उमेर पूरा भएको,

(घ) स्थानीय तहको सदस्यको पदको निर्वाचनमा उम्मेदवार हुन एक्काइस वर्ष उमेर पूरा भएको,

(ङ) राष्ट्रपति वा उपराष्ट्रपति वा प्रतिनिधि सभा सदस्य निर्वाचनमा उम्मेदवार हुन कुनै स्थानीय तहको मतदाता नामावलीमा नाम समावेश भएको,

(च) राष्ट्रिय सभा सदस्य वा प्रदेश सभा सदस्यको निर्वाचनमा उम्मेदवार हुन सम्बन्धित प्रदेश भित्रको कुनै स्थानीय तहको मतदाता नामावलीमा नाम समावेश भएको,

(छ) अध्यक्ष, उपाध्यक्ष, प्रमुख, उपप्रमुख वा गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको सदस्य पदको निर्वाचनमा उम्मेदवार हुन सम्बन्धित स्थानीय तहको मतदाता नामावलीमा नाम समावेश भएको,

(ज) वडाध्यक्ष वा वडा सदस्यको निर्वाचनमा उम्मेदवार हुन सम्बन्धित वडाको मतदाता नामावलीमा नाम समावेश भएको,

(झ) दफा ६६ बमोजिम अयोग्य नभएको,

(ञ) कुनै लाभको पदमा बहाल नरहेको ।

स्पष्टीकरण : यस खण्डको प्रयोजनको लागि "लाभको पद" भन्नाले निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनीतिक पद बाहेक कुनै सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने अन्य कुनै पद सम्झनु पर्छ ।

६६. उम्मेदवारको अयोग्यता : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको व्यक्ति निर्वाचनमा उम्मेदवार हुन अयोग्य मानिनेछ :-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहमा तथा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक वा अन्य कुनै आर्थिक सुविधा पाउने गरी कार्यरत रहेको,

(ख) निर्वाचन सम्बन्धी प्रचलित कानून बमोजिम सजाय पाई सजाय भुक्तान गरेको मितिले दुई वर्ष पूरा नगरेको,

(ग) भ्रष्टाचार सम्बन्धी कसुरमा मुद्दा दायर भएको वा शुरु अदालतबाट भ्रष्टाचार ठहर भई पुनरावेदनको रोहमा मुद्दा विचाराधिन रहेको वा भ्रष्टाचार ठहर भई अन्तिम भएको,

(घ) जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, ठगी, किर्ते, अपहरण वा शरीर बन्धक, व्यक्ति बेपत्ता पार्नेसम्बन्धी कसूर, यातना, क्रुर तथा अमानवीय तरिकाले वा नियन्त्रणमा लिई ज्यान मारेको, जाति हत्या, विष्फोटक पदार्थ वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा कसूरदार ठहर भएको,

(ङ) कुनै कसूरमा जन्म कैद वा बीस वर्ष वा सोभन्दा बढी कैदको सजाय पाएको,

(च) जातीय तथा अन्य सामाजिक भेदभाव तथा छुवाछूत, बोक्सा बोक्सी, बहुविवाह, जालसाजी वा सङ्गठित अपराध सम्बन्धी कसूरमा कैदको सजाय पाई वा कर्तव्य ज्यान सम्बन्धी कसूरमा बीस वर्षभन्दा कम कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले छ वर्ष पूरा नभएको,

(छ) खण्ड (ग), (घ) वा (ङ) मा उल्लिखित कसूर बाहेक अन्य कसूरमा पाँच वर्ष वा सोभन्दा बढी बीस वर्ष भन्दा कम कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले छ वर्ष पूरा नभएको,

(ज) प्रचलित कानून बमोजिम कालो सूचीमा रहेकोमा त्यस्तो सूचीमा रहने अवधि पूरा नभएको,

(झ) प्रचलित कानून बमोजिम कुनै कम्पनी वा संस्था कालो सूचीमा रहेकोमा त्यस्तो सूची कायम रहँदाका बखत त्यस्तो कम्पनी वा संस्थाको सञ्चालक, पदाधिकारी वा प्रमुख कार्यकारी अधिकृतको पदमा बहाल रहेको,

(ञ) कुनै सहकारी संस्थाको सञ्चालक पदमा रही प्रचलित कानून विपरीत आर्थिक हिनामिना गरी त्यस्तो सहकारी संस्थालाई हानि नोक्सानी पुऱ्याएको,

(ट) कुनै अदालत, न्यायिक वा अर्धन्यायिक निकायको फैसलाबाट ठहर भएको कैद वा जरिबाना असूल उपर हुन बाँकी भएको वा तिर्नु बुझाउनु पर्ने क्षतिपूर्ति नतिरेको,

(ठ) अन्तिम लेखा परीक्षणबाट रकम असूल गर्नु पर्ने गरी व्यक्तिगत रुपमा बेरुजु कायम भएकोमा त्यस्तो रकम नबुझाएको,

(ड) प्रचलित कानून बमोजिम भुक्तानी गर्नुपर्ने कर भुक्तानी नगरेको,

(ढ) कुनै स्थानीय तह सदस्यको निर्वाचन भए त्यस्तो स्थानीय तह अन्तर्गतको कुनै ठेक्कामा संलग्न भई मनोनयनपत्र दाखिला गर्नुपर्ने अघिल्लो दिनसम्म पूरा गरिसक्नु पर्ने काम पूरा नगरेको,

(ण) कैदमा रहेको,

(त) प्रचलित कानून बमोजिम पक्राउ पुर्जी जारी भएकोमा पक्राउ हुन नसकी फरार रहेको वा अदालतले थुनामा राख्ने गरी आदेश दिएकोमा त्यस्तो आदेश कायम रही थुनामा नबसेको,

(थ) होस ठेगानमा नरहेको,

(द) संविधानको धारा २९१ बमोजिम अयोग्य भएको,

(ध) अन्य कानूनले अयोग्य भएको।

६७. <u>उम्मेदवार हुन नपाउने:</u> (१) सङ्घीय संसद, प्रदेश सभा वा स्थानीय तहको सदस्य पदमा उम्मेदवार भई पराजित भएको व्यक्ति त्यस्तो पदको कार्यकाल पूरा नभएसम्म कुनै पनि तहको निर्वाचनमा उम्मेदवार हुन सक्ने छैन ।

तर,

(क) त्यस्तो व्यक्ति सोही निर्वाचन क्षेत्र वा तहमा हुने सोही पदको उपनिर्वाचनमा उम्मेदवार हुन सक्नेछ ।

(ख) प्रतिनिधि सभा वा प्रदेश सभा सदस्यको समानुपातिक निर्वाचन प्रणालीको बन्दसूचीमा नाम समावेश भई निर्वाचित हुन नसकेको व्यक्तिको हकमा यो व्यवस्था लागू हुने छैन ।

(२) प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्यमा समानुपातिक निर्वाचन प्रणालीबाट दुई पटक निर्वाचित भईसकेको व्यक्ति सोही निर्वाचन प्रणालीबमोजिम हुने निर्वाचनमा उम्मेदवार हुन सक्ने छैन ।

(३) स्थानीय तहको सदस्य पदमा बहाल रहेको व्यक्तिले त्यस्तो पदबाट राजीनामा नदिई स्थानीय तहको कुनै पनि पदमा उम्मेदवार हुन सक्ने छैन ।

तर गाउँ सभा वा नगर सभाको सदस्य पदमा बहाल रहेको व्यक्ति गाउँ कार्यपालिका वा नगर कार्यपालिका वा जिल्ला समन्वय समितिको निर्वाचनमा उम्मेदवार हुन यो उपदफाको व्यवस्थाले बाधा पारेको मानिने छैन ।

(४) यस ऐन बमोजिम निर्वाचन खर्चको विवरण पेश गर्नु पर्ने दायित्व भएको व्यक्तिले निर्धारित समय भित्र त्यस्तो विवरण नबुझाएमा त्यस्तो व्यक्ति छ वर्षसम्म यस ऐन बमोजिम हुने निर्वाचनमा उम्मेदवार हुन सक्ने छैन ।

(५) उपदफा (४) बमोजिम उम्मेदवार हुन नपाउने व्यक्तिको विवरण आयोगले आफ्नो वेबसाइटमा प्रकाशन गर्नेछ ।

(६) कुनै एक राजनीतिक दलको सदस्य रहेको व्यक्ति त्यस्तो दलको सदस्य पद त्याग नगरी अर्को राजनीतिक दलको तर्फबाट उम्मेदवार हुन सक्ने छैन ।

(७) अध्यक्षको पदमा दुई कार्यकालको लागि निर्वाचित भएको व्यक्ति भए गाउँपालिकाको कुनै पनि निर्वाचनमा उम्मेदवार हुन र प्रमुखको पदमा दुई कार्यकाल निर्वाचित भएको व्यक्ति भए नगरपालिकाको कुनै पनि निर्वाचनमा उम्मेदवार हुन सक्ने छैन।

(८) दफा २०५ को उपदफा (३) बमोजिम निर्वाचन रद्द भएको अवस्थामा त्यस्तो निर्वाचनमा उम्मेदवार कायम रहेका सम्बन्धित पदका सम्पूर्ण उम्मेदवार सोही निर्वाचनमा पुनः उम्मेदवार हुन सक्ने छैनन्।

६८. <u>पदमुक्त भएको मानिने:</u> प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्य पदमा बहाल रहेको व्यक्ति सोही पदको लागि हुने निर्वाचनमा उम्मेदवार भएमा मनोनयन पत्र दर्ता भएपछि स्वतः त्यस्तो पदबाट पदमुक्त भएको मानिनेछ ।

६९. <u>उम्मेदवारको उमेरको गणना</u> : (१) निर्वाचनमा उम्मेदवार हुने व्यक्तिको उमेर गणना गर्दा उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने वा बन्दसूची पेश गर्ने दिन सम्म हुने उमेरको आधारमा गणना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम उमेर गणना गर्दा सम्बन्धित व्यक्तिको पहिचान खुल्ने कागजातमा अलग अलग जन्ममिति उल्लेख भएकोमा नागरिकता प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्रमा उल्लेखित जन्ममितिको आधारमा गणना गर्नु पर्नेछ ।

७०. <u>दोहोरो उम्मेदवार हुन नसक्ने</u> : (१) प्रतिनिधिसभा सदस्य वा प्रदेशसभा सदस्यको लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुसार हुने निर्वाचनमा एक व्यक्तिले एक पटकमा कुनै एक निर्वाचन क्षेत्रका लागि मात्र उम्मेदवारी दिन सक्नेछ ।

(२) प्रतिनिधिसभा सदस्य वा प्रदेश सभा सदस्यको लागि समानुपातिक निर्वाचन प्रणाली तर्फको बन्दसूचीमा नाम समावेश भएको व्यक्ति पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ उम्मेदवार हुन सक्ने छैन र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ उम्मेदवार भएको व्यक्तिको नाम समानुपातिक निर्वाचन प्रणाली तर्फको बन्दसूचीमा समावेश गर्न सकिने छैन ।

(३) प्रतिनिधिसभा सदस्य वा प्रदेश सभा सदस्यको लागि समानुपातिक निर्वाचन प्रणाली तर्फ एउटै व्यक्तिको नाम एकभन्दा बढी राजनीतिक दलको बन्दसूचीमा समावेश गर्न सकिने छैन र एउटै

व्यक्तिको नाम एक भन्दा बढी राजनीतिक दलको बन्दसूचीमा समावेश भएको देखिएमा आयोगले त्यस्तो व्यक्तिको नाम सबै बन्दसूचीबाट हटाउनेछ ।

(४) प्रतिनिधि सभा वा प्रदेश सभा सदस्यको निर्वाचन एकै दिन हुने गरी निर्धारण भएको वा दिन तोकेको अवस्थामा कुनै व्यक्तिको नाम प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणाली तर्फको बन्दसूचीमा समावेश भएको देखिएमा आयोगले दुवै बन्दसूचीबाट त्यस्तो व्यक्तिको नाम हटाउनेछ ।

(५) प्रतिनिधि सभा वा प्रदेश सभा सदस्यको निर्वाचन एकै दिन हुने गरी निर्धारण भएको वा दिन तोकेको अवस्थामा प्रतिनिधि सभा वा प्रदेश सभा सदस्य निर्वाचनको समानुपातिक निर्वाचन प्रणाली तर्फको बन्दसूचीमा नाम समावेश भएको व्यक्तिले प्रतिनिधि सभा वा प्रदेश सभा सदस्यको निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचनप्रणाली तर्फ उम्मेदवारी दिन सक्ने छैन ।

(६) प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्यको निर्वाचन एकै दिनमा हुने गरी निर्धारण भएको वा दिन तोकेको अवस्थामा कुनै व्यक्तिले प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यको निर्वाचनमा दुवै तर्फ उम्मेदवारी दिन सक्ने छैन र त्यसरी उम्मेदवारी दिएको देखिएमा दुवै उम्मेदवारी रद्द हुनेछ ।

७१. <u>उम्मेदवारको अयोग्यताको निर्णय</u> : (१) कुनै निर्वाचनका लागि उम्मेदवारी दिएको कुनै व्यक्ति त्यस्तो निर्वाचनमा उम्मेदवार हुन अयोग्य रहेको वा हुन गएको छ भन्ने लागेमा त्यस्तो विषयमा आवश्यक प्रमाण सहित त्यस्तो निर्वाचनमा उम्मेदवार भएका अन्य व्यक्ति वा निजको प्रतिनिधिले दफा ७९ बमोजिम दावी विरोध गर्दाका बखत सम्बन्धित निर्वाचन अधिकृत समक्ष उजुरी दिन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ८४ बमोजिम उम्मेदवारको अन्तिम नामावली प्रकाशन हुनु अघिसम्म उम्मेदवारी दिएको कुनै व्यक्ति त्यस्तो निर्वाचनमा उम्मेदवार हुन अयोग्य रहेको वा हुन गएको छ भन्ने लागेमा कुनै पनि नेपाली नागरिकले आवश्यक प्रमाणसहित सम्बन्धित निर्वाचन अधिकृत समक्ष उजुरी दिन सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिमको उजुरी परेमा निर्वाचन अधिकृतले सम्बन्धित उम्मेदवारलाई कम्तीमा चौबीस घण्टाको समय दिई उजुरीका सम्बन्धमा स्पष्टिकरण पेश गर्न सूचना दिनेछ ।

(४) उपदफा (३) बमोजिम सूचना प्राप्त भएमा सम्बन्धित व्यक्तिले सोही अवधिभित्र आवश्यक प्रमाण सहित निर्वाचन अधिकृत समक्ष स्पष्टीकरण पेश गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम स्पष्टीकरण प्राप्त भएमा वा स्पष्टीकरण पेश गर्ने समय व्यतित भएपछि उपलब्ध प्रमाणको आधारमा निर्वाचन अधिकृतले निजको अयोग्यता सम्बन्धमा निर्णय गर्नेछ ।

(६) कुनै निर्वाचनका लागि उम्मेदवारको अन्तिम नामावली प्रकाशन भईसकेको तर निर्वाचन परिणाम घोषणा भइ नसकेको अवस्थामा कुनै उम्मेदवार अयोग्य रहेको वा हुन गएको छ भन्ने लागेमा कुनै पनि नेपाली नागरिकले आवश्यक प्रमाण सहित निर्वाचन अधिकृत मार्फत निर्वाचन आयोगमा उजुरी दिन सक्नेछ ।

(७) उपदफा (६) बमोजिम उजुरी परेकोमा निर्वाचन अधिकृतले त्यस्तो उम्मेदवारलाई तीन दिनभित्र त्यस सम्बन्धमा स्पष्टीकरण पेश गर्न सूचना दिनु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम सूचना प्राप्त भएमा सम्बन्धित उम्मेदवारले त्यस सम्बन्धमा आवश्यक प्रमाण सहित आफ्नो स्पष्टीकरण पेश गर्नु पर्नेछ ।

(९) उपदफा (८) बमोजिम स्पष्टीकरण पेश भएमा वा स्पष्टीकरण प्राप्त नभएपनि पेश गर्ने समय व्यतित भएपछि निर्वाचन अधिकृतले उपदफा (६) बमोजिम परेको उजुरी र त्यस सम्बन्धी कागजात तथा प्रमाण सहित अविलम्ब आयोगमा पठाउनु पर्नेछ ।

(१०) उपदफा (९) बमोजिम उजुरी र कागजात प्राप्त भएको चौबीस घण्टाभित्र आयोगले आवश्यक अध्ययन र जाँचबुझ गर्नेछ र यसरी अध्ययन र जाँचबुझ गर्दा त्यस विषयमा सम्बन्धित उम्मेदवारबाट वा अन्य कुनै निकाय वा अधिकारीबाट थप प्रमाण बुझ्न आवश्यक देखिएमा आयोगले सम्बन्धित उम्मेदवार वा निकाय वा अधिकारीलाई तीन दिनको समय दिई आवश्यक प्रमाण उपलब्ध गराउन सूचना दिनेछ ।

(११) उपदफा (१०) बमोजिम सूचना प्राप्त भएपछि सम्बन्धित उम्मेदवार वा निकाय वा अधिकारीले आयोगको सूचना बमोजिमको प्रमाण आयोगमा उपलब्ध गराउनु पर्नेछ ।

(१२) उपदफा (९) बमोजिम प्राप्त कागजात र उपदफा (११) बमोजिम प्रमाण उपलब्ध भएको भए त्यस्तो प्रमाण समेत अध्ययन र जाँचबुझ गरी आयोगले निर्वाचनको लागि मतदान प्रारम्भ हुनु भन्दा कम्तीमा चौबीस घण्टा अघि त्यस सम्बन्धमा निर्णय गरी सम्बन्धित निर्वाचन अधिकृतलाई सूचना दिनेछ र त्यस्तो सूचना आयोगको वेबसाइटमा समेत राख्नु पर्नेछ ।

७२. <u>उजुरी दिन सकिने</u> : (१) देहायको पदमा निर्वाचित कुनै व्यक्तिको अयोग्यता सम्बन्धमा उजुरी गर्नुपर्ने भएमा देहायको अदालतमा तोकिए बमोजिम उजुरी दिन सकिनेछ :-

(क) राष्ट्रपति वा उपराष्ट्रपति पदको हकमा सर्वोच्च अदालतमा,

(ख) सङ्घीय संसद वा प्रदेश सभा सदस्य पदको हकमा सर्वोच्च अदालतको संवैधानिक इजलासमा,

(ग) स्थानीय तहको सदस्य पदको हकमा सम्बन्धित जिल्ला अदालतमा ।

(२) उपदफा (१) बमोजिम परेको उजुरी उपर सम्बन्धित अदालतबाट कुनै पदमा निर्वाचित व्यक्ति अयोग्य ठहरेमा निज त्यस्तो पदबाट मुक्त हुनेछ ।

(३) उपदफा (२) बमोजिम पदमुक्त भएको जानकारी सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ र उपदफा (१) को खण्ड (क) वा (ख) बमोजिमको पदबाट पदमुक्त भएको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

(४) उपदफा (१) को खण्ड (क) वा (ग) बमोजिम परेको उजुरी सम्बन्धमा सम्बन्धित अदालतले संक्षिप्त कार्यविधिको अवलम्बन गर्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिमको मुद्दा छ महिनाभित्र कारवाही र किनारा गरी सक्नु पर्नेछ ।

७३. <u>उम्मेदवारको मनोनयन</u> : (१) दफा ६५ बमोजिम योग्यता पुगेको नेपाली नागरिक निर्वाचनमा उम्मेदवार हुन वा त्यस्तो व्यक्ति उम्मेदवारको लागि मनोनयन हुन सक्नेछ ।

(२) राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचनको लागि उम्मेदवार मनोनयन गर्दा दफा ४५ बमोजिमको निर्वाचक मण्डलमा रहेका तीन जना प्रस्तावक र तीन जना समर्थक हुनु पर्नेछ ।

(३) उपराष्ट्रपतिको निर्वाचनको लागि उम्मेदवार मनोनयन गर्दा राष्ट्रपति पदमा निर्वाचित व्यक्ति जुन लिङ्ग वा समुदायको हो सोभन्दा फरक लिङ्ग वा समुदायको व्यक्तिलाई मनोनयन गर्नु पर्नेछ ।

<u>स्पष्टीकरण</u> : यस दफाको प्रयोजनको लागि "समुदाय" भन्नाले आदिवासी जनजाति, दलित, खस आर्य, मधेसी, थारू वा मुस्लिम समुदाय सम्झनु पर्छ ।

(४) राष्ट्रपति पदको लागि उपनिर्वाचन हुने भई उम्मेदवार मनोनयन गर्दा उपराष्ट्रपति पदमा बहाल रहेको व्यक्ति जुन लिङ्ग वा समुदायको हो सोभन्दा फरक लिङ्ग वा समुदायको व्यक्तिलाई मनोनयन गर्नु पर्नेछ ।

(५) राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचन बाहेक अन्य निर्वाचनको लागि उम्मेदवार मनोनयन गर्दा देहाय बमोजिमका एक जना व्यक्ति प्रस्तावक र एक जना व्यक्ति समर्थक हुनु पर्नेछः-

(क) प्रतिनिधि सभा वा प्रदेश सभा सदस्यको निर्वाचनमा सम्बन्धित निर्वाचन क्षेत्रको मतदाता नामावलीमा नाम समावेश भएको,

(ख) राष्ट्रिय सभा सदस्यको निर्वाचनमा दफा ५० बमोजिमको निर्वाचक मण्डलमा रहेको,

(ग) अध्यक्ष, उपाध्यक्ष, प्रमुख वा उपप्रमुखको निर्वाचनमा सम्बन्धित स्थानीय तहको मतदाता नामावलीमा नाम समावेश भएको,

(घ) वडा अध्यक्ष वा वडा सदस्यको निर्वाचनमा सम्बन्धित वडाको मतदाता नामावलीमा नाम समावेश भएको,

(ङ) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाका सदस्यको निर्वाचनमा सम्बन्धित गाउँ सभा वा नगर सभाको सदस्य ।

(६) कुनै उम्मेदवारको प्रस्तावक वा समर्थक भएको व्यक्ति सोही पदको अर्को उम्मेदवारको प्रस्तावक वा समर्थक हुन सक्ने छैन।

(७) प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्य पदको लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ मनोनयनपत्र पेश गरेको वा प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्यको समानुपातिक निर्वाचन प्रणालीतर्फ कुनै दलले पेश गरेको उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको कुनै व्यक्ति सोही पदको लागि अन्य उम्मेदवारको प्रस्तावक वा समर्थक हुन सक्ने छैन।

७४. महिला उम्मेदवार :_(१) दफा ७३ बमोजिम कुनै राजनीतिक दलले देहायको पदमा उम्मेदवारी दिँदा देहाय बमोजिमको सङ्ख्यामा महिला उम्मेदवार दिनु पर्नेछ :-

(क) प्रतिनिधि सभा वा प्रदेश सभा सदस्यको लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ उम्मेदवारी दिँदा त्यस्तो दलले जति निर्वाचन क्षेत्रमा उम्मेदवारी दिने हो त्यसको कम्तीमा तेत्तीस प्रतिशत महिला उम्मेदवार,

(ख) स्थानीय तहको अध्यक्ष वा उपाध्यक्ष, प्रमुख वा उपप्रमुख मध्ये कम्तीमा एक जना महिला उम्मेदवार,

तर एउटा पदमा मात्र उम्मेदवारी दिँदा महिला उम्मेदवार दिनु पर्नेछ ।

(ग) वडा अध्यक्षको पदमा उम्मेदवारी दिँदा त्यस्तो दलले सम्बन्धित स्थानीय तहमा उम्मेदवार दिने सम्पूर्ण वडा अध्यक्ष मध्ये कम्तीमा तेत्तीस प्रतिशत महिला उम्मेदवार ।

(२) उपदफा (१) बमोजिमको सङ्ख्यामा सम्बन्धित राजनीतिक दलले महिला उम्मेदवार दिएको वा नदिएको सम्बन्धमा प्रतिनिधि सभा वा प्रदेश सभा सदस्यको निर्वाचन भए आयोगले र अन्य निर्वाचन भए सम्बन्धित निर्वाचन अधिकृतले अनुगमन गरी त्यसको निर्धारण गर्नेछ।

(३) उपदफा (१) को खण्ड (क), (ख) वा (ग) विपरीत उम्मेदवारी दिने राजनीतिक दलको सम्बन्धित खण्ड बमोजिमको सबै उम्मेदवारी रद्द हुनेछ ।

(४) निर्वाचन कार्यक्रम बमोजिम उम्मेदवार मनोनयन गर्ने दिन कुनै वडामा दलित महिला सदस्य उम्मेदवार मनोनयन नभई पद रिक्त हुने अवस्था भएमा त्यस्तो पदमा अल्पसङ्ख्यक महिला उम्मेदवार हुन सक्ने गरी निर्वाचन अधिकृतले कार्यक्रम तयार गरी प्रकाशन गर्नु पर्नेछ ।

(५) महिला उम्मेदवार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७५. मनोनयनपत्रको दर्ता तथा उद्घोषण : (१) मनोनयनपत्र दाखिला गर्ने उम्मेदवार आफै उपस्थित भई सम्बन्धित निर्वाचन अधिकृत समक्ष मनोनयनपत्र पेश गर्नुपर्नेछ ।

तर काबु बाहिरको कुनै परिस्थिति परी कुनै उम्मेदवार आफैं उपस्थित हुन नसकेको मनासिब कारण उल्लेख गरी प्रतिनिधि मुकरर गरी पठाएमा निजले मुकरर गरेको प्रतिनिधि मार्फत मनोनयनपत्र दर्ता गराउन सकिनेछ।

(२) राजनीतिक दलले खडा गरेको उम्मेदवारको सम्बन्धमा त्यस्तो राजनीतिक दलको तर्फबाट दफा ७६ बमोजिमको अधिकारीले दिएको औपचारिक पत्र मनोनयनपत्र साथ पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको रीत नपुऱ्याई कुनै उम्मेदवारको मनोनयनपत्र पेश भएकोमा त्यस्तो उम्मेदवारलाई राजनीतिक दलको उम्मेदवारको रुपमा मान्यता दिइने छैन ।

(४) यस दफा बमोजिम पेश गरिने मनोनयनपत्रमा उम्मेदवार हुने व्यक्तिले आफ्नो शैक्षिक योग्यता, अनुभव, उम्मेदवार हुनु अघि सार्वजनिक जवाफदेहीको पदमा बहाल रहेको भए सोको विवरण, हासिल गरेको महत्वपूर्ण उपलब्धि लगायत तोकिए बमोजिमको विवरण तथा आफू निर्वाचनमा उम्मेदवार हुन दफा ६५ बमोजिम योग्य रहेको र दफा ६६ बमोजिम अयोग्य नरहेको स्वघोषणा गरी निर्वाचन अधिकृतले खोजेका बखत उपस्थित हुने प्रतिबद्धता सहित आफ्नो मञ्जुरी लेखी सहीछाप गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम उम्मेदवारले मनोनयनपत्रसाथ पेश गर्ने कागजात वा विवरण वा प्रतिबद्धता तथा स्वघोषणाको जिम्मेवारी उम्मेदवार आफैले लिनु पर्नेछ।

(६) यस दफा बमोजिम पेश भएको मनोनयनपत्र सम्बन्धित निर्वाचन अधिकृतले यस ऐन बमोजिम रीतपूर्वकको भए वा नभएको जाँचबुझ गरी रीतपूर्वकको भए दर्ता गरी सोको निस्सा मनोनयनपत्र दर्ता गर्न ल्याउने व्यक्तिलाई दिनु पर्नेछ ।

(७) उम्मेदवार वा निजको प्रतिनिधिले यस ऐन बमोजिम हुनु पर्ने प्रस्तावक वा समर्थक नभएको, प्रस्तावक वा समर्थक दोहोरिएको, प्रस्तावक वा समर्थक वा उम्मेदवार हुने व्यक्ति वा निजको प्रतिनिधिको सहीछाप नभएको र यस ऐन बमोजिम राख्नुपर्ने धरौटी राखेको निस्सा नभएको वा सम्पत्ति विवरण पेश नगरेको वा अन्य रीत नपुगेको मनोनयनपत्र दर्ता गर्न ल्याएमा निर्वाचन अधिकृतले रीत नपुगेको जति कुरा सच्याउन लगाई सच्याइएको मनोनयनपत्र दर्ता गर्नुपर्नेछ र निजले सच्याउन इन्कार गरेमा सोही व्यहोरा मनोनयनपत्रमा जनाई त्यसको सूचना मनोनयनपत्र दर्ता गराउने व्यक्तिलाई दिनु पर्नेछ ।

(८) निर्वाचन अधिकृतले मनोनयनपत्र दर्ता गर्ने समय समाप्त भएपछि निर्वाचन कार्यक्रमको सूचनामा उल्लिखित मिति, समय र स्थानमा मनोनयनपत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन गर्नेछ ।

(९) मनोनयनपत्र साथ पेश गर्नुपर्ने अन्य कागजात तोकिए बमोजिम हुनेछ ।

७६. उम्मेदवारको औपचारिक पत्र प्रदान गर्ने अधिकारीः (१) राजनीतिक दलको तर्फबाट उम्मेदवार मनोनयनको औपचारिक पत्र प्रदान गर्ने अधिकार देहायको पदाधिकारी वा सदस्यलाई हुनेछः-

(क) सङ्घीय संसदको सदस्यको लागि केन्द्रीय कार्यकारिणी समितिले तोकेको त्यस्तो समितिको पदाधिकारी वा सदस्य,

(ख) प्रदेश सभाको सदस्यको लागि केन्द्रीय कार्यकारिणी समितिले तोकेको प्रदेश कार्यकारिणी समितिको पदाधिकारी वा सदस्य,

(ग) स्थानीय तहको सदस्यको लागि केन्द्रीय कार्यकारिणी समितिले तोकेको प्रदेश वा जिल्ला कार्य समितिको पदाधिकारी वा सदस्य ।

(२) उपदफा (१) बमोजिमको पदाधिकारी वा सदस्यको नाम, थर, पद र निजको दस्तखतको नमूनाको विवरण केन्द्रीय कार्यकारिणी समितिले तोकेको पदाधिकारीले प्रमाणित गरी आयोगले निर्धारण गरेको मितिमा आयोगमा उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम आयोगलाई उपलब्ध गराएको पदाधिकारी वा सदस्यको बिवरण र निजको दस्तखतको नमूना विशेष परिस्थितिमा बाहेक परिवर्तन हुन सक्ने छैन ।

स्पष्टीकरण : यस उपदफाको प्रयोजनको लागि "विशेष परिस्थिति" भन्नाले त्यस्तो पदाधिकारी वा सदस्यले सम्बन्धित दलबाट राजिनामा गरेको, निजलाई दलको विधान बमोजिम हटाईएको, निजले दल त्याग गरेको, निजको मृत्यु भएको वा निजको होस ठेगान नरहेको अवस्था सम्झनु पर्दछ ।

(४) उपदफा (२) बमोजिमको दस्तखत नमूना सहितको विवरण आयोगले मनोनयन पत्र दर्ता गर्न तोकिएको मिति भन्दा अघि नै सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा पठाईसक्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम औपचारिक पत्र प्रदान गर्न अख्तियार पाएको पदाधिकारीले सम्बन्धित राजनीतिक दलको तर्फबाट उम्मेदवार भएको व्यक्तिलाई दिएको औपचारिक पत्रको एक प्रति निर्वाचन अधिकृतलाई पठाउनु पर्नेछ ।

(६) उपदफा (१) बमोजिमको औपचारिक पत्र उपलब्ध नगराउने वा उपलब्ध गराएको औपचारिक पत्रको विवरण उपदफा (४) बमोजिम आयोगबाट प्राप्त भएको नमूना दस्तखत सहितको विवरणसँग नभिडेमा निर्वाचन अधिकृतले त्यस्तो उम्मेदवारलाई राजनीतिक दलको उम्मेदवारको रुपमा मान्यता दिने छैन ।

(७) कुनै दलले निर्वाचन गर्नुपर्ने पद सङ्ख्याभन्दा बढी औपचारिक पत्र वितरण गरी त्यस्तो दलको तर्फबाट मनोनयन पत्र दर्ता भएकोमा त्यसरी दर्ता भएको सबै मनोनयन पत्र रद्द हुनेछन् ।

७७. <u>सम्पत्ति विवरण पेश गर्ने</u> : (१) निर्वाचनमा उम्मेदवार हुने व्यक्तिले मनोनयनपत्र पेश गर्दा तोकिए बमोजिमको ढाँचामा सिलबन्दी गरी आफू र आफ्नो परिवारका सदस्यको नाममा रहेको सम्पत्ति विवरण पेश गर्नु पर्नेछ र त्यस्तो विवरण गोप्य रहनेछ।

(२) निर्वाचन अधिकृतले निर्वाचित उम्मेदवारको सम्पत्ति विवरण आयोगमा र अन्य उम्मेदवारको सम्पत्ति विवरण सम्बन्धित उम्मेदवारलाई सिलबन्दी रुपमा नै फिर्ता गर्नु पर्नेछ।

(३) सम्बन्धित उम्मेदवारले सम्पत्ति विवरण फिर्ता नलिएमा त्यस्तो व्यक्तिको सम्पत्ति विवरण सम्बन्धित निर्वाचन कार्यालयमा पठाई सो कार्यालयले सुरक्षित रुपमा राख्नु पर्नेछ।

(४) निर्वाचनमा उम्मेदवार हुने व्यक्तिले चाहेमा यस दफा बमोजिम पेश गरेको सम्पत्ति विवरण सार्वजनिक गर्न सक्नेछ।

७८. <u>बैङ्क खाता र निर्वाचन खर्चको बिवरणः</u> उम्मेदवारले मनोनयनपत्र पेश गर्दा निर्वाचन प्रयोजनको लागि प्रयोग गर्ने बैङ्क खाताको विवरण, निर्वाचनको प्रयोजनको लागि खर्च गर्ने अनुमानित रकम तथा त्यसको स्रोत उल्लेख गरी निर्वाचन प्रयोजनको लागि खर्च गर्ने रकम तथा आर्थिक सहयोग वापत प्राप्त रकम

त्यस्तो खातामा जम्मा गर्ने र निर्वाचन प्रयोजनको लागि सोही खाताबाट मात्र खर्च गर्ने कुराको प्रतिबद्धता तोकिएको ढाँचामा पेश गर्नु पर्नेछ ।

७९. <u>दाबी विरोध गर्न सक्ने</u> : दफा ७५ बमोजिम मनोनयनपत्र दर्ता भएको कुनै उम्मेदवारको दाबी विरोध गर्न चाहने उम्मेदवार वा निजको प्रतिनिधिले निर्वाचन कार्यक्रमको सूचनामा उल्लिखित मिति, समय र स्थानमा प्रमाण सहित निर्वाचन अधिकृत समक्ष उजुरी दिन सक्नेछ ।

८०. <u>मनोनयनपत्रको जाँच</u> : (१) निर्वाचन अधिकृतले निर्वाचन कार्यक्रमको सूचनामा उल्लिखित मिति, समय र स्थानमा उम्मेदवार वा निजको प्रतिनिधि र सम्बन्धित उजुरकर्ताको उपस्थितिमा सम्पूर्ण उम्मेदवारको मनोनयनपत्र जाँच गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यसरी उपस्थित हुनु पर्ने कुनै उम्मेदवार वा निजको प्रतिनिधि वा उजूरकर्ता उपस्थित नभएमा पनि मनोनयनपत्र जाँच गर्न र निर्णय गर्न यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन ।

(३) उपदफा (१) वा (२) बमोजिम निर्वाचन अधिकृतले उम्मेदवारको मनोनयनपत्र जाँच गर्दा दफा ७९ बमोजिम कुनै उम्मेदवारको विरोधमा उजूरी परेकोमा आवश्यक जाँचबुझ गरी निर्णय गर्नु पर्नेछ ।

(४) निर्वाचन अधिकृतले देहायको अवस्थामा मनोनयनपत्रको जाँच सम्बन्धी कारबाही स्थगन गर्न सक्नेछ र त्यसको जानकारी आयोगलाई दिनु पर्नेछः-

(क) मनोनयनपत्र जाँच गर्ने समयमा सो स्थानमा हुलदङ्गा वा अन्य असामान्य परिस्थिति उत्पन्न भएमा, वा

(ख) प्राकृतिक विपद्को कारणले सो स्थानमा काबू बाहिरको परिस्थिति उत्पन्न भएमा ।

(५) उपदफा (३) बमोजिम मनोनयनपत्रको जाँच सम्बन्धी कारबाही स्थगन भएकोमा निर्वाचन अधिकृतले समय र स्थान तोकी यथासम्भव छिटो मनोनयनपत्रको जाँच गर्नु पर्नेछ ।

(६) मनोनयनपत्रको जाँच सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८१. <u>मनोनयनपत्र बदर हुने अवस्था</u> : (१) देहायको कुनै अवस्थामा मनोनयनपत्र बदर हुनेछ :-

(क) संविधान र यस ऐन बमोजिम उम्मेदवार अयोग्य भएमा,

(ख) उम्मेदवार हुने व्यक्ति, निजको प्रस्तावक र समर्थकको सहीछाप नभएमा वा किर्ते सहीछाप भएमा,

(ग) दफा ७४, ७५, ७७ वा ७८ विपरीत मनोनयनपत्र दाखिला भएमा,

(घ) राजनीतिक दलको उम्मेदवारले दफा ७६ बमोजिम दलको औपचारिक पत्र पेश नगरेमा,

(ङ) दफा १३८ बमोजिम धरौटी दाखिला नगरेमा,

(च) यस ऐन बमोजिम अन्य रीत नपुगेको भएमा ।

(२) दफा ७० विपरीत दोहोरो उम्मेदवारी दिएकोमा त्यस्तो उम्मेदवारको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको देहाय बमोजिमको मनोनयनपत्र बदर हुनेछः-

(क) उपदफा (१) विपरीत एकभन्दा बढी निर्वाचन क्षेत्रमा उम्मेदवारी दिएकोमा,

(ख) उपदफा (२) वा उपदफा (५) विपरीत उम्मेदवारी दिएकोमा।

(३) कुनै व्यक्तिले दफा ७० को उपदफा (६) विपरीत पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ उम्मेदवारी दिएकोमा दुवै निर्वाचनको मनोनयनपत्र बदर हुनेछ।

(४) उपदफा (१), (२) वा (३) बमोजिम मनोनयनपत्र बदर भएमा निर्वाचन अधिकृतले त्यसको आधार र कारण खुलाई त्यसको सूचना आफ्नो कार्यालयमा प्रकाशन गरी आयोगलाई जानकारी दिनु पर्नेछ ।

८२. उम्मेदवारको नामावली : (१) निर्वाचन अधिकृतले मनोनयनपत्र जाँच गरेपछि यस ऐन बमोजिम रीत पुगेका मनोनयनपत्र बमोजिमका उम्मेदवारको नामावली तयार गरी त्यसको एक प्रति आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ र सोको जानकारी आयोगमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको जानकारीको आधारमा आयोगले आफ्नो वेबसाइटमा उम्मेदवारको नामावली प्रकाशन गर्नु पर्नेछ ।

८३. नाम फिर्ता लिने : (१) कुनै उम्मेदवारले उम्मेदवारको नामावलीबाट आफ्नो नाम फिर्ता लिन चाहेमा निर्वाचन कार्यक्रमको सूचनामा उल्लिखित समयभित्र उम्मेदवार आफैंले निर्वाचन अधिकृतलाई लिखित सूचना दिई आफ्नो नाम फिर्ता लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नाम फिर्ता लिएको सूचना निर्वाचन अधिकृत समक्ष दाखिला भइसकेपछि त्यस्तो सूचना बदर गर्न वा फिर्ता लिन सकिने छैन ।

(३) उपदफा (१) बमोजिम दाखिला भएको सूचना सम्बन्धित उम्मेदवार वा निजको प्रतिनिधिले निर्वाचन अधिकृत समक्ष उपस्थित भइ सनाखत गरेमा त्यस्तो उम्मेदवारको नाम उम्मेदवारको नामावलीबाट हटाउनु पर्नेछ र यसरी नाम हटाइएको सूचना निर्वाचन अधिकृतले आफ्नो कार्यालयमा प्रकाशन गरी त्यसको जानकारी आयोगमा पठाउनु पर्नेछ ।

८४. उम्मेदवारको अन्तिम नामावली : (१) उम्मेदवारको नाम फिर्ता लिने समय समाप्त भएपछि निर्वाचन अधिकृतले बाँकी रहेका उम्मेदवारको अन्तिम नामावली तयार गरी आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ र त्यसको एक प्रति आयोगमा पठाउनु पर्नेछ ।

(२) उम्मेदवारको अन्तिम नामावलीमा उम्मेदवारको नाम वर्णानुक्रम अनुसार लेखिनेछ र कुनै उम्मेदवार राजनीतिक दलको तर्फबाट मनोनीत भएकोमा सम्बन्धित राजनीतिक दलको नाम समेत उल्लेख गर्नु पर्नेछ ।

(३) उम्मेदवारको अन्तिम नामावली आयोगले आफ्नो वेबसाइटमा प्रकाशन गर्नेछ ।

८५. व्यक्तिगत विवरण सार्वजनिक गर्नु पर्ने: (१) दफा ८४ बमोजिम उम्मेदवारको अन्तिम नामावली प्रकाशन भए पछि निर्वाचन अधिकृतले उम्मेदवारले दफा ७५ को उपदफा (४) बमोजिम पेश गरेको व्यक्तिगत विवरणको आधारमा सम्बन्धित निर्वाचन क्षेत्र वा तहका सम्पूर्ण उम्मेदवारको विवरण तयार गरी तोकिएको ढाँचामा प्रकाशन गरी आयोगमा समेत पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको विवरणको आधारमा आयोगले सबै उम्मेदवारको व्यक्तिगत विवरण आयोगको वेबसाइटमा राख्नु पर्नेछ ।

८६. निर्विरोध निर्वाचित : (१) उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्दा कुनै पदका लागि जति सङ्ख्यामा निर्वाचन गर्नुपर्ने हो त्यति नै सङ्ख्यामा वा त्यस भन्दा कम उम्मेदवार कायम हुन आएमा निर्वाचन अधिकृतले त्यस्ता उम्मेदवार त्यस्तो पदमा निर्विरोध निर्वाचित भएको घोषणा गर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्वाचन गर्नुपर्ने पद सङ्ख्या भन्दा कम उम्मेदवार कायम भएको अवस्थामा बाँकी पद रिक्त रहेको मानिनेछ ।

८७. <u>निर्वाचन चिन्ह</u> : (१) आयोगले राजनीतिक दल र राजनीतिक दलको उम्मेदवारलाई त्यस्तो राजनीतिक दल निर्वाचन प्रयोजनको लागि दर्ता हुँदाका बखत स्वीकृत गरेको निर्वाचन चिन्ह प्रदान गर्नेछ ।

तरः-

(क) राजनीतिक दलको उम्मेदवार बाहेक अन्य उम्मेदवारलाई प्रदान गरिने निर्वाचन चिन्ह आयोगले निर्धारण गरेबमोजिम हुनेछ ।

(ख) राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचनमा भाग लिने उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गरिने छैन ।

(२) उपदफा (१) बमोजिम कुनै राजनीतिक दललाई प्रदान गरिएको निर्वाचन चिन्ह त्यस्तो राजनीतिक दल वा राजनीतिक दलका उम्मेदवार बाहेक अरु कसैले पनि प्रयोग गर्न पाउने छैन ।

(३) कुनै उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गरिसकेपछि त्यस्तो उम्मेदवारले आफ्नो राजनीतिक दल त्याग गरेमा वा अर्को राजनीतिक दलमा प्रवेश गरेमा निजलाई प्रदान गरिएको निर्वाचन चिन्ह परिवर्तन हुने छैन र त्यस्तो उम्मेदवार निर्वाचित भएमा सम्बन्धित राजनीतिक दलले निजले दल त्याग गरेको वा निज अर्को राजनीतिक दलमा प्रवेश गरेको प्रमाण सहित आयोगमा उजुरी दिएको अवस्थामा बाहेक निज निर्वाचित भएको पदमा बहाल रहनेछ ।

(४) यस दफा बमोजिम राजनीतिक दलको उम्मेदवार बाहेक अन्य उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्दा आयोगले निर्धारण गरेको निर्वाचन चिन्हको समूहबाट निर्वाचन अधिकृतले तोकिए बमोजिम प्रदान गर्नेछ ।

८८. <u>उम्मेदवारको मृत्यु भएमा</u> : (१) मनोनयनपत्र दर्ता भईसकेपछि उम्मेदवारको अन्तिम नामावली प्रकाशन हुनु अघि वा प्रकाशन भएपछि कुनै उम्मेदवारको मृत्यु भई त्यसको लिखित सूचना निर्वाचन प्रतिनिधि वा सम्बन्धित राजनीतिक दलबाट निर्वाचन अधिकृतलाई प्राप्त भई त्यस कुरामा निर्वाचन अधिकृत विश्वस्त भएमा निजले त्यस्तो निर्वाचनसँग सम्बन्धित अन्य कार्यक्रम तुरुन्त स्थगन गरी त्यसको जानकारी आयोगलाई दिइ त्यसको सूचना आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ ।

तर प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्य निर्वाचन अन्तर्गतको समानुपातिक निर्वाचनका लागि उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको कुनै उम्मेदवारको मृत्यु भएमा निर्वाचन कार्यक्रम स्थगन हुने छैन ।

(२) उपदफा (१) बमोजिमको जानकारी प्राप्त भएमा आयोगले उम्मेदवारको अन्तिम नामावली प्रकाशन हुनु अघि उम्मेदवारको मृत्यु भएको रहेछ भने त्यस्तो निर्वाचनको मतदानको कार्यक्रम प्रभावित नहुने गरी उम्मेदवारको मनोनयन सम्बन्धी कार्यक्रम र उम्मेदवारको अन्तिम नामावली प्रकाशन भएपछि मृत्यु भएको रहेछ भने मतदान गर्ने दिन प्रभावित नहुने गरी अन्य कार्यक्रम पुनः निर्धारण गरी निर्वाचन अधिकृतलाई पठाउनु पर्नेछ ।

तर राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचन बाहेक अन्य निर्वाचनमा राजनीतिक दलको उम्मेदवार बाहेक अन्य उम्मेदवारको मृत्यु भएमा निर्वाचन कार्यक्रम पुनः निर्धारण गर्नुपर्ने छैन ।

(३) उपदफा (२) को प्रयोजनको लागि कुनै उम्मेदवारको मृत्यु भई निर्वाचनको कार्यक्रम स्थगन भएकोमा निर्वाचन कार्यक्रमको सूचनामा लेखिए बमोजिम मतदानको लागि देहायको अवधि बाँकी

रहेछ भने सोही कार्यक्रम बमोजिम मतदानको दिन प्रभावित नहुने गरी उम्मेदवारको मनोनयन सम्बन्धी काम पूरा गर्न आयोगले निर्वाचन कार्यक्रम पुनः निर्धारण गर्नु पर्नेछ :-

(क) राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचन भए कम्तीमा पाँच दिन,

(ख) प्रतिनिधि सभा सदस्य, राष्ट्रिय सभा सदस्य वा प्रदेश सभा सदस्यको निर्वाचन भए कम्तीमा सात दिन,

(ग) स्थानीय तहका सदस्यको निर्वाचन भए कम्तीमा पाँच दिन ।

(४) मतदानको लागि उपदफा (३) मा लेखिएको भन्दा कम अवधि बाँकी रहेछ भने आयोगले अर्को निर्वाचन कार्यक्रम निर्धारण गरी निर्वाचन अधिकृतलाई पठाउनेछ ।

(५) उपदफा (१) बमोजिम निर्वाचन कार्यक्रम स्थगन भएकोमा पहिले मनोनयनपत्र पेश गरेको उम्मेदवारले पुनः मनोनयनपत्र दाखिला गर्नुपर्ने छैन र राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचन बाहेक अन्य निर्वाचनमा मृत्यु भएको उम्मेदवार जुन राजनीतिक दलको हो सोही राजनीतिक दलको तर्फबाट मात्र उम्मेदवारले पुनः मनोनयन पत्र दर्ता गर्न सक्नेछ।

८९. उम्मेदवारको परिचयपत्र : दफा ८४ बमोजिम उम्मेदवारको अन्तिम नामावलीमा नाम कायम रहेको वा दफा ९२ बमोजिम अन्तिम बन्दसूचीमा नाम कायम रहेको उम्मेदवारलाई सम्बन्धित निर्वाचन अधिकृतले तोकिए बमोजिमको ढाँचामा उम्मेदवार परिचयपत्र दिनेछ।

## परिच्छेद-४

## समानुपातिक निर्वाचन प्रणाली तर्फको बन्दसूची

९०. उम्मेदवारको बन्दसूची तयार गर्ने : (१) प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्यको समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा भाग लिन चाहने राजनीतिक दलले त्यस्तो राजनीतिक दलको तर्फबाट प्रतिनिधित्व गर्ने उम्मेदवारको बन्दसूची तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उम्मेदवारको बन्दसूची तयार गर्दा प्रत्येक राजनीतिक दलले समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत निर्वाचित हुने कूल सदस्य सङ्ख्याको कम्तीमा पच्चीस प्रतिशत सदस्यका लागि उम्मेदवारी दिने गरी बन्दसूची तयार गर्नु पर्नेछ र त्यसरी उम्मेदवारको बन्दसूची तयार गर्दा कूल उम्मेदवारको कम्तीमा पचास प्रतिशत महिला उम्मेदवार समावेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम राजनीतिक दलले उम्मेदवारको बन्दसूची तयार गर्दा समानुपातिक निर्वाचन प्रणाली तर्फ निर्वाचित हुने कूल सदस्य सङ्ख्याभन्दा बढी उम्मेदवार समावेश गर्न सक्ने छैन ।

(४) राजनीतिक दलले यस दफा बमोजिम उम्मेदवारको बन्दसूची तयार गर्दा भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिई जनसङ्ख्याको आधारमा प्रतिनिधि सभा सदस्यको निर्वाचनको हकमा अनुसूची-३ मा उल्लेख भए बमोजिम र प्रदेश सभा सदस्यको निर्वाचनको हकमा अनुसूची-४ मा उल्लेख भए बमोजिम प्रतिनिधित्व हुने गरी समावेशी सिद्धान्तको आधारमा तोकिएको ढाँचामा तयार गर्नु पर्नेछ र त्यस्तो सूचीमा अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यकलाई समेत समावेश गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्रत्येक समावेशी समूहको सूची तयार गर्दा त्यस्तो सूचीको क्रममा महिला, पुरुष वा अन्यको नाम क्रमशः उल्लेख गर्नु पर्नेछ ।

(६) यस दफा बमोजिम तयार गरेको उम्मेदवारको बन्दसूची राजनीतिक दलले निर्वाचन कार्यक्रममा उल्लिखित समयभित्र निर्वाचन अधिकृतको कार्यालयमा पेश गरेपछि उम्मेदवारको मनोनयन

भएको मानिनेछ र त्यसरी पेश गरेपछि सम्बन्धित राजनीतिक दल र आयोगले त्यस्तो सूची सार्वजनिक गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम निर्वाचन अधिकृतको कार्यालय समक्ष उम्मेदवारको बन्दसूची पेश गर्दा बन्दसूचीमा नाम समावेश भएको व्यक्तिको मञ्जुरीनामा, नेपाली नागरिकताको प्रमाणपत्र तथा तोकिए बमोजिमको अन्य कागजात समेत सम्बन्धित राजनीतिक दलले पेश गर्नु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम राजनीतिक दलबाट प्राप्त उम्मेदवारको बन्दसूचीमा निर्वाचन अधिकृतले यस ऐन बमोजिम समावेशी समूह वा त्यस समूह अन्तर्गतको उम्मेदवारको विवरण समावेश भएको नदेखिएमा त्यस्तो विवरण सच्याउन सम्बन्धित राजनीतिक दललाई सात दिनको समय दिनु पर्नेछ ।

(९) उपदफा (८) बमोजिम सूचना प्राप्त भएमा सम्बन्धित राजनीतिक दलले सच्याउन सूचना दिएको विषयमा सीमित रही उम्मेदवारको बन्दसूची सच्याई सात दिनभित्र निर्वाचन अधिकृतको कार्यालयमा पेश गर्नु पर्नेछ र पेश नगरेमा निर्वाचन अधिकृतले प्राप्त नामावलीको आधारमा आफैंले विवरण सच्याई उम्मेदवारको बन्दसूचीको क्रम निर्धारण गर्नेछ ।

(१०) उपदफा (६) बमोजिम उम्मेदवारको बन्दसूची पेश भएको तर निर्वाचन सम्पन्न भइनसकेको अवस्थामा कुनै उम्मेदवारको मृत्यु भएमा सम्बन्धित राजनीतिक दलले त्यस्तो बन्दसूचीमा अर्को उम्मेदवार समावेश गरी निर्वाचन अधिकृतको कार्यालयमा पेश गर्नु पर्नेछ ।

(११) उपदफा (१०) बमोजिम मृत्यु भएको उम्मेदवार जुन समावेशी समूहको हो सोही समावेशी समूहको अर्को उम्मेदवारको नाम निर्वाचन अधिकृतको कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

९१. <u>दाबी विरोध</u> : (१) दफा ९० बमोजिम प्राप्त उम्मेदवारको बन्दसूची निर्वाचन अधिकृतले जाँचबुझ गरी निर्वाचन अधिकृतको कार्यालय तथा आयोगको वेबसाइटमा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उम्मेदवारको बन्दसूची प्रकाशन गर्दा आयोगले त्यस्तो सूचीमा नाम समावेश भएको कुनै उम्मेदवारको योग्यताका सम्बन्धमा निर्वाचन कार्यक्रम बमोजिमको अवधिभित्र दाबी विरोध गर्न सकिने व्यहोराको सूचना समेत प्रकाशन गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रकाशित उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको कुनै उम्मेदवारको विरुद्ध दाबी विरोध गर्न चाहने कुनै मतदाताले निर्वाचन कार्यक्रमको सूचनामा उल्लिखित समयभित्र प्रमाण सहित निर्वाचन अधिकृत समक्ष दाबी विरोधको उजुरी दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त उजुरीमा निर्वाचन अधिकृतले जाँचबुझ गर्दा बन्दसूचीमा नाम समावेश भएको व्यक्ति बन्दसूचीमा समावेश हुन योग्य नदेखिएमा त्यसको कारण खुलाई त्यस्तो व्यक्तिको नाम बन्दसूचीबाट हटाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम बन्दसूचीबाट नाम हटाएको सूचना निर्वाचन अधिकृतले तोकिए बमोजिम प्रकाशन गर्नु पर्नेछ ।

९२. <u>अन्तिम बन्दसूची प्रकाशन गर्ने</u> : (१) दफा ९१ को उपदफा (३) बमोजिम उजुरी गर्ने म्यादभित्र कुनै उजुरी नपरेमा वा परेको उजुरीका सम्बन्धमा कारवाही टुङ्गिएपछि निर्वाचन अधिकृतले उम्मेदवारको अन्तिम बन्दसूची प्रकाशन गरी आयोगमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको बन्दसूची आयोगले प्रमाणित गरी सम्बन्धित राजनीतिक दललाई पठाउनु पर्नेछ ।

(३) यस दफा बमोजिम उम्मेदवारको अन्तिम बन्दसूची प्रकाशन भए पछि त्यस्तो सूचीमा समावेश भएको उम्मेदवारले तोकिए बमोजिमको ढाँचामा सिलबन्दी गरी आफू र आफ्नो परिवारका सदस्यको नाममा रहेको सम्पत्ति विवरण पेश गर्नु पर्नेछ र त्यस्तो विवरण गोप्य रहनेछ ।

(४) निर्वाचनमा उम्मेदवार हुने व्यक्तिले चाहेमा यस दफा बमोजिम पेश गरेको सम्पत्ति विवरण सार्वजनिक गर्न सक्नेछ ।

९३. उम्मेदवारको बन्दसूची मान्य हुने अवधि : (१) दफा ९२ बमोजिम प्रकाशित अन्तिम बन्दसूची निर्वाचनबाट गठन हुने प्रतिनिधि सभा वा प्रदेश सभाको कार्यकालभर मान्य हुनेछ ।

तर प्रतिनिधि सभा वा प्रदेश सभा गठन भइसकेपछि राजनीतिक दलले कुनै उम्मेदवारको नाम हटाउन लेखी पठाएमा आयोगले बन्दसूचीबाट त्यस्तो उम्मेदवारको नाम हटाउन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि समानुपातिक निर्वाचन प्रणाली तर्फ कम्तीमा एक जना सदस्य पनि निर्वाचित नभएको राजनीतिक दलले पेश गरेको उम्मेदवारको बन्दसूची निर्वाचनको अन्तिम परिणाम प्रकाशन भए पछि स्वतः रद्द हुनेछ ।

(३) समानुपातिक निर्वाचन प्रणाली अनुसार निर्वाचित कुनै सदस्यको पद जुनसुकै कारणले संविधानको धारा ८९ बमोजिम रिक्त भएमा निजको स्थानमा सम्बन्धित राजनीतिक दलको केन्द्रीय कार्यकारिणी समितिको निर्णय बमोजिम सिफारिस भई आएको उम्मेदवार निर्वाचित भएको मानिनेछ र सचिवले निज निर्वाचित भएको प्रमाणपत्र प्रदान गर्नेछ ।

(४) उपदफा (३) बमोजिम राजनीतिक दलले सिफारिस गर्दा पद रिक्त भएको उम्मेदवार जुन समावेशी समूहको क्रममा रहेको हो त्यसको लगत्तै पछिल्लो क्रममा रहेको उम्मेदवारको नाम सिफारिस गर्नु पर्नेछ ।

तर त्यस्तो समावेशी समूहमा कुनै पनि उम्मेदवार नभएमा तोकिए बमोजिम अर्को समावेशी समूहको उम्मेदवारको नाम सिफारिस गर्न सकिनेछ ।

(५) उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको व्यक्ति उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम नाम हटेको वा उपदफा (२) बमोजिम बन्दसूची रद्द भएको अवस्थामा बाहेक राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसदको सदस्य, प्रदेश सभा सदस्य, स्थानीय तहको सदस्यको निर्वाचनमा उम्मेदवार हुन वा कानून बमोजिम सार्वजनिक पद मानिने पदमा नियुक्ति हुन योग्य हुने छैन ।

(६) कुनै राजनीतिक दल प्रचलित कानून बमोजिम विभाजन भई अर्को राजनीतिक दल गठन भएमा, अर्को राजनीतिक दलसँग एकिकरण भएमा वा गाभिएमा त्यसरी गठन वा एकिकरण भएको वा गाभिएको राजनीतिक दलले उम्मेदवारको बन्दसूचीमा रहेका उम्मेदवार मध्ये त्यस्तो दलमा रहने उम्मेदवारको सूची आयोगमा पेश गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम राजनीतिक दलले पेश गरेको उम्मेदवारको बन्दसूचीमा रहेका उम्मेदवारले आयोगले तोकेको समयमा आयोगमा आफै उपस्थित भई सनाखत गर्नु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम राजनीतिक दलमा रहेको व्यहोरा सनाखत गर्ने व्यक्तिको नाम आयोगले त्यस्तो राजनीतिक दलको उम्मेदवारको बन्दसूचीमा कायम गरी दफा ९० बमोजिम पेश भएको उम्मेदवारको बन्दसूचीबाट हटाउनु पर्नेछ ।

## परिच्छेद-५

## मतदान स्थल, मतदान केन्द्र, मतपत्र र मतपेटिका

९४. मतदान स्थल र मतदान केन्द्र : (१) आयोगले निर्वाचनका लागि आवश्यकता अनुसार मतदान स्थल र मतदान केन्द्र तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदान स्थल र मतदान केन्द्र तोक्दा मतदाताको सङ्ख्या, सुविधा तथा सुरक्षाको अवस्थालाई ध्यान दिई मतदातालाई पायक पर्ने गरी सार्वजनिक स्थानमा तोक्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको मतदान स्थल तोक्दा प्रत्येक गाउँपालिका वा नगरपालिकाको प्रत्येक वडामा कम्तीमा एउटा मतदान स्थल पर्ने गरी तोक्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिमको मतदान स्थल थपघट गर्न आवश्यक देखिएमा निर्वाचन अधिकारीले थपघट गर्नुपर्ने आवश्यकता र औचित्य सहित आयोगमा लेखी पठाउन सक्नेछ र आयोगले त्यस्तो व्यहोरा मनासिब ठानेमा मतदान स्थल थपघट गर्न सक्नेछ ।

(५) निर्वाचन अधिकृतले आवश्यक ठानेमा आयोगको पूर्व स्वीकृति लिई मतदातालाई सुविधाजनक वा पायक पर्ने ठाउँमा मतदान स्थल सार्न सक्नेछ ।

(६) उपदफा (१), (२), (३), (४) वा (५) बमोजिम मतदान स्थल तोकिएको, थपघट गरिएको वा सारिएको सूचना आयोगले आफ्नो वेबसाइटमा प्रकाशन गर्नु पर्नेछ ।

(७) एउटा मतदानस्थलको क्षेत्रभित्र आवश्यक सङ्ख्यामा मतदान केन्द्र रहन सक्नेछन् ।

(८) यस दफा बमोजिम तोकिएको मतदान स्थल र मतदान केन्द्र सम्भव भएसम्म अपाङ्गतामैत्री हुनु पर्नेछ ।

(९) मतदाताको सङ्ख्या, सुरक्षा र सुविधाको दृष्टिकोणबाट मतदान स्थल, मतदान केन्द्र वा मतदान कक्ष तोक्ने आधार, प्रक्रिया र त्यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले आवश्यकतानुसार तोकिए बमोजिम मतदान परिसरको व्यवस्था गर्न सक्नेछ।

९५. मतपत्र : (१) आयोगले निर्वाचनका लागि मतपत्रको व्यवस्था गर्नु पर्नेछ ।

(२) राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचनका लागि प्रयोग गरिने मतपत्रमा उम्मेदवारको फोटोसहितको नाम, थर नेपाली वर्णानुक्रमको आधारमा आयोगले तयार गर्नेछ ।

(३) सङ्घीय संसद सदस्य, प्रदेश सभा सदस्य वा स्थानीय तहका सदस्यको निर्वाचनको लागि प्रयोग गरिने मतपत्रमा प्रत्येक उम्मेदवारले प्राप्त गरेको निर्वाचन चिन्ह समावेश गरिनेछ ।

(४) उपदफा (३) बमोजिम मतपत्रमा निर्वाचन चिन्ह समावेश गर्दा देहायको क्रममा राख्नु पर्नेछः-

(क) निर्वाचन हुनुभन्दा तत्काल अघि कायम रहेको वा निर्वाचन हुँदाका बखत कायम रहेको प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलले प्रतिनिधि सभाको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ प्राप्त गरेको मतको आधारमा क्रमशः बढी मत प्राप्त गर्ने राजनीतिक दलको उम्मेदवारको निर्वाचन चिन्ह,

(ख) खण्ड (क) बमोजिम प्रतिनिधि सभामा प्रतिनिधित्व नगर्ने राजनीतिक दल भए आयोगमा निर्वाचन प्रयोजनको लागि दर्ता भएको क्रमको आधारमा त्यस्तो राजनीतिक दलको उम्मेदवारको निर्वाचन चिन्ह,

(ग) स्वतन्त्र उम्मेदवार भए त्यस्तो उम्मेदवारको नामको वर्णानुक्रमको आधारमा उम्मेदवारले प्राप्त गरेको निर्वाचन चिन्ह,

(घ) कुनै पनि उम्मेदवारलाई मतदान नगर्ने मतदाताले मतदान गर्ने निर्वाचन चिन्ह ।

(५) प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्यको समानुपातिक निर्वाचन प्रणाली तर्फको मतपत्रमा निर्वाचन चिन्ह समावेश गर्दा उपदफा (४) को खण्ड (क) र (ख) को क्रममा राख्नु पर्नेछ ।

(६) प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दुई वा सोभन्दा बढी राजनीतिक दलहरु एकीकरण भएको वा गाभिएकोमा उपदफा (४) को खण्ड (क) को प्रयोजनको लागि त्यसरी एकीकरण हुनु वा गाभिनु अघि त्यस्ता राजनीतिक दलहरुले प्राप्त गरेको कूल मत सङ्ख्यालाई त्यसरी एकीकरण वा गाभिएको राजनीतिक दलले प्राप्त गरेको मत सङ्ख्या मानिनेछ।

(७) प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्यको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली तर्फको मतपत्र छुट्टा छुट्टै हुनु पर्नेछ ।

(८) स्थानीय तहका सदस्यको निर्वाचनको लागि प्रमुख र उपप्रमुख वा अध्यक्ष र उपाध्यक्ष पदको लागि एउटा मतपत्र र वडा अध्यक्ष र वडा सदस्यको लागि एउटा मतपत्र गरी दुई छुट्टाछुट्टै मतपत्र हुनु पर्नेछ।

(९) आयोगले दृष्टिविहीन मतदाताको लागि तोकिए बमोजिम ब्रेललिपिमा मतपत्रको व्यवस्था मिलाउन सक्नेछ ।

(१०) मतपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९६. <u>मतपेटिका तथा अन्य निर्वाचन सामग्री</u> : (१) मतदानको लागि आयोगले निर्धारण गरेको मतपेटिका तथा निर्वाचन सामग्री प्रयोग गर्नु पर्नेछ।

(२) प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्यको लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली वा समानुपातिक निर्वाचन प्रणाली अनुरुप हुने निर्वाचनको लागि आयोगले छुट्टाछुट्टै मतपेटिकाको व्यवस्था गर्नु पर्नेछ ।

(३) स्थानीय तहका सदस्यको निर्वाचनमा प्रमुख र उपप्रमुख वा अध्यक्ष र उपाध्यक्षको लागि व्यवस्था गरिएको मतपत्र र वडा अध्यक्ष र वडा सदस्यको लागि व्यवस्था गरिएको मतपत्रको लागि आयोगले छुट्टाछुट्टै मतपेटिका व्यवस्था गर्नु पर्नेछ।

(४) मतपेटिका सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-६

## <u>मतदान</u>

९७. <u>मतदानको समय</u> : मतदान गर्ने समय देहाय बमोजिम हुनेछः—

(क) राष्ट्रपति, उपराष्ट्रपति वा राष्ट्रियसभा सदस्यको निर्वाचन भए बिहान १० बजेदेखि अपरान्ह ३ बजेसम्म,

(ख) प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य वा स्थानीय तहको सदस्यको निर्वाचन भए बिहान ७ बजेदेखि अपरान्ह ५ बजेसम्म ।

९८. <u>मतदान</u> : (१) मतदाताले निर्वाचन हुने दिन सम्बन्धित मतदान केन्द्रमा आफै उपस्थित भई मतदान गर्नु पर्नेछ ।

(२) दफा ३६ बमोजिमको अस्थायी मतदाता नामावलीमा नाम समावेश भएको व्यक्तिले आयोगले तोकेको मतदान केन्द्रमा मतदान गर्नु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अस्थायी मतदाता नामावलीमा नाम समावेश भएको व्यक्तिले प्रतिनिधि सभाको समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि मात्र मतदान गर्न सक्नेछ ।

(४) मतदाताको नामबाट त्यस्तो मतदाता बाहेक अन्य कुनै व्यक्तिले मतदान गर्न पाउने छैन ।

(५) कुनै पनि मतदाताले एउटै निर्वाचनमा एकभन्दा बढी पटक वा एकभन्दा बढी मतदान केन्द्रमा मतदान गर्न पाउने छैन ।

(६) कुनै पनि मतदातालाई निजले कसलाई मतदान गरेको हो भन्ने व्यहोराको प्रश्न सोधिने छैन र निजले कसैलाई पनि त्यस्तो व्यहोरा प्रकट गर्नु हुँदैन।

९९. अग्रीम मतदानको व्यवस्था : (१) दफा ९८ मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रतिनिधि सभा सदस्यको समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि देहायका मतदाताले निर्वाचन हुने दिनभन्दा अघि नै आयोगले तोकेको दिन र तोकेको मतदान केन्द्रमा उपस्थित भई अग्रीम मतदान गर्न सक्नेछ ।

(क) दफा ३६ को उपदफा (२) को खण्ड (ग) बमोजिमका मतदाता,

(ख) मतदान हुने दिन निर्वाचन पर्यवेक्षण गर्न जाने निर्वाचन पर्यवेक्षक,

(ग) मतदान हुने दिन वा सो भन्दा अघिदेखि मतदान हुने दिन सम्म विदेश भ्रमण गर्ने मतदाता,

(घ) कुनै व्यापार, व्यवसाय, रोजगारी वा स्वास्थ्योपचारका कारणले आफ्नो मतदाता नामावली रहेको वडामा उपस्थित भई मतदान गर्न असमर्थ हुने मतदाता ।

(२) उपदफा (१) को खण्ड (ख), (ग) वा (घ) बमोजिमका मतदाताले तोकिए बमोजिमको ढाँचामा कारण खुलाई अग्रीम मतदान गर्न आयोगमा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन मनासिब देखिएमा आयोगले त्यस्ता मतदातालाई आयोगले निर्धारण गरेको मतदान केन्द्रमा अग्रीम मतदान गर्ने व्यवस्था गर्न सक्नेछ ।

(४) अग्रीम मतदान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१००. मतदानको प्रक्रिया : (१) मतदान अधिकृतले मतदान केन्द्रमा मतदानको लागि उपस्थित मतदातालाई तोकिए बमोजिम मतपत्र दिनु पर्नेछ ।

(२) मतदान अधिकृतले मतदातालाई मतपत्र दिनुअघि मतदाता नामावलीमा तोकिए बमोजिमको सङ्केत जनाई मतपत्र दिनु पर्नेछ ।

(३) मतदाताले मतपत्रमा गोप्य तवरले तोकिए बमोजिमको छाप वा चिन्ह लगाई मतपेटिकामा खसाल्नु पर्नेछ ।

(४) राष्ट्रिय सभा सदस्यको निर्वाचनमा मतदाताले मतदान गर्दा मतपत्रमा निर्वाचन गर्नु पर्ने उम्मेदवारको सङ्ख्या भन्दा बढी नहुने गरी निर्वाचन चिन्ह भएको कोठामा छाप वा चिन्ह लगाई मतपत्र मतपेटिकामा खसाल्नु पर्नेछ ।

(५) प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्यको निर्वाचनमा मतदाताले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनमा मतदान गर्दा मतपत्रमा आफूले रोजेको कुनै एक जना उम्मेदवारको निर्वाचन चिन्ह भएको कोठामा र समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनमा

आफूले रोजेको कुनै एक राजनीतिक दलको निर्वाचन चिन्ह भएको कोठामा छाप वा चिन्ह लगाई मतपेटिकामा खसाल्नु पर्नेछ ।

(६) स्थानीय तहका सदस्यको निर्वाचनमा मतदाताले मतदान गर्दा मतपत्रमा प्रत्येक पदमा जति सङ्ख्यामा उम्मेदवारको निर्वाचन गर्नु पर्ने हो त्यति नै सङ्ख्यामा आफूले रोजेको उम्मेदवारको निर्वाचन चिन्ह भएको कोठामा छाप वा चिन्ह लगाई मतपेटिकामा खसाल्नु पर्नेछ ।

१०१. विद्युतीय उपकरण प्रयोग गरी मतदानको व्यवस्था मिलाउन सक्ने : (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निर्वाचन वा निर्वाचन क्षेत्रमा विद्युतीय उपकरण प्रयोग गरी मतदान गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदान गर्दा प्रयोग हुने मतपत्रको ढाँचा, मतदान र मतगणना गर्ने तरिका आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) विद्युतीय उपकरण प्रयोग गरी हुने मतदान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०२. नाम ढाँटी मतदान गर्न नहुने : (१) कुनै व्यक्तिले आफ्नो नाम ढाँटी अर्को मतदाताको नाममा मतदान गर्नु हुँदैन ।

(२) उपदफा (१) विपरीत कुनै व्यक्ति आफ्नो नाम ढाँटी अर्को मतदाताको नाममा मतदान गर्न आएमा उम्मेदवार, निजको प्रतिनिधि वा सोही मतदान केन्द्रको कुनै मतदाताले एक सय रुपैयाँ धरौटी राखी मतदान अधिकृत समक्ष तोकिए बमोजिमको ढाँचामा निवेदन दिइ विरोध गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन परेमा मतदान अधिकृतले तोकिए बमोजिम जाँचबुझ गरी तत्काल निर्णय गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको जाँचबुझ गर्दा विरोध दाबी सत्य ठहरेमा मतदान अधिकृतले धरौटी रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिनेछ र झुठ्ठा ठहरेमा धरौटी रकम जफत गरी त्यसरी मतदान गर्न आउने व्यक्तिलाई मतदान अधिकृतले दफा १५५ को उपदफा (३) बमोजिम तत्काल जरिबाना गरी मतदानस्थलबाट तुरुन्त निष्काशन गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम जफत गरेको रकम मतदान अधिकृतले निर्वाचन अधिकृतलाई बुझाउनु पर्नेछ र निर्वाचन अधिकृतले त्यस्तो रकम सङ्घीय सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ ।

१०३. मतदान केन्द्रमा प्रवेश : (१) मतदान अधिकृतले मतदान केन्द्रमा देहायका व्यक्ति बाहेक अरु कसैलाई प्रवेश गर्न दिने छैन :-

(क) मतदान गर्न आउने मतदाता,

(ख) राजनीतिक दल, उम्मेदवार वा निजको एक जना निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि,

(ग) आयोगबाट अनुमति प्राप्त पर्यवेक्षक,

(ङ) आयोग, निर्वाचन अधिकृत वा मतदान अधिकृतबाट अनुमति पाएका व्यक्ति,

(च) मतदाताको साथमा रहेको पाँच वर्षसम्मको बालबालिका,

(छ) दृष्टिविहीन, शारीरिक रुपले अशक्त वा अपाङ्गता भएको वा अति वृद्धावस्थाको कारणले आफैं मत सङ्केत गर्न नसक्ने मतदाताको सहयोगको लागि निजको साथमा आएको एकाघर परिवारको सदस्य वा त्यस्तो मतदाताले इच्छाएको व्यक्ति ।

(२) उपदफा (१) बमोजिमका व्यक्तिलाई मतदान केन्द्रमा प्रवेश गर्न अनुमति दिँदा मतदान अधिकृतले निर्धारित समयभित्र निर्धारित कार्यविधि पूरा गरी दिनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मतदान केन्द्रको सुरक्षार्थ खटिएको सुरक्षाकर्मी बाहेक कुनै प्रकारको हतियार साथ लिएको व्यक्ति, लागू पदार्थ वा मादक पदार्थ सेवन गरेको व्यक्ति वा धुम्रपान गरिरहेको व्यक्तिलाई मतदान अधिकृतले मतदान केन्द्रमा प्रवेश गर्न दिने छैन ।

(४) मतदान केन्द्रमा प्रवेश गरिसकेका मतदान गर्न बाँकी रहेका मतदाता बाहेक मतदानको समय समाप्त भएपछि अन्य मतदाताले मतदान केन्द्रमा प्रवेश गर्न वा त्यस्तो केन्द्रमा रहन पाउने छैन।

१०४. <u>मतदाताको सहयोगी</u> : दफा १०३ को उपदफा (१) को खण्ड (छ) बमोजिमको कुनै कारणले मतदाताले मतदान गर्न सहयोग गर्न आफ्नो साथमा लैजाने व्यक्तिको लागि मतदान अधिकृत समक्ष अनुमति मागेमा त्यस्तो व्यक्तिको परिचय खुल्ने प्रमाणको आधारमा मतदाताको साथमा मत सङ्केत गर्ने स्थानमा प्रवेश गर्न अनुमति दिन सक्नेछ ।

तरः-

(क) एक व्यक्तिले एक जना भन्दा बढी मतदाताको सहयोगीको रुपमा मतदान केन्द्रमा प्रवेश गराउन सक्ने छैन ।

(ख) कुनै पनि व्यक्तिलाई एक जना भन्दा बढी मतदाताको सहयोगीको रुपमा मत सङ्केत गर्ने स्थानमा प्रवेश गर्न अनुमति दिन सकिने छैन ।

१०५. <u>निरीक्षण गर्न सक्ने</u> : (१) कुनै मतदाता मत सङ्केत गर्ने स्थानमा मनासिब समयभन्दा बढी समयसम्म रहेमा वा मतदान अधिकृतलाई कुनै शंका लागेमा मतदान अधिकृतले त्यस्तो मतदातालाई मत सङ्केत गर्ने स्थानबाट बाहिर निस्कन आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिएको आदेश त्यस्तो मतदाताले पालना गर्नु पर्नेछ र पालना नगरेमा मतदान अधिकृत मत सङ्केत गर्ने स्थानमा प्रवेश गरी निरीक्षण गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निरीक्षण गर्दा कुनै कैफियत देखिएमा मतदान अधिकृतले त्यस्तो मतदातालाई मतदान स्थलबाट तुरुन्त निष्काशन गरी दफा १६० बमोजिम जरिबाना गर्न सक्नेछ ।

१०६. <u>मतपेटिका वा विद्युतीय उपकरण नोक्सान भएमा</u>ः (१) मतदानको लागि प्रयोग भएको मतपेटिका वा मतदान गर्न राखिएको विद्युतीय उपकरण दुर्घटनावश नोक्सान भएमा, कसैले जानाजान तोडफोड गरेमा वा अन्य कुनै कारणले मतपेटिका नोक्सान भएमा मतदान अधिकृतले त्यस्तो मतदान केन्द्रको मतदान कार्य तत्काल स्थगन गरी सोको सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदान स्थगन गरेको मतदान अधिकृतले सम्बन्धित निर्वाचन अधिकृतलाई त्यसको जानकारी गराई त्यस्तो घटनाको प्रतिवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त प्रतिवेदनका आधारमा मतदान रद्द गर्नुपर्ने देखिएमा निर्वाचन अधिकृतले मतदान रद्द गरी त्यसको जानकारी आयोगमा दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम मतदान रद्द गरिएकोमा आयोगको निर्देशन बमोजिम त्यस्तो मतदान केन्द्रमा पुनः मतदान गर्ने मिति र समय तोकी सोको सूचना त्यस्तो मतदान केन्द्रमा प्रकाशन गर्नु पर्नेछ ।

१०७. <u>विशेष परिस्थितिमा मतदान स्थगन गर्न सकिने</u> : (१) कुनै मतदान केन्द्रमा हुलदङ्गा, उपद्रव, प्राकृतिक विपद् वा काबू बाहिरको परिस्थिति उत्पन्न भई वा कुनै कारणले विद्युतीय उपकरण सञ्चालन हुन नसकी वा अन्य कुनै काबू बाहिरको परिस्थिति परी मतदानको काम हुन नसक्ने कुरामा मतदान अधिकृत

विश्वस्त भएमा निजले त्यस्तो मतदान केन्द्रको मतदान कार्य तत्काल स्थगन गरी सोको सूचना सोही मतदान केन्द्रमा प्रकाशन गर्नु पर्नेछ र त्यसको जानकारी निर्वाचन अधिकृतलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदान स्थगन भएको जानकारी निर्वाचन अधिकृतले आयोगलाई तुरुन्त दिनु पर्नेछ र आयोगले अन्यथा निर्देशन दिएकोमा बाहेक निर्वाचन अधिकृतले त्यस्तो मतदान केन्द्रमा पुनः मतदान हुने मिति र समय तोकी त्यस्तो मतदान केन्द्रमा सूचना प्रकाशन गर्नु पर्नेछ ।

१०८. मतदान केन्द्रको अनधिकृत कब्जा : (१) मतदान केन्द्रमा देहायको कुनै कार्य भएमा मतदान केन्द्रको अनधिकृत कब्जा भएको मानिनेछ :-

(क) कसैले बल प्रयोग गरी, डर त्रास देखाई वा धम्की दिई मतदान स्थल, मतदान केन्द्र वा मतदान गर्ने स्थान आफ्नो नियन्त्रणमा लिई मतदानको कार्यमा प्रभाव पारेमा वा कुनै उम्मेदवारको समर्थक मतदातालाई बाहेक अन्य मतदातालाई मतदान गर्न नदिएमा,

(ख) खण्ड (क) बमोजिमको कुनै काम गरी मतदातालाई कुनै उम्मेदवारको पक्षमा वा विपक्षमा मतदान गर्न बाध्य गरेमा,

(ग) कसैले मतदातालाई कुनै उम्मेदवारको पक्षमा मतदान गर्न वा नगर्न डर त्रास देखाएमा वा धम्की दिएमा, मतदातालाई मतदान गर्नबाट बञ्चित गर्ने नियतले बाटो वा गौंडा छेकी रोकेमा, मतदान स्थल, मतदान केन्द्र वा मतदान गर्ने स्थानमा जान वा प्रवेश गर्न नदिएमा, मतदाताको मतदाता परिचयपत्र नियन्त्रणमा लिएमा वा खोसेमा,

(घ) कसैले मतदान प्रकृयामा अवरोध पुऱ्याउने वा मतदातालाई मतदान गर्नबाट वञ्चित गर्ने नियतले मतदान कार्य सञ्चालन गर्न खटिएको मतदान अधिकृत वा कर्मचारीलाई आफ्नो कर्तव्य पालना गर्न नदिएमा वा निजको जिम्मामा रहेको मतपत्र, मतपेटिका वा मतदान सम्बन्धी सामग्री खोसेमा वा बिगारेमा वा अन्य कुनै कार्य गरी मतदानको कार्य निष्पक्ष तथा स्वतन्त्र रुपमा सामान्य ढङ्गले सञ्चालन नहुने वा हुन नसक्ने गरी प्रभावित गरेमा ।

(२) उपदफा (१) बमोजिम मतदान केन्द्रको अनधिकृत कब्जा भई मतदान सम्बन्धी कार्यलाई निरन्तरता दिन नसकिने भएमा मतदान अधिकृतले तत्काल मतदान स्थगन गरी त्यसको प्रतिवेदन निर्वाचन अधिकृतलाई दिनुपर्नेछ र त्यसरी प्राप्त प्रतिवेदन निर्वाचन अधिकृतले आयोगलाई दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन प्राप्त भएमा आयोग आफैले वा आयोगको निर्देशन बमोजिम निर्वाचन अधिकृतले उपदफा (१) बमोजिमको घटनाको जाँचबुझ गर्न वा गराउन सक्नेछ र त्यस्तो जाँचबुझको प्रतिवेदनको आधारमा आयोग आफैले वा आयोगको निर्देशन अनुसार निर्वाचन अधिकृतले त्यस्तो मतदान केन्द्रको मतदान रद्द गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम मतदान रद्द भएको मतदान केन्द्रमा निर्वाचन अधिकृतले पुनः मतदान गर्ने मिति र समय तोकी त्यस्तो मतदान केन्द्रमा सूचना प्रकाशन गर्नु पर्नेछ ।

१०९. मतपेटिका र निर्वाचन सामग्री सुरक्षित रुपमा राख्ने : (१) मतदान समाप्त भएपछि मतदान अधिकृतले मतपेटिका र निर्वाचन सामग्री तोकिए बमोजिम सिलबन्दी गरी सुरक्षित रुपमा निर्वाचन अधिकृतलाई हस्तान्तरण गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले मतदान केन्द्रमा नै मतगणनाको व्यवस्था गरी त्यसको सूचना प्रकाशन गरेको अवस्थामा त्यसरी सिलबन्दी गरिएको मतपेटिका र निर्वाचन सामग्री मतदान अधिकृतले सुरक्षित रुपमा आफ्नो नियन्त्रणमा राख्नु पर्नेछ ।

११०. <u>निविदा मतपत्र सम्बन्धी व्यवस्था</u> : (१) कसैले अर्को मतदाताको नामबाट मतपत्र लिइसकेको वा मतदान गरिसकेको र त्यसपछि मतदान गर्न आउने व्यक्ति नै वास्तविक मतदाता हो भन्ने कुरा निजले पेश गरेको प्रमाणबाट यकिन भएमा मतदान अधिकृतले त्यस्तो मतदातालाई निविदा मतपत्र दिनेछ ।

(२) उपदफा (१) बमोजिम निविदा मतपत्र दिएकोमा त्यस्तो मतपत्रमा मतदाताले आफ्नो मत सङ्केत गरिसकेपछि त्यस्तो मतपत्र मतपेटिकामा नहाली सो प्रयोजनको लागि राखिएको छुट्टै खाममा राख्नु पर्नेछ ।

(३) यस ऐन बमोजिम मतगणना गर्दा दुई वा सो भन्दा बढी उम्मेदवारले प्राप्त गरेको मत सङ्ख्या बराबर भएमा मतदाताको गोप्य मतदानको अधिकारलाई यथासम्भव प्रतिकूल नहुने गरी निविदा मतपत्र गणना गर्नु पर्नेछ ।

(४) उपदफा (३) को अवस्थामा बाहेक छुट्टै खाममा राखिएका निविदा मतपत्र गणना गरिने छैन।

तर निर्वाचन सम्बन्धमा परेको उजुरीमा निर्णय गर्दा त्यस्तो मतपत्र गणना गर्न आवश्यक छ भनी अदालतले ठहर गरेमा त्यस्तो मतपत्र गणना गर्नु पर्नेछ ।

१११. <u>निर्वाचन रद्द गर्न सक्ने</u> : (१) कसैले धाक, धम्की, डर वा त्रास देखाई वा अन्य कुनै किसिमले अनुचित प्रभावमा पारी वा दफा १०७ को उपदफा (१) बमोजिमको कुनै कार्य गरी कुनै निर्वाचन क्षेत्र, स्थानीय तह, मतदानस्थल वा मतदान केन्द्रमा निर्वाचनको कुनै कार्य वा मतदानको कार्यको स्वच्छता, निष्पक्षता र स्वतन्त्रतामा असर पुर्‍याउने काम गरेको छ भनी निर्वाचनमा भाग लिएका राजनीतिक दल वा सम्बन्धित उम्मेदवारले आयोगमा उजुरी दिएमा वा त्यस्तो कुराको जानकारी आयोगलाई कुनै किसिमबाट प्राप्त भई त्यस विषयमा आयोग विश्वस्त भएमा आयोगले कुनै आयुक्त, सचिव वा कुनै अधिकारीबाट त्यस सम्बन्धमा तत्काल जाँचबुझ गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम आयोगले गराएको जाँचबुझको प्रतिवेदनबाट निर्वाचनको कुनै कार्य स्वच्छ, स्वतन्त्र र निष्पक्ष नभएको कुरामा आयोग विश्वस्त भएमा सोही कुरा खुलाई त्यस्तो पद वा निर्वाचन क्षेत्रको कुनै वा सबै मतदान केन्द्रको मतदानको काम रद्द गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम मतदानको काम रद्द भएकोमा आयोगले पुनः मतदान हुने दिन तोक्नेछ।

## परिच्छेद -७

## <u>मतगणना र निर्वाचन परिणाम</u>

११२. <u>मतगणनाको सूचना</u> : (१) दफा १०९ को उपदफा (१) बमोजिम मतपेटिका निर्वाचन अधिकृतलाई हस्तान्तरण भएको अवस्थामा बाहेक मतगणना अधिकृतले मतदान समाप्त भएपछि अविलम्ब मतगणना कार्य गर्नु पर्नेछ र उम्मेदवार, निजको प्रतिनिधि वा राजनीतिक दलको प्रतिनिधि त्यस्तो मतगणना स्थलमा उपस्थित हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतगणनाको कार्य प्रारम्भ गर्नु अघि निर्वाचन अधिकृतसँग समन्वय गरी मतगणना अधिकृतले उम्मेदवार वा राजनीतिक दलको प्रतिनिधिको जानकारीको लागि मतगणना गर्ने स्थान र समयको सूचना प्रकाशन गर्नु पर्नेछ ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै उम्मेदवार, उम्मेदवारको प्रतिनिधि वा राजनीतिक दलको प्रतिनिधि उपस्थित हुन नआएको कारणले मात्र मतगणना गर्ने काममा बाधा पुगेको मानिने छैन ।

११३. <u>मतगणना अधिकृतले मतगणना गर्नु, गराउनु पर्ने</u> : (१) दफा ११२ को उपदफा (२) बमोजिम सूचना प्रकाशन भएकोमा यस ऐन बमोजिम मतगणना अधिकृतले सम्पादन गर्नुपर्ने काम, पालना गर्नुपर्ने कर्तव्य र प्रयोग गर्ने अधिकार मतदान अधिकृतले सम्पादन, पालना र प्रयोग गर्नु पर्नेछ ।

(२) मतगणना अधिकृतले मतदान समाप्त भएपछि अबिलम्ब मतगणनाको कार्य आफ्नो प्रत्यक्ष रेखदेख तथा नियन्त्रणमा गर्नु वा गराउनु पर्नेछ ।

(३) मतगणना अधिकृतले मतगणना प्रारम्भ गर्नु अघि प्रत्येक मतपेटिकामा मतदान भएको मतपत्र तोकिए बमोजिम मतदान भएको सङ्ख्यासँग भिडाई यकिन गर्नु पर्नेछ ।

(४) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि मतदान भएको सङ्ख्या र मतपेटिकामा भएको मतपत्रको सङ्ख्या फरक परेमा रितपूर्वक सिलबन्दी भएको मतपेटिकामा रहेको मतपत्रलाई वास्तविक सङ्ख्या मानी गणना गर्नु पर्नेछ ।

११४. <u>पुनः मतदान गर्नु पर्ने भएमा मतगणना गर्न नहुने</u> : दफा ११३ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै निर्वाचन अधिकृतको कार्यक्षेत्रसँग सम्बन्धित कुनै मतदान केन्द्रमा पुनः मतदान गर्नुपर्ने भएमा त्यस्तो मतदान केन्द्रको मतदानको कार्य समाप्त नभएसम्म त्यस्तो निर्वाचन अधिकृतको कार्यक्षेत्र अन्तर्गतको अन्य मतदान केन्द्रको मतगणना प्रारम्भ गर्नु हुँदैन ।

११५. <u>छुट्टा छुट्टै मतगणना गर्नुपर्ने</u> : (१) राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचनको मतगणना गर्दा सङ्घीय संसदका सदस्यले दिएको मत र प्रदेश सभाका सदस्यले दिएको मत छुट्टाछुट्टै गणना गर्नु पर्नेछ ।

(२) राष्ट्रिय सभा सदस्यको निर्वाचनको मतगणना गर्दा प्रदेश सभाका सदस्यले दिएको मत र अध्यक्ष, उपाध्यक्ष, प्रमुख र उपप्रमुखले दिएको मत छुट्टाछुट्टै गणना गर्नु पर्नेछ ।

(३) प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्यको निर्वाचनको मतगणना गर्दा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली तर्फको मतगणना छुट्टाछुट्टै गर्नु पर्नेछ ।

(४) स्थानीय तहका सदस्यको निर्वाचनको मतगणना गर्दा प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष वा वडा सदस्यको मतगणना छुट्टाछुट्टै गर्नु पर्नेछ ।

(५) मतगणना सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

११६. <u>मतगणना गर्ने स्थानमा प्रवेश</u> : (१) मतगणना अधिकृतले मतगणना गर्ने स्थानमा देहायका व्यक्ति बाहेक अरु कसैलाई प्रवेश गर्न दिने छैन :-

(क) उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधि एकजना,

(ख) समानुपातिक निर्वाचन प्रणाली तर्फ राजनीतिक दलको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधि एक जना,

(ग) मतगणनाको काममा खटिएका कर्मचारी,

(घ) आयोगबाट अनुगमनको लागि खटिएका पदाधिकारी वा कर्मचारी,

(ङ) आयोगबाट अनुमति प्राप्त पर्यवेक्षक,

(च) सुरक्षाको लागि खटिएका सुरक्षाकर्मी,

(छ) आयोग वा निर्वाचन अधिकृतबाट अनुमति पाएका अन्य व्यक्ति ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मतगणना स्थलको सुरक्षाको लागि खटिएको सुरक्षाकर्मी बाहेक कुनै प्रकारको हातहतियार वा खरखजाना लिएको व्यक्ति, लागू पदार्थ वा मादक पदार्थ सेवन गरेको व्यक्ति वा धुम्रपान गरिरहेको व्यक्तिलाई मतगणना अधिकृतले मतगणना स्थलमा प्रवेश गर्न दिने छैन ।

(३) मतगणना गर्ने काममा बाधा पुऱ्याउने जुनसुकै व्यक्तिलाई मतगणना अधिकृतले मतगणना गर्ने स्थानबाट बाहिर जान आदेश दिन सक्नेछ र त्यस्तो आदेश पालना नगरी अटेर गर्ने व्यक्तिलाई मतगणना अधिकृतको आदेश बमोजिम सुरक्षाकर्मीले त्यस्तो स्थानबाट बाहिर पठाउनेछ ।

११७. <u>मतगणना लगातार गर्ने</u> : (१) मतगणना अधिकृतले मतगणना प्रारम्भ गरेपछि मतगणनाको काम समाप्त नभएसम्म मतगणनाको काम लगातार गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि काबु बाहिरको परिस्थिति परी मतगणनाको काम बिचैमा रोक्नु परेमा मतगणना अधिकृतले गणना गरिसकेका मतपत्रहरु, मतगणना अभिलेख, मतगणना गर्न बाँकी रहेका मतपत्रहरु र मतगणना गर्न बाँकी मतपेटिकाहरुको लगत समेत अलग-अलग खाम, थैलो वा बोरामा बन्द गरी लाहाछाप लगाउनु पर्नेछ र त्यस्तो खाम, थैलो वा बोरामा उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिले चाहेमा आफ्नो लाहाछाप लगाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम रोकिएको मतगणनाको काम मतगणना अधिकृतले यथाशक्य छिटो पुनः प्रारम्भ गर्नु पर्नेछ र मतगणना अधिकृतले यसरी मतगणना पुनः प्रारम्भ हुने सूचना मतगणना गर्ने स्थानमा प्रकाशन गर्नु पर्नेछ ।

११८. <u>मतगणना पूरा हुनु अघि नै मतपत्र नोक्सान भएमा</u> : (१) मतगणना प्रारम्भ भए पछि मतगणना पूरा हुनुभन्दा पहिले कुनै मतदान केन्द्रमा प्रयोग गरिएको मतपत्र वा मतपत्र रहेको मतपेटिका मतगणना अधिकृतको नियन्त्रणबाट अन्यत्र लगिएमा, खोलिएमा, नोक्सान गरिएमा, तोडफोड गरिएमा, हराएमा वा दुर्घटनावश नोक्सान भएमा मतगणना अधिकृतले मतगणनाको काम स्थगन गरी त्यसको प्रतिवेदन निर्वाचन अधिकृतलाई दिनु पर्नेछ र निर्वाचन अधिकृतले त्यसको जानकारी आयोगलाई गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन प्राप्त भएमा आयोगले त्यस्तो घटनाको जाँचबुझ गर्नुपर्ने ठहऱ्याएमा आयोगको आयुक्त वा अनुगमन टोली खटाई जाँचबुझ गराउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदन वा उपदफा (२) बमोजिम जाँचबुझ गर्न खटाइएको आयुक्त वा अनुगमन टोलीको प्रतिवेदनको आधारमा त्यस्तो मतपत्र वा मतपेटिका मतगणना अधिकृतको नियन्त्रणबाट अन्यत्र लगिएको, खोलिएको, नोक्सान गरिएको, तोडफोड गरिएको, हराएको वा दुर्घटनावश नोक्सान भएको देखिएमा त्यस्ता मतपत्रको सङख्या यकिन गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम मतपत्रको सङ्ख्या यकिन गर्दा त्यस्ता मतसङ्ख्याको कारणले निर्वाचनको परिणाममा फरक नपर्ने देखिएमा सोही बमोजिम बाँकी रहेका मतपत्र गणना गरी निर्वाचन परिणाम घोषणा गर्नु पर्नेछ र त्यस्तो मतपत्रको गणना गर्न नसकिएको कारणले निर्वाचनको परिणाममा फरक पर्ने देखिएमा निर्वाचन अधिकृतले उपदफा (१) बमोजिमको कार्यबाट फरक परेको मतदान केन्द्रको सम्पूर्ण मतपत्रहरु रद्द गर्नेछ ।

(५) प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्यको समानुपातिक निर्वाचन प्रणाली बमोजिमको निर्वाचनमा उपदफा (१) बमोजिम मतपत्र नोक्सान भएकोमा उपदफा (३) बमोजिमको प्रतिवेदनको आधारमा निर्वाचन अधिकृतले त्यस्तो मतदान केन्द्रको सम्पूर्ण मतपत्रहरु रद्द गर्नेछ ।

(६) उपदफा (४) वा (५) बमोजिम मतपत्र रद्द गरिएको मतदान केन्द्रमा निर्वाचन अधिकृतले पुनः मतदान हुने स्थान र दिन तोकी सूचना प्रकाशन गर्नु पर्नेछ ।

११९. मतगणना स्थलको अनधिकृत कब्जा : (१) देहायको कुनै कार्य भएमा मतगणना स्थलको अनधिकृत कब्जा भएको मानिनेछः-

(क) कसैले बल प्रयोग गरी वा डर त्रास देखाई वा धम्की दिई मतगणना स्थललाई आफ्नो नियन्त्रणमा लिई मतगणनाको कार्य गर्न नदिएमा वा मतगणना कार्यमा प्रभाव पारेमा,

(ख) कसैले बल प्रयोग गरी, डरत्रास देखाई वा धम्की दिई मतगणना कार्यमा खटिएको निर्वाचन अधिकृत वा मतगणना अधिकृत वा कर्मचारीलाई आफ्नो कर्तव्य पालना गर्न नदिएमा वा निजको जिम्मामा रहेको मतपत्र, मतपेटिका, मतदानको लागि प्रयोग भएको विद्युतीय उपकरण वा मतगणना सम्बन्धी अन्य सामग्री, कागजात खोसेमा, च्यातेमा, नासेमा वा ध्वस्त पारेमा वा अन्य कुनै कार्य गरी मतगणनाको कार्य निष्पक्ष तथा स्वतन्त्र रुपमा सामान्य ढङ्गले सञ्चालन नहुने वा हुन नसक्ने गरी प्रभावित गरेमा ।

(२) उपदफा (१) बमोजिम मतगणना स्थलको अनधिकृत कब्जा भई मतगणना सम्बन्धी कार्यलाई निरन्तरता दिन नसकिने भएमा मतगणना अधिकृतले तत्काल मतगणना स्थगन गरी त्यसको प्रतिवेदन निर्वाचन अधिकृत र निर्वाचन अधिकृतले आयोगलाई दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन प्राप्त भएमा आयोगले त्यस्तो घटनाको सम्बन्धमा जाँचबुझ गर्नुपर्ने ठहऱ्याएमा आयोगको आयुक्त वा अनुगमन टोली खटाई जाँचबुझ गराउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम जाँचबुझ गर्न खटाइएको आयुक्त वा अनुगमन टोलीको प्रतिवेदनको आधारमा त्यस्तो मतगणना स्थल उपदफा (१) बमोजिम अनधिकृत कब्जा भई मतपत्र नोक्सान भएको देखिएमा आयोगले त्यस्तो कार्यबाट असर परेको मतदान केन्द्रको सम्पूर्ण मतपत्र रद्द गर्नेछ र यसरी मतपत्र रद्द भएकोमा सम्बन्धित मतदान केन्द्रको मतदान समेत रद्द हुनेछ ।

(५) उपदफा (४) बमोजिम मतदान रद्द भएको मतदान केन्द्रमा निर्वाचन अधिकृतले पुनः मतदान हुने दिन तोकी सम्बन्धित मतदान केन्द्रमा सूचना प्रकाशन गर्नु पर्नेछ ।

१२०. मतपत्र बदर हुने : मतगणना गर्दा देहायको अवस्थामा मतपत्र बदर हुनेछ :-

(क) सम्बन्धित मतदान अधिकृतको दस्तखत नभएको,

(ख) दफा १०० को उपदफा (३) बमोजिमको छाप वा चिन्ह बाहेक अन्य छाप, चिन्ह, सहीछाप वा औँठाछाप लगाई मत सङ्केत गरिएको,

(ग) कुन उम्मेदवारलाई मतदान गरेको हो भन्ने स्पष्ट नहुने गरी मत सङ्केत गरेको वा च्यातिएको,

(घ) समानुपातिक निर्वाचन तर्फ राजनीतिक दलको निर्वाचन चिन्ह भएको कोठामा र अन्य निर्वाचन तर्फ उम्मेदवारको निर्वाचन चिन्ह रहेको कोठामा मत सङ्केत नगरी अन्यत्र मत सङ्केत गरिएको,

(ङ) एकभन्दा बढी उम्मेदवार वा राजनीतिक दलको निर्वाचन चिन्ह भएको कोठामा मत सङ्केत गरिएको,

(च) एकभन्दा बढी उम्मेदवार वा राजनीतिक दलको निर्वाचन चिन्ह भएको कोठामा मत सङ्केतको चिन्ह पर्ने गरी मत सङ्केत गरिएको,

(छ) उम्मेदवार वा राजनीतिक दलको निर्वाचन चिन्ह भएको कोठामा मत सङ्केत गरी मतपत्रको अन्य भागमा समेत मतसङ्केत गरिएको,

(ज) मत सङ्केत नगरी मतदान गरेको,

(झ) कुनै पनि उम्मेदवार वा राजनीतिक दलको निर्वाचन चिन्हमा मत सङ्केत नगरी अन्यत्र मतसङ्केत गरिएको,

(ञ) मतदान अधिकृतले दिएको मतपत्र बाहेक अन्य मतपत्रद्वारा मतदान गरिएको,

(ट) पट्याएको मतपत्रभित्र रुपैयाँ, कागज वा अन्य कुनै वस्तु टाँस गरेको वा संलग्न गरेको वा कुनै रुपमा च्यातेको, प्वाल पारेको,

(ठ) मतपेटिकाभन्दा बाहिर राखिएको,

(ड) नक्कली वा नमूना मतपत्रमा मतदान गरेको, वा

(ढ) आयोगले बदर हुने भनी तोकेको अन्य मतपत्र ।

१२१. दोहोऱ्याई मतगणना गर्न सक्ने : (१) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली वा समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत भएको निर्वाचनको कुनै मतदान केन्द्रको मतगणना समाप्त नहुँदै वा गणना गरिएको मतपत्र सिलबन्दी नहुँदै कुनै उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिले केही वा सबै मतपत्र दोहोऱ्याई गणना गरी पाउँ भनी मतगणना अधिकृत समक्ष कारण सहित निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिएमा र दोहोऱ्याई मतगणना गर्नुपर्ने देखिएमा मतगणना अधिकृतले दोहोऱ्याई मतगणना गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम दोहोऱ्याई मतगणना गर्नु नपर्ने भएमा मतगणना अधिकृतले त्यसको कारण खुलाई सम्बन्धित निवेदकलाई सूचना दिनु पर्नेछ ।

१२२. मतगणनाको नतिजा निर्वाचन अधिकृत समक्ष पेश गर्ने : मतगणना अधिकृतले मतगणनाको कार्य सम्पन्न भए पछि तोकिएको ढाँचामा मतगणनाको नतिजा उल्लेख गरी निर्वाचन अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

१२३. निर्वाचन अधिकृतले मतगणना गर्ने : (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय सभा सदस्य, गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको सदस्यको निर्वाचनको मतगणना निर्वाचन अधिकृतले गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा १०९ को उपदफा (१) बमोजिम निर्वाचन अधिकृतलाई मतपेटिका हस्तान्तरण गरेको अवस्थामा प्रतिनिधि सभा, प्रदेश सभा वा गाउँ सभा वा नगर सभाको निर्वाचनमा भएको मतदानको मतगणना समेत निजले गर्नु वा गराउनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम निर्वाचन अधिकृतले मतगणना गर्नुपर्ने अवस्थामा मतगणना अधिकृतले यस ऐन बमोजिम प्रयोग गर्ने अधिकार र सम्पादन गर्नुपर्ने कार्य निर्वाचन अधिकृतले प्रयोग र सम्पादन गर्नेछ ।

१२४. राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचन परिणामको घोषणा : (१) राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचनमा मतगणना गर्दा सङ्घीय संसदका सदस्य र प्रदेश सभा सदस्यले दिएको मत छुट्टाछुट्टै गणना गरी तोकिए

बमोजिम मतगणना तालिका तयार गर्नु पर्नेछ र त्यस्तो मतलाई अनुसूची-१ बमोजिमको मतभारले गुणन गरी प्रत्येक उम्मेदवारले प्राप्त गरेको कूल सदर मत सङ्ख्या निर्धारण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै उम्मेदवारले प्राप्त गरेको कूल मत निर्वाचक मण्डलको तत्काल कायम रहेको कूल मतसङ्ख्याको पचास प्रतिशत भन्दा बढी भएमा निर्वाचन अधिकृतले त्यस्तो उम्मेदवार निर्वाचित भएको घोषणा गरी तोकिए बमोजिमको ढाँचामा निर्वाचन परिणाम प्रकाशन गर्नु पर्नेछ र त्यसको जानकारी आयोगमा पठाउनु पर्नेछ ।

१२५. पुनः मतदान गराउने : (१) दफा १२४ को उपदफा (२) बमोजिम कुनै उम्मेदवारले प्राप्त गरेको मत निर्वाचक मण्डलको तत्काल कायम रहेको कूल मतसङ्ख्याको पचास प्रतिशत भन्दा बढी नभएमा निर्वाचन अधिकृतले सबैभन्दा बढी मत प्राप्त गर्ने दुई जना उम्मेदवारहरू बीच मतदान हुने गरी मतदानको मिति तोकी पुनः मतदान गराउनेछ ।

(२) उपदफा (१) बमोजिम भएको मतदानमा कुनै उम्मेदवारले प्राप्त गरेको मत कूल मतसङ्ख्याको पचास प्रतिशतभन्दा बढी भएमा निर्वाचन अधिकृतले त्यस्तो उम्मेदवार निर्वाचित भएको घोषणा गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम भएको मतदानमा कुनै उम्मेदवारले कूल मतसङ्ख्याको पचास प्रतिशतभन्दा बढी मत प्राप्त नगरेमा पुनः अर्को मतदान हुने गरी निर्वाचन अधिकृतले मतदानको मिति तोकी मतदान गराउनेछ ।

(४) उपदफा (३) बमोजिम भएको मतदानमा खसेको कूल सदर मतसङ्ख्याको बढी मत प्राप्त गर्ने उम्मेदवारलाई निर्वाचन अधिकृतले निर्वाचित भएको घोषणा गरी निर्वाचन परिणाम प्रकाशन गर्नु पर्नेछ र त्यसको जानकारी आयोगमा पठाउनु पर्नेछ ।

१२६. राष्ट्रिय सभा सदस्यको निर्वाचनको परिणामको घोषणा : (१) राष्ट्रिय सभा सदस्यको निर्वाचनमा अध्यक्ष, उपाध्यक्ष, प्रमुख तथा उपप्रमुखले दिएको मत र प्रदेश सभाका सदस्यले दिएको मत छुट्टाछुट्टै गणना गरी तोकिए बमोजिम मतगणना तालिका तयार गर्नु पर्नेछ र त्यस्तो मतलाई अनुसूची-२ बमोजिमको मतभारले गुणन गरी प्रत्येक उम्मेदवारले प्राप्त गरेको कूल सदर मत सङ्ख्या निर्धारण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कायम हुन आएको कूल मतसङ्ख्याको आधारमा निर्वाचन अधिकृतले सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवारलाई निर्वाचित भएको घोषणा गरी तोकिएको ढाँचामा निर्वाचन परिणाम प्रकाशन गर्नु पर्नेछ र त्यसको जानकारी आयोगमा पठाउनु पर्नेछ ।

१२७. प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्यको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको निर्वाचन परिणामको घोषणा : (१) प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्य निर्वाचन अन्तर्गत पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गतको कुनै निर्वाचन क्षेत्रमा मतदान भएको सबै मतदान केन्द्रको मतगणनाको कार्य पूरा भई दफा १२२ बमोजिम मतगणनाको नतिजा प्राप्त भए पछि निर्वाचन अधिकृतले त्यस्ता मतदान केन्द्रको नतिजा जोडी तोकिए बमोजिम मतगणना तालिका तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको तालिका बमोजिम निर्वाचन अधिकृतले सबैभन्दा बढी सदर मत पाउने उम्मेदवार निर्वाचित भएको घोषणा गरी तोकिए बमोजिमको ढाँचामा निर्वाचन परिणाम प्रकाशन गर्नु पर्नेछ र त्यसको जानकारी आयोगमा पठाउनु पर्नेछ ।

१२८. समानुपातिक निर्वाचनको परिणाम घोषणा : (१) प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्यको समानुपातिक निर्वाचन प्रणाली तर्फको निर्वाचनमा खसेको मत गणना गरी निर्वाचन अधिकृतले प्रत्येक

राजनीतिक दलले प्राप्त गरेको कूल सदर मत सङ्ख्याको विवरण तोकिए बमोजिमको तालिकामा खुलाई आयोगमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सबै निर्वाचन क्षेत्रबाट विवरण प्राप्त गरेपछि आयोगले निर्वाचित गर्नुपर्ने कूल सङ्ख्यालाई प्रत्येक राजनीतिक दलले प्राप्त गरेको कूल सदर मत सङ्ख्याको अनुपातमा अनुसूची-५ बमोजिमको मत परिणाम विभाजक सूत्रको आधारमा निर्वाचित हुने सङ्ख्या निर्धारण गर्नेछ ।

(३) उपदफा (२) बमोजिम राजनीतिक दलहरुले प्राप्त गरेको कूल सदर मतलाई भाग गरी राजनीतिक दलले प्रतिनिधित्व गराउने सदस्य सङ्ख्या बाँडफाँड गर्दा कुनै प्रतिनिधित्वको सम्बन्धमा एकभन्दा बढी राजनीतिक दलको बराबर भागफल हुन आएमा आयोगले गोला हाली कुन राजनीतिक दलले प्रतिनिधित्व गराउने हो त्यसको निर्धारण गर्नेछ ।

(४) उपदफा (२) वा (३) बमोजिम राजनीतिक दलले प्रतिनिधित्व गराउने सदस्य सङ्ख्या निर्धारण गरेपछि आयोगले त्यस्तो राजनीतिक दलको तर्फबाट प्रतिनिधि सभा सदस्यको निर्वाचन भए सङ्घीय संसदमा र प्रदेश सभा सदस्यको निर्वाचन भए प्रदेश सभामा त्यस्तो राजनीतिक दलले प्रतिनिधित्व गर्ने कूल सदस्य सङ्ख्याको कम्तीमा एक तिहाई महिलाको प्रतिनिधित्व हुने सङ्ख्या तोकिए बमोजिम निर्धारण गरी सम्बन्धित राजनीतिक दललाई जानकारी गराउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम आयोगले जानकारी दिँदा त्यस्तो राजनीतिक दलले प्रतिनिधि सभा सदस्यको निर्वाचन भए अनुसूची-३ बमोजिम र प्रदेश सभा सदस्यको निर्वाचन भए अनुसूची-४ बमोजिमको समावेशी प्रतिनिधित्व हुने सदस्य सङ्ख्या समेत तोकिए बमोजिम निर्धारण गरेको विवरण उल्लेख गर्नु पर्नेछ ।

(६) उपदफा (४) र (५) बमोजिम जानकारी प्राप्त गरेपछि आयोगले निर्धारण गरेको विषयमा तात्विक असर नपर्ने गरी राजनीतिक दलले कुनै विवरण स्पष्ट गर्न चाहेमा वा सच्याउनु पर्ने भएमा त्यस्तो विवरण तीन दिनभित्र आयोगलाई दिनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिमको विवरण प्राप्त भएमा आयोगले त्यस्तो विवरण बमोजिम कुनै कुरा स्पष्ट गर्नुपर्ने वा सच्याउनु पर्ने देखिएमा सोही बमोजिम स्पष्ट गर्न वा सच्याउन सक्नेछ ।

(८) यस दफा बमोजिमको प्रक्रिया पूरा गरेपछि आयोगले निर्वाचित भएको कूल सदस्य सङ्ख्याको सूची तोकिए बमोजिमको ढाँचामा तयार गरी त्यस्तो उम्मेदवार निर्वाचित भएको घोषणा गर्नेछ र त्यसरी घोषणा भएका उम्मेदवारको नाम प्रतिनिधि सभा सदस्यको निर्वाचन भए राष्ट्रपति समक्ष पेश गर्ने र प्रदेश सभा सदस्यको निर्वाचन भए प्रदेश प्रमुख समक्ष पठाउनेछ ।

(९) उपदफा (८) बमोजिम घोषणा भएका उम्मेदवारको सूची आयोगले नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि समानुपातिक निर्वाचन प्रणालीको निर्वाचनमा प्रतिनिधि सभा सदस्यको निर्वाचन भए कूल सदर मतको कम्तीमा तीन प्रतिशत र प्रदेश सभा सदस्यको निर्वाचन भए कूल सदर मतको कम्तिमा एक दशमलव पाँच प्रतिशत मत प्राप्त गर्ने राजनीतिक दलको तर्फबाट मात्र उम्मेदवार निर्वाचित हुनेछ ।

(११) उपदफा (२) बमोजिम राजनीतिक दलले प्राप्त गरेको कूल सदर मत गणना गर्दा उपदफा (१०) मा उल्लिखित प्रतिशतभन्दा कम मत प्राप्त गर्ने राजनीतिक दलले प्राप्त गरेको मत बाहेक गरी बाँकी रहेको कूल मतसङ्ख्याको आधारमा यस दफा बमोजिम सम्बन्धित राजनितिक दलले प्रतिनिधित्व गराउने सदस्य सङ्ख्या आयोगले निर्धारण गर्नेछ ।

१२९. <u>स्थानीय तहका सदस्यको निर्वाचन परिणाम</u> : स्थानीय तहको सदस्यको निर्वाचनमा दफा १२२ बमोजिम मतगणनाको नतिजा प्राप्त भए पछि निर्वाचन अधिकृतले सम्बन्धित सबै मतदान केन्द्रको नतिजा जोडी तोकिए बमोजिम मतगणना तालिका तयार गरी देहाय बमोजिम सबै भन्दा बढी सदर मत पाउने उम्मेदवार देहायको पदमा निर्वाचित भएको घोषणा गर्नु पर्नेछ र त्यसको जानकारी आयोगमा पठाउनु पर्नेछ :-

(क) अध्यक्ष, उपाध्यक्ष, प्रमुख, उपप्रमुख, वडाध्यक्ष, स्थानीय तहको वडा समितिका महिला वडा सदस्य तथा दलित महिला सदस्य पदमा सबै भन्दा बढी मत ल्याउने एक जना,

(ख) वडा समितिका अन्य वडा सदस्य पदमा सबै भन्दा बढी मत पाउने दुई जना,

(ग) गाउँ कार्यपालिकाको महिला सदस्य पदमा सबै भन्दा बढी मत पाउने चार जना,

(घ) गाउँ कार्यपालिकाको दलित वा अल्पसङ्ख्यक समुदायबाट हुने सदस्य पदमा सबै भन्दा बढी मत पाउने दुई जना,

(ङ) नगर कार्यपालिकाको महिला सदस्य पदमा सबै भन्दा बढी मत पाउने पाँच जना,

(च) नगर कार्यपालिकाका दलित वा अल्पसङ्ख्यक समुदायबाट हुने सदस्य पदमा सबै भन्दा बढी मत पाउने तीन जना ।

१३०. <u>गोला हाली निर्धारण गर्ने</u> : (१) यस ऐन बमोजिम भएको निर्वाचनमा मतदान भएको सबै मतपत्रको मतगणनाको काम पूरा भइसकेपछि दुई वा दुईभन्दा बढी उम्मेदवारले प्राप्त गरेको सदर मत बराबर भई निर्वाचित उम्मेदवार छुट्याउन नसकिने भएमा निर्वाचन अधिकृतले दफा ११० को उपदफा (३) बमोजिम निबिदा मतपत्रको मत गणना गरी मतसङ्ख्या निर्णय गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निबिदा मतपत्रको गणना गर्दा पनि दुई वा दुई भन्दा बढी उम्मेदवारको सदर मत सङ्ख्या समान भएमा बराबर मत प्राप्त गर्ने उम्मेदवारको बीच गोला हाली त्यसको निर्णय गर्नेछ र त्यस्तो निर्णय बमोजिम छानिएको उम्मेदवारले एक मत बढी प्राप्त गरेको मानिनेछ।

१३१. <u>प्रमाणपत्र दिने</u> : निर्वाचित भएको उम्मेदवारलाई निर्वाचन अधिकृतले तोकिएको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ ।

१३२. <u>प्रतिवेदन पेश गर्ने</u> : निर्वाचन अधिकृतले निर्वाचनको परिणाम प्रकाशन गरिसकेपछि तोकिए बमोजिमको विवरणसहितको प्रतिवेदन आयोगमा पेश गर्नु पर्नेछ ।

१३३. <u>निर्वाचन परिणाम पेश गर्ने</u> : आयोगले देहायको अधिकारी समक्ष देहायको निर्वाचनको परिणाम पेश गर्नु पर्नेछ :-

(क) राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको तीन दिनभित्र राष्ट्रपति समक्ष,

(ख) राष्ट्रिय सभा सदस्यको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको सात दिन भित्र राष्ट्रपति समक्ष,

(ग) प्रतिनिधि सभा सदस्य निर्वाचनको अन्तिम परिणाम घोषणा भएको पन्ध्र दिनभित्र राष्ट्रपति समक्ष,

(घ) प्रदेश सभा सदस्य निर्वाचनको अन्तिम परिणाम घोषणा भएको पन्ध्र दिनभित्र प्रदेश प्रमुख समक्ष ।

१३४. पदावधि गणना : (१) प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य वा स्थानीय तहका सदस्यको पदावधि गणना गर्दा निर्वाचन भएको दिनबाट गणना गरिनेछ ।

तर कुनै निर्वाचन एक भन्दा बढी चरणमा भएकोमा पहिलो चरणमा निर्वाचन भएको दिनलाई निर्वाचन भएको दिन मानिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्यको निर्वाचनको लागि उम्मेदवारी दाखिला गर्ने दिन देखि त्यस्तो सभाको कार्यकाल स्वतः समाप्त भएको मानिनेछ ।

तर स्थानीय तहको सदस्यको निर्वाचन भए त्यस्तो तहको निर्वाचनमा उम्मेदवारी दाखिला गर्ने त्यस्तो तहको सदस्यको पदावधि निजले उम्मेदवारी दाखिल गरेको दिन देखि स्वतः समाप्त भएको मानिनेछ ।

## परिच्छेद-८

## उम्मेदवार तथा राजनीतिक दलको प्रतिनिधि

१३५. निर्वाचन प्रतिनिधि : (१) उम्मेदवारले कुनै मतदातालाई निर्वाचनको लागि आफ्नो निर्वाचन प्रतिनिधि नियुक्त गर्न सक्नेछ र त्यसरी नियुक्ति गरेमा त्यसको लिखित सूचना निर्वाचन अधिकृतलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त निर्वाचन प्रतिनिधिले गरेको सम्पूर्ण काम कारवाही सम्बन्धित उम्मेदवार आफैले गरेको मानिनेछ ।

(३) समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका सम्बन्धमा राजनीतिक दलको तर्फबाट गर्नुपर्ने सम्पूर्ण काम कारबाही गर्न राजनीतिक दलले तोकिए बमोजिम आफ्नो निर्वाचन प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।

(४) उम्मेदवार वा राजनीतिक दलले निर्वाचन प्रतिनिधिको नियुक्ति जुनसुकै बखत रद्द गरी अर्को निर्वाचन प्रतिनिधि नियुक्त गर्न सक्नेछ र त्यसरी अर्को निर्वाचन प्रतिनिधि नियुक्त गरेको लिखित सूचना सम्बन्धित निर्वाचन अधिकृतलाई दिनु पर्नेछ ।

(५) निर्वाचन प्रतिनिधिको योग्यता तथा अन्य काम, कर्तव्य तोकिए बमोजिम हुनेछ ।

१३६. मतदान प्रतिनिधि र मतगणना प्रतिनिधि : (१) उम्मेदवार वा निर्वाचन प्रतिनिधिले प्रत्येक मतदान केन्द्रको लागि तोकिए बमोजिम मतदान प्रतिनिधि नियुक्त गर्न सक्नेछ र त्यसरी मतदान प्रतिनिधि नियुक्त गरेको लिखित सूचना मतदान अधिकृत र निर्वाचन अधिकृतलाई दिनु पर्नेछ ।

(२) उम्मेदवार वा निर्वाचन प्रतिनिधिले मतगणना स्थलमा उपस्थित रहन तोकिए बमोजिम मतगणना प्रतिनिधि नियुक्त गर्न सक्नेछ र त्यसरी मतगणना प्रतिनिधि नियुक्त गरेको लिखित सूचना मतगणना अधिकृतलाई दिनु पर्नेछ ।

(३) उम्मेदवार वा निर्वाचन प्रतिनिधिले मतदान प्रतिनिधि वा मतगणना प्रतिनिधिको नियुक्ति जुनसुकै बखत रद्द गरी अर्को मतदान प्रतिनिधि वा मतगणना प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम अर्को मतदान प्रतिनिधि नियुक्त गरेकोमा मतदान अधिकृतलाई र अर्को मतगणना प्रतिनिधि नियुक्त गरेकोमा मतगणना अधिकृतलाई जानकारी दिनु पर्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मतदान केन्द्रमा नै मतगणना भएको अवस्थामा उम्मेदवारले नियुक्त गरेको एक जना मतदान प्रतिनिधिले नै मतगणना प्रतिनिधिको रुपमा समेत काम गर्नेछ ।

(६) मतदान प्रतिनिधि र मतगणना प्रतिनिधिको सङ्ख्या, योग्यता तथा काम, कर्तव्य तोकिए बमोजिम हुनेछ ।

१३७. काम नरोकिने : यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम निर्वाचन सम्बन्धी कुनै कामको सन्दर्भमा कुनै उम्मेदवार वा निर्वाचन प्रतिनिधि, मतदान प्रतिनिधि वा मतगणना प्रतिनिधि उपस्थिति हुनु पर्ने अवस्थामा त्यस्तो उम्मेदवार वा प्रतिनिधि उपस्थित नरहेमा वा निजहरुमध्ये कसैले गर्नुपर्ने काम नगरेमा सोही कारणले मात्र मतदान वा मतगणनाको काम रोकिने छैन र त्यस्तो काम कानून बमोजिम नै भएको मानिनेछ ।

## परिच्छेद—९

## धरौटी

१३८. धरौटी राख्नु पर्ने : (१) देहायको निर्वाचनमा देहाय बमोजिमको रकम आयोगको धरौटी खातामा जम्मा गर्नु पर्नेछ :-

(क) राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचनमा उम्मेदवार हुने व्यक्तिले पचास हजार रुपैयाँ,

(ख) राष्ट्रिय सभा सदस्यको निर्वाचनमा उम्मेदवार हुने व्यक्तिले चालीस हजार रुपैयाँ,

(ग) प्रतिनिधि सभा सदस्यको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनमा उम्मेदवार हुने व्यक्तिले चालीस हजार रुपैयाँ र समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनमा उम्मेदवारको बन्दसूची पेश गर्ने राजनीतिक दलले दुई लाख रुपैयाँ,

(घ) प्रदेश सभा सदस्यको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनमा उम्मेदवार हुने व्यक्तिले तीस हजार रुपैयाँ र समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनमा उम्मेदवारको बन्दसूची पेश गर्ने राजनीतिक दलले दुई लाख रुपैयाँ,

(ङ) स्थानीय तहको निर्वाचनमा देहायको पदमा उम्मेदवार हुने व्यक्तिले देहाय बमोजिमको रकम

(१) वडा सदस्यको एक हजार रुपैयाँ,
(२) वडा अध्यक्ष दश हजार,
(३) अध्यक्ष पन्ध्र हजार,
(४) उपाध्यक्ष बाह्र हजार,
(५) प्रमुख पच्चीस हजार,
(६) उपप्रमुख बीस हजार,
(७) महानगरपालिका वा उपमहानगरपालिकाको प्रमुख चालीस हजार,
(८) महानगरपालिका वा उपमहानगरपालिकाको उपप्रमुख पच्चीस हजार ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दलित, महिला, तोकिएको अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, आर्थिक रुपले विपन्न वा अल्पसङ्ख्यक समुदायको उम्मेदवार भए धरौटी रकममा पचास प्रतिशत छुट हुनेछ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "आर्थिक रुपले विपन्न" भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको भन्दा न्यून आय भएको भनी सम्बन्धित स्थानीय तहले सिफारिश गरेको व्यक्ति सम्झनु पर्छ ।

(३) उपदफा (१) बमोजिम राख्नु पर्ने धरौटी रकम उम्मेवार वा राजनीतिक दलले निर्वाचन अधिकृतको कार्यालयमा नगदै बुझाउन वा बैङ्कमा नगद धरौटी राखेको रसिद पेश गर्न सक्नेछ ।

१३९. धरौटी जफत हुने : (१) निर्वाचित उम्मेदवार बाहेक जम्मा सदर मतको दश प्रतिशतभन्दा कम सदर मत पाउने उम्मेदवारको धरौटी रकम जफत हुनेछ ।

(२) समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनमा कुनै राजनीतिक दलले कम्तीमा एक सदस्य प्रतिनिधित्व गराउन नसकेमा त्यस्तो राजनीतिक दलले राखेको धरौटी रकम जफत हुनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम जफत भएको धरौटी रकम र अन्य उम्मेदवार र मनोनयनपत्र स्वीकृत नभएको वा नाम फिर्ता लिएका व्यक्तिले राखेको धरौटी रकम निर्वाचन परिणाम घोषणा भएको मितिले तीन महिना भित्र सम्बन्धित व्यक्ति वा राजनीतिक दलले फिर्ता नलिएमा त्यस्तो रकम समेत सङ्घीय सञ्चित कोषमा जम्मा गरिनेछ ।

## भाग - ५

### परिच्छेद -१

### निर्वाचन खर्च सम्बन्धी व्यवस्था

१४०. निर्वाचन खर्चको सिमा तोक्ने : (१) आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी राजनीतिक दल वा उम्मेदवारले निर्वाचनको लागि मनोनयनपत्र दर्ता गरेको दिन देखि अन्तिम परिणाम घोषणा नभएसम्म गर्न पाउने निर्वाचन खर्चको अधिकतम सिमा तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोगले निर्वाचन खर्चको सिमा तोक्दा भौगोलिक क्षेत्रको बिकटता वा दुरी, मतदानकेन्द्रको सङ्ख्या, मतदाताको सङ्ख्या र यातायातको साधनको उपलब्धता समेतको आधारमा फरक फरक क्षेत्रमा निर्वाचन खर्चको सिमा फरक फरक हुने गरी तोक्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम तोकेको अधिकतम सिमाभन्दा बढी हुने गरी राजनीतिक दल वा उम्मेदवारले निर्वाचन खर्च गर्नु वा गराउनु हुँदैन।

१४१. बैङ्क खाताबाट खर्च गर्नु पर्ने : (१) उम्मेदवारले निर्वाचनमा खर्च गर्दा दफा ७८ बमोजिम मनोनयनपत्रमा उल्लेख गरेको बैङ्क खातामार्फत खर्च गर्नु पर्नेछ।

(२) प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्यको समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा उम्मेदवार हुने व्यक्तिले दफा ९० को उपदफा (७) बमोजिम पेश गरेको बैङ्क खातामार्फत खर्च गर्नु पर्नेछ।

(३) यस ऐन बमोजिम हुने निर्वाचनमा राजनीतिक दलले आफ्ना उम्मेदवारलाई निर्वाचन खर्च उपलब्ध गराउँदा उपदफा (१) वा (२) बमोजिमको बैङ्क खातामा जम्मा हुने गरी उपलब्ध गराउनु पर्नेछ।

१४२. <u>स्वेच्छिक आर्थिक सहयोग</u> : (१) नेपाली नागरिकले निर्वाचनको प्रयोजनको लागि कुनै उम्मेदवार वा राजनीतिक दललाई स्वेच्छिक आर्थिक सहयोग गर्न सक्नेछ ।

(२) उम्मेदवार वा राजनीतिक दलले देहायका सरकारी कार्यालय, संस्था वा व्यक्तिबाट आर्थिक सहयोग लिन सक्ने छैनः-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कुनै पनि निकाय वा कार्यालय,

(ख) पब्लिक लिमिटेड कम्पनी वा त्यस्तै प्रकृतिका सङ्गठित संस्था,

(ग) सरकारी वा सामुदायिक विश्वविद्यालय, क्याम्पस, विद्यालय वा प्राज्ञिक वा शैक्षिक संस्था,

(घ) राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था,

(ङ) विदेशी सरकार, संस्था वा व्यक्ति,

(च) नाम नखुलेको व्यक्ति वा संस्था,

(छ) आयोगले तोकेको अन्य संस्था ।

(३) यस दफा बमोजिम उम्मेदवार वा राजनीतिक दलले कुनै व्यक्तिबाट पच्चीस हजार रुपैयाँभन्दा बढी आर्थिक सहयोग प्राप्त गर्दा बैङ्किङ चेक वा बैङ्किङ ट्रान्सफर मार्फत मात्र गर्नु पर्नेछ ।

(४) उम्मेदवार वा राजनीतिक दलले यस दफा बमोजिम आर्थिक सहयोग प्राप्त गर्दा त्यसको रसिद दिनु पर्नेछ ।

(५) यस दफा बमोजिम आर्थिक सहयोग प्रदान गर्दा उम्मेदवार वा राजनीतिक दलबाट कुनै आर्थिक वा व्यक्तिगत फाइदा लिने शर्त गरी प्रदान गर्न र त्यस्तो फाइदा दिने गरी उम्मेदवारले सहयोग प्राप्त गर्नु हुँदैन ।

(६) उम्मेदवार वा राजनीतिक दलले कुनै व्यक्तिबाट पचास हजार रुपैयाँभन्दा बढी सहयोग लिँदा त्यसको स्रोत खुलाउन लगाएर मात्र लिनु पर्नेछ ।

१४३. <u>अनुगमन गर्ने</u> : (१) राजनीतिक दल वा उम्मेदवारले निर्वाचनको प्रयोजनको लागि यस ऐन बमोजिम खर्च गरे वा नगरेको सम्बन्धमा आयोग वा निर्वाचन अधिकृतले अनुगमन गर्नु वा गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमनको लागि आयोग वा निर्वाचन अधिकृतले तोकिए बमोजिमको अनुगमन संयन्त्र बनाई परिचालन गर्न सक्नेछ ।

(३) निर्वाचन खर्च सम्बन्धमा कुनै राजनीतिक दल वा उम्मेदवारले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत खर्च गरेको जानकारी भएमा आयोगले सुक्ष्म अनुगमनको व्यवस्था मिलाउन सक्नेछ ।

(४) निर्वाचन खर्चको अनुगमन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१४४. <u>सरकारी वा सार्वजनिक सम्पत्तिको प्रयोग गर्न नहुने</u> : निर्वाचनमा कुनै पनि उम्मेदवार वा राजनीतिक दलले सरकारी वा सामुदायिक विश्वविद्यालय, विद्यालय, धार्मिक स्थल, अस्पताल लगायत कुनै पनि सरकारी, सार्वजनिक वा सामुदायिक सम्पत्तिको प्रयोग गर्नु वा गराउनु हुँदैन ।

१४५. <u>निर्वाचन खर्चको विवरण पेश गर्नुपर्ने</u> : (१) निर्वाचनमा भाग लिने राजनीतिक दल वा उम्मेदवारले आयोगले तोकेको ढाँचामा आम्दानी र खर्चको बिल भर्पाई सहितको विवरण राखी निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले पैंतालीस दिनभित्र त्यस्तो विवरण सार्वजनिक गरी सम्बन्धित जिल्लाको निर्वाचन कार्यालयमा निर्वाचन खर्चको विवरण पेश गर्नु पर्नेछ ।

तर राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचनमा भाग लिने उम्मेदवार वा प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्यको समानुपातिक निर्वाचन प्रणाली तर्फको निर्वाचनमा भाग लिने राजनीतिक दलले आयोगमा पेश गर्नु पर्नेछ ।

(२) राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका प्रमुख, उपप्रमुख, अध्यक्ष वा उपाध्यक्ष वा राजनीतिक दलले उपदफा (१) बमोजिम निर्वाचन खर्चको विवरण पेश गर्दा कानून बमोजिम इजाजत प्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराई त्यस्तो लेखापरीक्षण प्रतिवेदन समेत पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम पेश भएको विवरण आयोग वा आयोगले तोकिदिएको अधिकारीले जाँच गराउन सक्नेछ।

## भाग -६

## <u>निर्वाचन सम्बन्धी कसूर तथा सजाय</u>

### परिच्छेद -१

### <u>निर्वाचन सम्बन्धी लिखत तथा निर्वाचन सामग्री सम्बन्धी कसूर तथा सजाय</u>

१४६. <u>झुट्टा विवरण वा कागजात सहित मनोनयन पत्र पेश गर्न नहुने</u> : (१) कसैले पनि उम्मेदवारी दिँदा झुट्टा विवरण दिइ वा कागजात पेश गरी मनोनयन पत्र पेश गर्न, गर्न लगाउन वा स्वघोषणा गर्नु हुँदैन ।

(२) उपदफा (१) विपरीतको कार्य गर्ने व्यक्तिलाई निर्वाचन अधिकृतले पच्चीस हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ र त्यस्तो उम्मेदवार निर्वाचित भइसकेको भए निजको निर्वाचन स्वतः बदर हुनेछ।

१४७. <u>निर्वाचन सामग्रीको प्रयोगमा बाधा पुऱ्याउन नहुने</u> : (१) कसैले पनि निर्वाचनमा प्रयोग गरिने वा प्रयोग गरिएको मतपत्र, मतपेटिका वा अन्य सामग्री खोस्न, लुट्न, चोर्न, कब्जामा लिन, खोल्न, नष्ट गर्न वा निर्वाचनमा प्रयोग हुन नदिन कुनै किसिमले रोकावट वा हस्तक्षेप गर्न वा गराउन हुँदैन ।

(२) कसैले पनि मतदातालाई मतदान गर्नबाट वञ्चित गर्ने उद्देश्यले मतदाता परिचयपत्र कब्जा गरी राख्न, बिगार्न वा खरिद गर्न हुँदैन।

(३) कसैले पनि मतदान अधिकृतको स्वीकृति बिना निर्वाचनमा प्रयोग गरिने वा प्रयोग गरिएको मतपत्र, मतपेटिका वा अन्य सामग्री निर्वाचनमा प्रयोग हुन नदिन मतदान केन्द्रबाट बाहिर वा अन्यत्र कतै लैजान हुँदैन।

(४) कसैले पनि निर्वाचनमा संलग्न कर्मचारीले टाँसेको वा टाँस्न लगाएको निर्वाचन सम्बन्धी कुनै विवरण, सूचना, सूची वा अन्य कुनै कागजातमा कुनै व्यहोरा थप्न, केरमेट गर्न, सच्याउन, हटाउन वा त्यस्तो कागजात च्यात्न वा कुनै किसिमले बिगार्न, नोक्सान गर्न वा नष्ट गर्न वा त्यस्तो कार्य गर्न लगाउन हुँदैन।

(५) उपदफा (१) विपरीतको कार्य गर्ने व्यक्तिलाई पाँच लाख रुपैयाँसम्म जरिबाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ।

(६) उपदफा (२), (३) वा (४) विपरीतको कार्य गर्ने व्यक्तिलाई एक लाख रुपैयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ।

१४८. मतपत्रको दुरुपयोग गर्न नहुने : (१) कसैले पनि मतपत्रलाई नष्ट गर्न, मतपत्रमा लागेको निर्वाचन अधिकृत वा मतदान अधिकृतको सही वा छाप वा मतपत्रमा अङ्कित कुनै चिन्ह वा सङ्केत मेट्न, केर्न, सच्याउन, किर्ते गर्न, बिगार्न वा नष्ट गर्न वा अन्य कुनै किसिमले मतपत्र नोक्सान वा दुरुपयोग गर्न वा गराउन हुँदैन ।

(२) कसैले पनि नक्कली मतपत्र तयार गर्न वा त्यस्तो मतपत्र ओसारपसार गर्न हुँदैन ।

(३) कसैले पनि मतपत्र खरिद बिक्री गर्न हुँदैन ।

(४) कसैले पनि आधिकारिक छाप वा चिन्ह लागेको मतपत्र मतदान नगरी आफूसँग राख्न वा मतदान केन्द्र बाहिर लैजान हुँदैन ।

(५) उपदफा (१), (२) वा (३) विपरीतको कार्य गर्ने व्यक्तिलाई एक लाख रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(६) उपदफा (४) विपरीतको कार्य गर्ने व्यक्तिलाई मतदान अधिकृतले पचास हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

१४९. गैरकानूनी तवरले मतपत्र दिन वा लिन नहुने : (१) निर्वाचनको दिन मतदानको प्रयोजनको लागि मतदातालाई दिएकोमा बाहेक निर्वाचन अधिकृत वा मतपत्र जिम्मा लिने कर्मचारीले नगद, जिन्सी, सेवा वा अन्य कुनै प्रकारको लाभ लिई वा नलिई वा लिन मञ्जुर गरी वा नगरी त्यस्तो मतपत्र कसैलाई दिन हुँदैन ।

(२) कसैले पनि कसैलाई नगद, जिन्सी वा सेवा दिई वा दिन मञ्जुर गरी वा कुनै किसिमको लोभ देखाई वा कुनै किसिमको डर, त्रास, धाक वा धम्की दिई वा कुनै किसिमको बल प्रयोग गरी वा नगरी गैरकानूनी तवरले मतदान गर्नको लागि कसैबाट मतपत्र प्राप्त गर्न वा गराउन हुँदैन ।

(३) उपदफा (१) वा (२) विपरीतको कार्य गर्ने व्यक्तिलाई पाँच लाख रुपैयाँसम्म जरिबाना वा दुई वर्षसम्म कैद वा दुबै सजाय हुनेछ ।

## परिच्छेद -२

## मतदाता तथा मतदाता नामावली सम्बन्धी कसूर तथा सजाय

१५०. आफ्नो विवरण ढाँट्न नहुने : (१) कसैले आफ्नो नाम, थर, वतन, उमेर वा अन्य विवरण ढाँटी मतदाताको रुपमा नाम दर्ता गराउन वा दर्ता गराउनको लागि निवेदन दिन हुँदैन ।

(२) कसैले मतदाता नामावलीबाट कसैको नाम हटाउन नाम, थर, वतन, उमेर वा अन्य विवरण ढाँटी विरोधपत्र दिनु हुँदैन ।

(३) उपदफा (१) वा (२) विपरीतको कार्य गर्ने व्यक्तिलाई सम्बन्धित प्रमुख जिल्ला अधिकारीले पचास हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

१५१. मतदाता नामावली सच्याउन, बिगार्न, नोक्सान गर्न नहुने : (१) कसैले पनि जानी जानी मतदाता नामावलीमा कुनै व्यहोरा थप्न, केरमेट गर्न, सच्याउन वा त्यस्तो मतदाता नामावली कुनै किसिमले बिगार्न, नोक्सान वा नष्ट गर्न हुँदैन ।

(२) उपदफा (१) विपरीतको कार्य गर्ने व्यक्तिलाई सम्बन्धित प्रमुख जिल्ला अधिकारिले पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

१५२. कर्मचारीलाई डर, धम्की, प्रलोभन दिन वा बल प्रयोग गर्न नहुने : (१) कसैले पनि मतदाता नामावली तयार गर्ने कार्यमा खटिएका कर्मचारीलाई कुनै किसिमको डर, धम्की वा प्रलोभन दिन वा बल प्रयोग गरी आफ्नो कर्तव्य पालन गर्न वा गराउनबाट रोक्नु हुँदैन ।

(२) उपदफा (१) विपरीतको कार्य गर्ने व्यक्तिलाई सम्बन्धित प्रमुख जिल्ला अधिकारीले पचास हजार रुपैयाँसम्म जरिवाना वा  तीन महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

१५३. गोप्यता भङ्ग गर्न नहुने : (१) कसैले पनि मतदाता वा मतदाता नामावली सम्बन्धी यस ऐन बमोजिम गोप्य राख्नु पर्ने कागजात वा विवरणको गोप्यता भङ्ग गर्नु हुँदैन ।

(२) उपदफा (१) विपरीतको कार्य गर्ने व्यक्तिलाई सम्बन्धित प्रमुख जिल्ला अधिकारीले पचास हजार रुपैयाँसम्म जरिवाना वा एक महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

१५४. विवरण दुरुपयोग गर्न नहुने : (१) कसैले पनि मतदाता नामावली दर्ता गर्ने प्रयोजनको लागि आयोगले सङ्कलन गरेको मतदाताको नाम, थर, वतन, फोटो र अन्य विवरण अनधिकृत रुपमा प्रकाशन वा वितरण गर्न वा जानी जानी दुरुपयोग गर्न वा यस ऐनमा उल्लिखित प्रयोजनको विपरीत हुने गरी प्रयोग गर्नु हुँदैन ।

(२) उपदफा (१) विपरीतको कार्य गर्ने व्यक्तिलाई सम्बन्धित प्रमुख जिल्ला अधिकारीले पचास हजार रुपैयाँसम्म जरिवाना वा एक महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

## परिच्छेद -३

## मतदान तथा मतगणना सम्बन्धी कसूर तथा सजाय

१५५. मतदान गर्न नहुने : (१)  यस ऐन बमोजिम मतदान गर्न पाउने मतदाता बाहेक अन्य कसैले निर्वाचनमा मतदान गर्न हुँदैन ।

(२) कसैले पनि अर्को मतदाताको नामको मतपत्र बुझिलिन वा अर्काको नामबाट मतदान गर्न हुँदैन ।

(३) उपदफा (१) वा (२) विपरीतको कार्य गर्ने व्यक्तिलाई मतदान अधिकृतले पचास हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(४) उपदफा (१) वा (२) विपरीतको कार्य कुनै गैर नेपाली नागरिकले गरेमा पाँच लाख रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

१५६. पटक पटक मतदान गर्न नहुने : (१) कसैले पनि यस ऐन बमोजिम मतदान गर्न पाउने अवस्थामा बाहेक एक निर्वाचनमा एक पटक भन्दा बढी मतदान गर्न हुँदैन ।

(२) उपदफा (१) विपरीतको कार्य गर्ने व्यक्तिलाई मतदान अधिकृतले पचास हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

१५७. मत सङ्केतको गोपनियता भङ्ग गर्न नहुने : (१) कसैले पनि मतपत्रमा मत सङ्केत गरेपछि त्यस्तो मतपत्र कसैलाई देखाउन, प्रदर्शन गर्न, त्यसको तस्वीर खिच्न वा श्रव्यदृश्य सामग्री बनाउन, मत सङ्केत स्थलमा मत सङ्केत नगरी त्यस भन्दा बाहिर गई मत सङ्केत गर्न वा मतदान स्थलको क्षेत्रभित्र आफूले कुन उम्मेदवार वा दललाई मतदान गरेको भन्ने कुरा सार्वजनिक गरी मतसङ्केतको गोपनियता भङ्ग गर्नु वा गराउनु हुँदैन ।

(२) उपदफा (१) विपरीतको कार्य गर्ने व्यक्तिलाई मतदान अधिकृतले पच्चीस हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(३) उपदफा (१) विपरीतको कार्य गरी कसैले मतपत्र मतपेटिकामा खसाली नसकेको भए मतदान अधिकृतले सोही व्यहोरा उल्लेख गरी त्यस्तो मतपत्रलाई छुट्टै खाममा सीलबन्दी गरी त्यसको मुचुल्कासाथ राख्नु पर्नेछ र त्यस्तो मतपत्र गणना गरिने छैन ।

(४) कसैले पनि कुनै मतदातालाई कुन उम्मेदवार वा राजनीतिक दललाई मतदान गरेको हो प्रकट गर्न बाध्य गर्नु वा गराउनु हुँदैन ।

(५) उपदफा (४) विपरीतको कार्य गर्ने व्यक्तिलाई पाँच लाख रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

१५८. मतदानको प्रक्रिया उल्लङ्घन गर्न नहुने : (१) कसैले पनि मतदान गर्दा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा आयोगले तोकेको प्रक्रिया उल्लङ्घन गर्न हुँदैन ।

(२) उपदफा (१) विपरीतको कार्य गर्ने व्यक्तिलाई मतदान अधिकृतले पच्चीस हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

१५९. मतदान भएको मतपत्र बिगार्न वा नष्ट गर्न नहुने : (१) कसैले पनि मतदाताले मतदान गरी मतपेटिका भित्र खसालेको मतपत्र बिगार्न वा नष्ट गर्न वा मतपत्र बिगार्ने वा नष्ट गराउने कुनै वस्तु वा पदार्थ मतपेटिकाभित्र खसाल्न वा राख्न वा विद्युतीय उपकरण वा माध्यमद्वारा मत सङ्केत गरिएको भए त्यस्तो मतपत्र वा मत सङ्केतलाई निकाल्न वा नष्ट गर्न वा मतसंकेत परिवर्तन गर्न वा त्यस्तो मत सङ्केत प्रभावित हुने गरी कुनै संयन्त्र, उपकरण वा विद्युतीय माध्यम बनाउन वा त्यसको प्रयोग गर्न वा त्यस्तो संयन्त्र वा उपकरण अन्य कसैलाई दिन वा पठाउन (फरवार्ड गर्न) हुँदैन ।

(२) उपदफा (१) विपरीतको कार्य गर्ने व्यक्तिलाई पाँच लाख रुपैयाँसम्म जरिबाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

१६०. मतपत्र बाहेक अन्य वस्तु खसाल्न वा राख्न नहुने : (१) कसैले पनि मतदानको प्रयोजनको लागि राखिएको मतपेटिका भित्र मतपत्र बाहेक अन्य कुनै वस्तु खसाल्न वा राख्न हुँदैन ।

(२) उपदफा (१) विपरीतको कार्य गर्ने व्यक्तिलाई मतदान अधिकृतले पच्चीस हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

तर मतपत्र बिगार्ने वा नष्ट गराउने वस्तु वा पदार्थ खसालेमा वा राखेमा दफा १५९ बमोजिम सजाय हुनेछ ।

१६१. मतदान गर्न बाधा गर्न नहुने : (१) कसैले पनि मतदातालाई मतदान स्थलमा प्रवेश गर्न नदिन, मतदान गर्न जाँदा गौंडा, बाटो वा सवारीसाधन छेक्न वा मतदान केन्द्रमा मतदान गर्न अन्य कुनै किसिमले बाधा अवरोध गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) विपरीतको कार्य गर्ने व्यक्तिलाई मतदान अधिकृत वा सम्बन्धित प्रमुख जिल्ला अधिकारीले पचास हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

१६२. मतपत्रमा दस्तखत नगरी मतपत्र दिन नहुने : (१) मतदान अधिकृत वा मतदानमा खटिएको कर्मचारीले मतदान अधिकृतको दस्तखत नभएको मतपत्र जानी जानी मतदातालाई दिनु हुँदैन ।

(२) उपदफा (१) विपरीतको कार्य गर्ने मतदान अधिकृत वा मतदानमा खटिएको कर्मचारीलाई प्रचलित कानून बमोजिम विभागीय सजाय हुनेछ ।

१६३. मतगणना स्थलमा अनधिकृत रुपमा प्रवेश गर्न नहुने : (१) उम्मेदवार, निर्वाचन प्रतिनिधि, मतगणना प्रतिनिधि वा आयोगबाट अनुमति प्राप्त व्यक्ति बाहेक अन्य कुनै पनि व्यक्तिले मतगणना स्थलमा प्रवेश गर्न हुँदैन ।

(२) उपदफा (१) विपरीतको कार्य गर्ने व्यक्तिलाई निर्वाचन अधिकृत वा मतगणना अधिकृतले पच्चीस हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

१६४. मतगणना सम्बन्धी सामग्री बिगार्न वा नोक्सान गर्न नहुने : (१) कसैले पनि मतगणना भइरहेको अवस्थामा मतपेटिका, मतपत्र वा निर्वाचन सम्बन्धी अन्य कुनै पनि कागजपत्र बल प्रयोग गरी वा नगरी खोस्न, लुट्न, बिगार्न, च्यात्न वा कुनै किसिमले नोक्सान गर्न वा निर्वाचन अधिकृतको अनुमति बिना मतगणना स्थलबाट अन्यत्र लैजान हुँदैन ।

(२) उपदफा (१) विपरीतको कार्य गर्ने व्यक्तिलाई पाँच लाख रुपैयाँसम्म जरिबाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

१६५. गलत ढङ्गले मतगणना गर्न नहुने : (१) मतगणना अधिकृत वा मतगणनामा संलग्न कुनै कर्मचारीले कुनै मत सदर मतपत्र हो वा सदर मतपत्र होइन भन्ने विश्वास गर्न सकिने मनासिब आधार र कारण हुँदाहुँदै त्यस्तो मतपत्र गणना गर्न वा नगर्न हुँदैन ।

(२) उपदफा (१) विपरीतको कार्य गर्ने मतगणना अधिकृत वा कर्मचारीलाई निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम कारबाही हुनेछ ।

१६६. हातहतियार लिई हिँडन नहुने : (१) कुनै पनि व्यक्तिले मतदान केन्द्र वा मतगणना स्थल र त्यसको वरिपरि कुनै प्रकारको विष्फोटक पदार्थ वा रासायनिक वा विषालु पदार्थ वा लाठी, भाला, खुकुरी, बन्दुक, पेस्तोल वा त्यस्तै प्रकारका अन्य हातहतियार, खरखजाना लिएर हिँड्न, प्रदर्शन गर्न, प्रयोग गर्न वा गराउन हुँदैन ।

तर निर्वाचनको सुरक्षाको लागि खटिएका सुरक्षाकर्मीले कानून बमोजिम लिन पाउने हातहतियार लिई सुरक्षा प्रदान गर्न बाधा पर्ने छैन ।

(२) उपदफा (१) विपरीतको कार्य गर्ने व्यक्तिलाई पाँच लाख रुपैयाँसम्म जरिबाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

१६७. शान्ति भङ्ग गर्न नहुने : (१) मतदानको कार्य प्रारम्भ हुनुभन्दा कम्तिमा तीन घण्टा अघिदेखि मतदान कार्य सम्पन्न नभएसम्म कसैले पनि मतदाता वा मतदान केन्द्रमा मतदानको कार्यमा संलग्न व्यक्ति, कर्मचारी, सुरक्षाकर्मी वा मतदातालाई बाधा पुग्ने गरी मतदान केन्द्र रहेको घर, भवन वा ठाउँ र त्यसको वरिपरिको कुनै निजी वा सार्वजनिक घर, भवन वा जग्गामा देहायका कुनै काम गरी शान्ति भङ्ग गर्न, भय, त्रास सिर्जना गर्न वा निर्वाचनको वातावरण बिथोल्ने कार्य गर्न वा गराउन हुँदैन :-

(क) साउण्ड सिस्टम, सर्ट मेसेज सर्भिस (एसएमएस), सामाजिक सञ्जाल वा यस्तै अन्य कुनै साधन प्रयोग,

(ख) बाजा बजाउन, नाचगान गर्न, सार्वजनिक भोजभतेर गर्न, जुलुस प्रदर्शन वा जुनसुकै किसिमको सभा वा समारोह गर्न वा हुलहुज्जत वा होहल्ला ।

(२) उपदफा (१) विपरीतको कार्य गर्ने व्यक्तिलाई मतदान अधिकृतले एक लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ र मतदान कार्य सम्पन्न नभएसम्म त्यस्तो कार्य गर्ने व्यक्तिलाई सुरक्षाकर्मीको नियन्त्रणमा राख्न आदेश दिन सक्नेछ ।

## परिच्छेद -४

## स्वच्छ तथा स्वतन्त्र निर्वाचन विरुद्धका कसूर तथा सजाय

१६८. बाधा अवरोध पुऱ्याउन वा डर त्रास देखाउन नहुने : (१) कसैले स्वच्छ तथा स्वतन्त्र निर्वाचनको मर्यादामा प्रभाव पर्ने गरी कसैलाई बाधा अवरोध पुर्याई वा डर त्रास देखाई देहायका कुनै काम गर्नु हुँदैन :-

(क) कुनै पनि व्यक्तिलाई निर्वाचनमा उम्मेदवारी दिन, मनोनयनपत्र दर्ता गर्न, निर्वाचनको प्रचार-प्रसार गर्न वा मतदानको अधिकार प्रयोग गर्नबाट वञ्चित गर्ने उद्देश्यले बाधा अवरोध पुऱ्याउने वा पुऱ्याउन लगाउने, थुनछेक गर्ने वा गराउने वा धरपकड गर्ने, अपहरण गर्ने वा शरिर बन्धक लिने,

(ख) कुनै पनि किसिमको हातहतियार वा विस्फोटक पदार्थ प्रदर्शन वा प्रयोग गर्ने,

(ग) कुनै किसिमको शारिरिक वा मानसिक क्षति पुऱ्याउने,

(घ) धाक, धम्की वा डर त्रास देखाउने ।

(२) उपदफा (१) विपरीतको कार्य गर्ने व्यक्तिलाई पाँच लाख रुपैयाँसम्म जरिबाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(३) उपदफा (१) बमोजिमको कुनै कसूरमा उपदफा (२) का अतिरिक्त प्रचलित कानून बमोजिम मुद्दा चलाउन उपदफा (२) ले कुनै बाधा पुऱ्याउने छैन ।

१६९. प्रभाव पार्न नहुने : (१) निर्वाचनको सिलसिलामा उम्मेदवार, निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले देहायका कुनै काम गरी कुनै उम्मेदवार, मतदाता वा निजहरुमध्ये कसैको सरोकार वा स्वार्थ भएको कुनै व्यक्ति, निर्वाचन अधिकृत वा निर्वाचनमा संलग्न कर्मचारीलाई कुनै किसिमको प्रभाव पार्न हुँदैन :-

(क) सामाजिक प्रतिष्ठामा आघात पुऱ्याउने, गाली गलौज गर्ने, सामाजिक बहिष्कार गर्ने वा सामाजिक बहिष्कार गर्न धम्की दिने,

(ख) कुनै किसिमले लोभ लालच देखाउने वा नगद, जिन्सी, सेवा वा अन्य कुनै किसिमको आर्थिक प्रलोभन देखाउने,

(ग) कुनै किसिमको भोजभतेरको आयोजना गर्न,

(घ) धर्म भकाउने वा प्रतिज्ञा गराउने,

(ङ) सामाजिक सञ्जाल मार्फत अन्य कुनै किसिमले प्रभाव पार्ने ।

(२) निर्वाचन अधिकृत, मतदान अधिकृत वा निर्वाचनको काममा संलग्न कर्मचारी, पदाधिकारी, अनुगमनकर्ता, सुरक्षाकर्मी, आयोगले खटाएको पर्यवेक्षक, सञ्चारकर्मी वा कुनै संस्थाले निर्वाचनको कुनै काम गर्दा कानून बमोजिम कुनै उम्मेदवारलाई आफ्नो मत दिन बाहेक कुनै उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसार गर्न वा अन्य कुनै किसिमको काम गर्न वा गराउन हुँदैन ।

(३) उपदफा (१) वा (२) विपरीतको कार्य गर्ने व्यक्तिलाई पाँच लाख रुपैयाँसम्म जरिबाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

१७०. नगद वा जिन्सी दिन वा लिन नहुने : (१) उम्मेदवार, निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले निर्वाचन अवधिभित्र कुनै मतदातालाई निजको मतदानको अधिकार प्रयोग गर्न वा नगर्नको लागि वा मतदानको अधिकार प्रयोग गरे वा नगरे बापत कुनै किसिमको उपहार, पुरस्कार, इनाम, दानदातव्य वा बकसको रुपमा नगद वा जिन्सी दिन वा दिन मञ्जुर गर्न वा मतदाताले पनि त्यस्तो प्रयोजनको लागि

त्यस्तो नगद वा जिन्सी लिन वा लिन मञ्जुर गर्न र सो प्रयोजनको लागि निर्वाचन हुनुभन्दा अघि, निर्वाचन अवधि भित्र वा निर्वाचन परिणाम घोषणा भईसकेपछि भोजभतेर आयोजना गर्न वा गरिएको भोजभतेरमा सहभागी हुन हुँदैन ।

तर नब्बे दिनभन्दा कम अवधि रहने गरी निर्वाचन मिति घोषणा भएमा त्यसरी घोषणा भएको मितिदेखि सम्बन्धित निर्वाचन क्षेत्रमा मतदान कार्य सम्पन्न नभएसम्मको अवधिलाई निर्वाचन अवधि मानिनेछ।

(२) उपदफा (१) विपरीतको कार्य गर्ने व्यक्तिलाई एक लाख रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

## परिच्छेद -५

## निर्वाचन प्रचार-प्रसार सम्बन्धी कसूर तथा सजाय

१७१. प्रचार-प्रसार गर्न नहुने : (१) निर्वाचनमा उम्मेदवार, निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले राजनीतिक दल वा उम्मेदवारको प्रचार-प्रसार गर्दा वा गराउँदा देहायका कुनै कार्य हुने गरी प्रचार-प्रसार गर्न वा गराउन हुँदैन :-

(क) नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता, स्वाभिमान तथा जनतामा निहित सार्वभौमसत्तामा आँच पुऱ्याउने वा खलल पार्ने,

(ख) कुनै धर्म, जात, जाति, वर्ग, क्षेत्र वा सम्प्रदायबीचको सुसम्बन्धमा खलल पुऱ्याउने वा हिंसात्मक कार्य गर्न दुरुत्साहन गर्ने वा भाषा, धर्म, समुदाय वा क्षेत्रीयताको आधारमा घृणा वा द्वेष उत्पन्न गर्ने ।

(२) उपदफा (१) विपरीतको कार्य गर्ने व्यक्तिलाई पाँच लाख रुपैयाँसम्म जरिबाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(३) उपदफा (१) बमोजिमको कुनै कसूरमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन उपदफा (२) ले कुनै बाधा पुऱ्याउने छैन ।

१७२. चरित्र हनन गर्न नहुने : (१) उम्मेदवार, निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले निर्वाचनको प्रचार-प्रसार गर्दा निर्वाचनको नतिजामा प्रभाव पार्नका लागि सार्वजनिक सञ्चार माध्यम, सामाजिक सञ्जाल वा अन्य कुनै माध्यमबाट अर्को कुनै उम्मेदवार वा निजको परिवारको सदस्यको कुनै पनि किसिमले चरित्र हनन गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) विपरीतको कार्य गर्ने व्यक्तिलाई एक लाख रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(३) उपदफा (१) बमोजिमको कार्य कानून बमोजिम कुनै कसूर हुने रहेछ भने त्यस्तो कसूरमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन उपदफा (२) ले कुनै बाधा पुऱ्याउने छैन ।

१७३. निर्वाचनको प्रचार-प्रसारमा गर्न नहुने अन्य कार्य : (१) कसैले पनि निर्वाचनको प्रचार-प्रसार गर्ने उद्देश्यले आयोगले निर्धारण गरेको आकार र रङको सामान्य पर्चा वितरण गर्न बाहेक कुनै प्रकारको पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले छाप्न वा छपाउन वा प्रयोग गर्न वा गराउन हुँदैन ।

(२) निर्वाचन सम्बन्धी प्रचार-प्रसारको लागि कुनै पनि धार्मिक, पुरातात्विक, ऐतिहासिक, सरकारी, सार्वजनिक वा निजी भवन, स्मारक, पर्खाल वा बनोटमा कुनै पर्चा टाँस्न वा टाँस्न लगाउन वा लेख्न वा लेख्न लगाउन हुँदैन ।

(३) उपदफा (१) बमोजिम निर्वाचन सम्बन्धी प्रचार-प्रसारको लागि पर्चा तयार गर्दा मुद्रण गर्ने छापाखानाको नाम तथा मुद्रण गर्न लगाउने राजनीतिक दल वा व्यक्तिको नाम र ठेगाना उल्लेख नगरी तयार गर्न वा त्यस्तो सामग्री प्रयोग गर्न हुँदैन ।

(४) निर्वाचनको प्रचार-प्रसार गर्ने उद्देश्यले स्थानीय प्रशासनले अनुमति दिएको स्थानमा गरिने सभा वा भेलामा बाहेक अन्यत्र साउण्ड सिस्टमको प्रयोग गरी शान्ति भङ्ग गर्न वा गराउन हुँदैन ।

(५) कसैले पनि मतदान हुने दिनभन्दा चौबीस घण्टा अघिदेखि मतगणनाको काम पूरा नभएसम्म कुनै उम्मेदवार वा राजनीतिक दलको पक्ष वा विपक्षमा मतदान गर्ने वा नगर्ने उद्देश्यले सभा बोलाउन वा आयोजना गर्न, जुलुस निकाल्न वा नाराबाजी गर्न, सामाजिक सञ्जाल, अनलाइन, छापा वा अन्य कुनै माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना वा प्रचार प्रसारका सामग्री पोष्ट वा शेयर गर्न वा गराउन तथा अन्य कुनै पनि प्रकारले प्रचार-प्रसार गर्न वा गराउन हुँदैन ।

(६) उपदफा (१), (२), (३), (४) वा (५) विपरीतको कार्य गर्ने व्यक्तिलाई आयोग वा निर्वाचन अधिकृतले एक लाख रुपैयाँसम्म जरिवाना गरी उपदफा (३) वा (४) विपरीत प्रयोग भएको सामग्री जफत गर्नेछ ।

(७) उपदफा (१) वा (२) विपरीत राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले पर्चा, पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले प्रयोग गरे वा गराएमा उपदफा (६) बमोजिमको अधिकारीले त्यस्तो पर्चा, पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले जफत गर्नेछ र त्यस्तो पर्चा, पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले प्रयोग गरेको स्थानलाई दुरुस्त बनाई राख्न आदेश दिन सक्नेछ र त्यस्तो आदेश भएमा त्यस्तो व्यक्तिले आदेशको पालना गर्नु वा गराउनु पर्नेछ ।

(८) उपदफा (७) बमोजिमको आदेशको पालना नगरेमा त्यस्तो दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि वा व्यक्तिलाई उपदफा (६) बमोजिमको अधिकारीले थप पचास हजार रुपैयाँसम्म जरिबाना गरी त्यस्तो पर्चा, पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले प्रयोग गरेको स्थान दुरुस्त बनाउन लागेको खर्च असुल उपर गर्न सक्नेछ ।

(९) सामाजिक सञ्जाल वा विद्युतीय प्रचार-प्रसार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१७४. <u>अनुचित ढङ्गले सवारी साधनको प्रयोग गर्न नहुने</u> : (१) निर्वाचनको प्रचार-प्रसारको सिलसिलामा कुनै राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले आयोगले तोकेको सङ्ख्याभन्दा बढी र आयोग वा निर्वाचन अधिकृतले अनुमति दिएको बाहेक अन्य सवारी साधन प्रयोग गर्न वा गराउन हुँदैन ।

(२) निर्वाचनको प्रचार-प्रसारको सिलसिलामा कुनै राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व भएको संस्था वा कुनै शिक्षण संस्था वा गैरसरकारी संस्थाको सवारी साधन प्रयोग गर्न वा गराउन हुँदैन ।

(३) निर्वाचनको प्रचार-प्रसारको सिलसिलामा कुनै राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले विदेशी मुलुकमा दर्ता रहेको वा विदेशी व्यक्तिको स्वामित्वमा रहेको कुनै सवारी साधन प्रयोग गर्न वा गराउन हुँदैन ।

(४) कुनै पनि राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले निर्वाचन प्रचार-प्रसारको सिलसिलामा कुनै सवारी साधनको प्रयोग गरी ऱ्याली गर्न वा गराउन हुँदैन ।

(५) उपदफा (१), (२), (३) वा (४) विपरीतको कुनै कार्य गर्ने राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि वा व्यक्तिलाई आयोग, निर्वाचन अधिकृत वा अनुगमनकर्ताले एक लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(६) उपदफा (१), (२), (३) वा (४) विपरीत राजनीतिक दल वा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले सवारी साधन प्रयोग गरेकोमा उपदफा (५) बमोजिम जरिबाना गर्ने अधिकारीले त्यस्तो सवारी साधन निर्वाचनको अन्तिम परिणाम घोषणा नभएसम्मको लागि आफ्नो नियन्त्रणमा लिन सक्नेछ र उपदफा (२) बमोजिमको सवारी साधन प्रयोग भएकोमा त्यस्तो सवारी साधन प्रयोग गर्न दिने अधिकारीलाई विभागीय कारबाही गर्न आयोगले सम्बन्धित अख्तियारवालालाई लेखी पठाउन सक्नेछ ।

१७५. <u>सरकारी वा सार्वजनिक स्रोतको प्रयोग गर्न नहुने</u> : (१) निर्वाचनको प्रचार-प्रसारको सिलसिलामा कुनै राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि, सार्वजनिक पद धारण गरेका व्यक्ति वा अन्य कुनै व्यक्तिले दफा १४४ बमोजिमको सरकारी, सार्वजनिक वा सामुदायिक सम्पत्तिको प्रयोग गर्न वा गराउन हुँदैन ।

तर स्थानीय प्रशासनले अनुमति दिएको खुला जग्गामा प्रचार प्रसार गर्न, जुलुस वा आमसभा कार्यक्रम सञ्चालन गर्न बाधा पर्ने छैन ।

(२) उपदफा (१) विपरीतको कार्य गर्ने व्यक्तिलाई निर्वाचन अधिकृत, मतदान अधिकृत वा अनुगमनकर्ताले सरकारी, सार्वजनिक वा सामुदायिक सम्पत्तिको प्रयोग गर्न वा गराउनबाट रोक्न कुनै उम्मेदवार, राजनीतिक दल, निर्वाचन प्रतिनिधि वा कुनै व्यक्तिलाई आदेश दिन सक्नेछ र त्यस्तो आदेशको पालना गर्नु त्यस्तो राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि वा व्यक्तिको कर्तव्य हुनेछ ।

(३) उपदफा (२) बमोजिमको आदेश पालना नगरेमा त्यस्तो कार्य गर्ने राजनीतिक दल, उम्मेदवार वा व्यक्तिलाई आयोग वा निर्वाचन अधिकृतले एक लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(४) उपदफा (१) मा उल्लिखित सम्पत्ति नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व भएको संस्थाको रहेछ भने त्यस्तो सम्पति प्रयोग गर्न दिने अधिकारीलाई विभागीय कारबाहीको लागि आयोगले लेखी पठाउनेछ ।

## परिच्छेद-६

## <u>निर्वाचन प्रचार-प्रसारको आय-व्यय सम्बन्धी कसूर तथा सजाय</u>

१७६. <u>अन्य खाताबाट खर्च गर्नु नहुने</u> : (१) राजनीतिक दल वा उम्मेदवारले निर्वाचन प्रचार-प्रसारमा खर्च गर्दा दफा ७८ वा दफा ९० को उपदफा (७) मा उल्लिखित बैङ्क खाताबाट खर्च नगरी अन्यत्रबाट खर्च गर्नु वा गराउनु हुँदैन ।

(२) उपदफा (१) विपरीत खर्च गरे गराएमा आयोगले त्यस्तो दल वा उम्मेदवारलाई पाँच लाख रुपैयासम्म जरिबाना गर्न सक्नेछ र त्यस्तो दल वा उम्मेदवारको त्यस्तो खातामा रहेको सम्पूर्ण रकम आयोगले जफत गर्न सक्नेछ ।

१७७. <u>आर्थिक सहयोग लिन नहुने</u> : (१) राजनीतिक दल, उम्मेदवार वा निर्वाचन प्रतिनिधिले निर्वाचन प्रचार-प्रसारको क्रममा दफा १४२ विपरीत हुने गरी आर्थिक सहयोग लिन हुँदैन ।

(२) उपदफा (१) विपरीत आर्थिक सहयोग लिने राजनीतिक दल, उम्मेदवार वा व्यक्ति र त्यस्तो आर्थिक सहयोग दिने पदाधिकारी, कर्मचारी वा व्यक्तिलाई आयोगले त्यसरी लिएको आर्थिक सहयोग बराबरको रकम वा पाँच लाख रुपैयाँमध्ये जुन बढी हुन्छ त्यस्तो रकम जरिबाना गर्न सक्नेछ ।

(३) उपदफा (१) विपरीत आर्थिक सहयोग कुनै सरकारी वा सार्वजनकि संस्थामा बहाल रहेको कुनै पदाधिकारी वा कर्मचारीले दिएको रहेछ भने त्यस्तो पदाधिकारी वा कर्मचारीलाई विभागीय कारवाहीको लागि आयोगले लेखी पठाउन सक्नेछ ।

१७८. अन्य व्यक्तिबाट खर्च गराउन नहुने : (१) राजनीतिक दल वा उम्मेदवारले निर्वाचन प्रचार-प्रसारमा खर्च गर्दा अन्य व्यक्तिबाट खर्च गर्न वा गराउन हुँदैन ।

तर आफ्नो निर्वाचन प्रतिनिधि मार्फत खर्च गर्न बाधा पर्ने छैन ।

(२) कसैले पनि सम्बन्धित राजनीतिक दल वा उम्मेदवारको स्वीकृति बिना त्यस्तो दल वा उम्मेदवारको तर्फबाट खर्च गर्नु हुँदैन ।

(३) उपदफा (१) विपरीतको कार्य गर्ने राजनीतिक दल वा उम्मेदवारलाई आयोग वा निर्वाचन अधिकृतले पचास हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(४) उपदफा (२) विपरीतको कार्य गर्ने व्यक्तिलाई आयोग वा निर्वाचन अधिकृतले बिगो बमोजिम वा दुई लाख रुपैयाँ मध्ये जुन बढी हुन्छ सो बराबरको रकम जरिबाना गर्न सक्नेछ ।

१७९. निर्धारित सिमा भन्दा बढी रकम खर्च गर्न नहुने : (१) राजनीतिक दल वा उम्मेदवारले निर्वाचन प्रचार-प्रसारमा दफा १४० बमोजिम निर्धारण भएको निर्वाचन खर्चको सीमा भन्दा बढी रकम खर्च गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) विपरीतको कार्य गर्ने राजनीतिक दल वा उम्मेदवारलाई त्यस्तो दल वा उम्मेदवारले गरेको खर्च बराबरको रकम आयोगले जरिबाना गर्न सक्नेछ ।

१८०. निषेधित कार्यको लागि आर्थिक सहयोग लिन वा खर्च गर्न नहुने : (१) राजनीतिक दल वा उम्मेदवारले निर्वाचन प्रचार-प्रसारको सिलसिलामा यस ऐन वा निर्वाचन आचारसंहिता बमोजिम निषेध गरिएको काम कारबाही गर्न वा गराउनका लागि कुनै प्रकारले आर्थिक सहयोग लिन वा त्यस्तो काम कारबाहीको लागि खर्च गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) विपरीतको कार्य गर्ने राजनीतिक दल वा उम्मेदवारलाई आयोगले त्यसरी गरेको आम्दानी वा खर्च बराबरको रकम जरिबाना गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम भएको जरिबाना रकम सम्बन्धित राजनीतिक दल वा उम्मेदवारले तीस दिनभित्र बुझाउनु पर्नेछ र त्यस्तो जरिबाना नबुझाउने उम्मेदवार बढीमा छ वर्षसम्म कुनै पनि निर्वाचनमा उम्मेदवार हुन अयोग्य हुनेछ ।

१८१. आम्दानी र खर्चको विवरण बुझाउनु पर्ने : (१) राजनीतिक दल वा उम्मेदवारले निर्वाचन प्रचार-प्रसारमा भएको आम्दानी र खर्चको विवरण दफा १४५ बमोजिमको कार्यालयमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको आम्दानी र खर्चको विवरण राजनीतिक दल वा उम्मेदवारले सम्बन्धित सबैको जानकारीको लागि आयोगले तोके बमोजिम सार्वजनिक गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम देहायको उम्मेदवारले आम्दानी र खर्चको विवरण पेश नगरेमा देहाय बमोजिम जरिवाना हुनेछः-

(क) राष्ट्रपति वा उपराष्ट्रपति पदको उम्मेदवारलाई दुई लाख देखि पाँच लाख रुपैयाँसम्म,

(ख) सङ्घीय संसद वा प्रदेश सभाका सदस्यको उम्मेदवारलाई एक लाख देखि पाँच लाख रुपैयाँसम्म,

(ग) महानगरपालिका, उपमहानगरपालिका वा नगरपालिकाका प्रमुख वा उपप्रमुखको उम्मेदवारलाई पचास हजार देखि पाँच लाख रुपैयाँसम्म,

(घ) गाउँपालिकाका अध्यक्ष वा उपाध्यक्षको उम्मेदवारलाई चालीस हजार देखि पाँच लाख रुपैयाँसम्म,

(ङ) स्थानीय तहका वडा अध्यक्षको उम्मेदवारलाई पच्चीस हजार देखि दुई लाख रुपैयाँसम्म,

(च) स्थानीय तहका वडा सदस्यको उम्मेदवारलाई पाँच हजार देखि पचास हजार रुपैयाँसम्म।

(४) देहायको उम्मेदवारले दफा १४५ को उपदफा (२) बमोजिम निर्वाचनमा भएको आम्दानी र खर्चको लेखापरीक्षण गराई प्रतिवेदन पेश नगरेमा वा उपदफा (१) बमोजिमको विवरण सार्वजनिक नगरेमा देहाय बमोजिम जरिवाना हुनेछः-

(क) राष्ट्रपति वा उपराष्ट्रपति पदको उम्मेदवारलाई पचहत्तर हजार देखि दुई लाख रुपैयाँसम्म,

(ख) सङ्घीय संसद वा प्रदेश सभाका सदस्यको उम्मेदवारलाई पचास हजार देखि दुई लाख रुपैयाँसम्म,

(ग) महानगरपालिका, उपमहानगरपालिका वा नगरपालिकाका प्रमुख वा उपप्रमुखको उम्मेदवारलाई चालीस हजार देखि दुई लाख रुपैयाँसम्म,

(घ) गाउँपालिकाका अध्यक्ष वा उपाध्यक्षको उम्मेदवारलाई तीस हजार देखि एक लाख रुपैयाँसम्म,

(ङ) स्थानीय तहका वडा अध्यक्षको उम्मेदवारलाई बीस हजार देखि एक लाख रुपैयाँसम्म,

(च) स्थानीय तहका वडा सदस्यको उम्मेदवारलाई दुई हजार देखि दश हजार रुपैयाँसम्म।

(५) समानुपातिक निर्वाचन प्रणाली तर्फको प्रतिनिधि सभा वा प्रदेश सभा सदस्यको निर्वाचनमा राजनीतिक दलले उपदफा (१) बमोजिम आम्दानी र खर्चको विवरण पेश नगरेमा वा उपदफा (२) बमोजिमको विवरण सार्वजनिक नगरेमा वा लेखापरीक्षण प्रतिवेदन पेश नगरेमा एक लाख देखि पाँच लाख रुपैयाँ जरिवाना हुनेछ।

(६) उपदफा (१) बमोजिम पेश भएको विवरण आयोगले जाँच गराउँदा अस्वाभाविक वा निर्वाचनको स्वच्छतामा प्रतिकूल हुने गरी वा गैरकानूनी प्रयोजनका लागि गैरकानूनी तवरले प्राप्त गरी गैरकानूनी रुपमा खर्च गरेको देखिएमा आयोगले त्यस्तो राजनीतिक दल वा उम्मेदवारलाई त्यसरी गरेको खर्च बराबरको रकम वा दश लाख रुपैयाँ मध्ये जुन बढी हुन्छ सो बराबरको रकम जरिबाना गर्न सक्नेछ ।

(७) उपदफा (३), (४), (५) वा (६) बमोजिम भएको जरिबाना रकम सम्बन्धित राजनीतिक दल वा उम्मेदवारले छ महिनाभित्र बुझाउनु पर्नेछ र नबुझाएमा त्यस्तो राजनीतिक दल वा

उम्मेदवारलाई आयोगले तत्कालै लागू हुने गरी बढीमा छ वर्षसम्म कुनै पनि निर्वाचनमा भाग लिन रोक लगाउन वा उम्मेदवार हुन अयोग्य घोषित गर्न सक्नेछ ।

तर यसरी निर्वाचनमा भाग लिन रोक लगाइएको वा उम्मेदवार हुन अयोग्य घोषित गरिएको कारणले उपदफा (६) बमोजिमको जरिबाना बुझाउने दायित्वबाट सम्बन्धित दल वा उम्मेदवारले छुट पाउने छैन ।

(८) उपदफा (१) बमोजिम निर्वाचन खर्च वा जरिबाना नबुझाउने उम्मेदवार निर्वाचित भएको भए निजले त्यस्तो विवरण नबुझाएसम्म निर्वाचित भएको पदको पदीय हैसियतमा काम गर्न र त्यस्तो पदको सुविधा समेत लिन पाउने छैन ।

१८२. उम्मेदवारी रद्द हुने : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा १७६, १७७, १७८, १७९, १८० वा १८१ बमोजिम सजाय भएमा त्यस्तो उम्मेदवारको उम्मेदवारी स्वतः रद्द हुनेछ र त्यस्तो उम्मेदवार निर्वाचित भई सकेको भए निजको निर्वाचन स्वतः बदर हुनेछ ।

## परिच्छेद-७

## स्वच्छ निर्वाचन विरुद्धको अन्य कसूर तथा सजाय

१८३. गलत लिखतलाई मान्यता दिन नहुने : (१) निर्वाचन अधिकृत, मतदान अधिकृत वा निर्वाचनमा संलग्न कर्मचारीले कुनै लिखत, कागजात, अभिलेख वा विवरण झुट्टा हो भन्ने विश्वास गर्नुपर्ने मनासिब आधार र कारण हुँदाहुँदै त्यस्तो लिखत, कागजात वा अभिलेखलाई कानून बमोजिमको प्रयोजनका लागि मान्यता दिन हुँदैन ।

(२) उपदफा (१) विपरीत कार्य गर्ने निर्वाचन अधिकृत, मतदान अधिकृत वा कर्मचारीलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

१८४. पदीय जिम्मेवारीबाट पन्छिन नहुने : (१) निर्वाचन अधिकृत, मतदान अधिकृत, निर्वाचनमा संलग्न कर्मचारी वा सुरक्षाकर्मी वा आयोगबाट खटाइएको अनुगमनकर्ताले आफूले सम्पादन गर्नुपर्ने काम, पालना गर्नुपर्ने कर्तव्य र प्रयोग गर्नुपर्ने अधिकार सम्पादन, पालना वा प्रयोग नगरी आफ्नो पदीय जिम्मेवारीबाट पन्छिन हुँदैन ।

(२) उपदफा (१) विपरीत कार्य गर्ने निर्वाचन अधिकृत, मतदान अधिकृत, कर्मचारी वा सुरक्षाकर्मीलाई निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम कारबाही हुनेछ ।

१८५. मतदानको गोपनीयता भङ्ग गर्न नहुने : (१) निर्वाचन अधिकृत, मतदान अधिकृत, निर्वाचनमा संलग्न कर्मचारी वा सुरक्षाकर्मी, अनुगमनकर्ता वा आयोगले निर्वाचनमा खटाएको पर्यवेक्षक वा उम्मेदवार वा निजको कुनै प्रतिनिधि वा मतदाता वा अन्य व्यक्तिले कुनै मतदाताले मत दिएको वा नदिएको वा कुनै उम्मेदवारलाई मत दिएको वा कसले कति मत पाएको वा मतपत्रमा मतदाता चिनिने गरी कुनै पनि किसिमको सङ्केत वा चिन्ह रहेको वा अन्य कुनै कुराहरु कसैलाई भनी, लेखी वा कुनै किसिमले प्रकाशन गरी प्रकट गर्न वा गराउन हुँदैन ।

तर निर्वाचन अधिकृत वा मतगणना अधिकृत वा निजबाट अधिकारप्राप्त अधिकारीले मतगणनाको सिलसिलामा उम्मेदवारहरुले पाएको मतसङ्ख्या सार्वजनिक रुपमा जानकारी गराउन वा त्यस्तो जानकारीको आधारमा बोल्न, लेख्न वा प्रकाशन गर्न यस दफाले कुनै बाधा पुऱ्याएको मानिने छैन ।

(२) उपदफा (१) विपरीतको कार्य गर्ने निर्वाचन अधिकृत वा मतगणना अधिकृतलाई आयोगले र अन्य व्यक्तिलाई आयोग, निर्वाचन अधिकृत वा मतदान अधिकृतले पचास हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) विपरीतको कार्य निर्वाचन अधिकृत, मतदान अधिकृत, कर्मचारी वा सुरक्षाकर्मीले गरेमा निजलाई निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम विभागीय कारबाहीका लागि समेत आयोगले लेखी पठाउन सक्नेछ ।

१८६. निर्वाचनमा प्रतिकूल असर पर्ने अन्य कार्य गर्न नहुने : (१) कसैले पनि यस ऐनमा उल्लिखित कार्यका अतिरिक्त निर्वाचन सम्बन्धी कार्यमा प्रतिकूल असर पर्ने अन्य कुनै किसिमको कार्य गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) विपरीतको कार्य गर्ने वा गराउनेलाई आयोग, निर्वाचन अधिकृत, मतदान अधिकृत वा अनुगमनकर्ताले पचास हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

१८७. उद्योग, मद्दत वा दुरुत्साहन गर्न नहुने : (१) कसैले पनि यस ऐन विपरीतको कार्य गर्ने उद्योग गर्न वा त्यस्तो कसूर गर्न मद्दत वा दुरुत्साहन गर्न हुँदैन ।

(२) उपदफा (१) विपरीतको कार्य गर्ने व्यक्तिलाई कसूरदारलाई हुने सजाय बराबरको सजाय हुनेछ ।

१८८. ऐनको बहिर्क्षेत्रीय प्रयोगः कसैले नेपाल बाहिर यस ऐन बमोजिमको कुनै कसुर गरेमा निजलाई नेपाल भित्र नै त्यस्तो कसुर गरे सरह यस ऐन बमोजिम सजाय हुनेछ।

## परिच्छेद-८

## जरिबाना तथा विभागीय कारबाही

१८९. जरिबाना गर्ने : (१) यस ऐन बमोजिम आयोग, निर्वाचन अधिकृत, प्रमुख जिल्ला अधिकारी, मतदान अधिकृत वा अनुगमनकर्ताले जरिबाना गर्दा कसूरको गम्भिरताको आधारमा तोकिएको कार्यविधि पूरा गरी जरिबाना गर्नेछ ।

तर मतदान अधिकृत वा अनुगमनकर्ताले जरिवाना गर्दा तत्काल गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गरेको जरिबाना वापतको रकम सम्बन्धित व्यक्तिले बुझाएपछि तत्काल त्यसको रसिद दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको जरिबाना उपर चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र प्रमुख जिल्ला अधिकारी वा मतदान अधिकृतले गरेको भए सम्बन्धित जिल्ला अदालतमा र अन्य अधिकारीले गरेको भए सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

१९०. विभागीय वा अन्य कारबाही : (१) कसैले दफा १६२, दफा १६५, दफा १७४, दफा १७५ को उपदफा (१), दफा १७७ को उपदफा (१), दफा १८४ र दफा १८५ बमोजिम विभागीय कारबाही गर्नुपर्ने कुनै कार्य गरेमा त्यस्तो कार्य गर्ने निर्वाचन अधिकृत, कर्मचारी वा सुरक्षाकर्मीलाई आयोगले विभागीय कारबाहीको लागि अख्तियारवाला समक्ष लेखी पठाउन सक्नेछ र विभागीय कारबाही नहुने पदाधिकारी भए प्रचलित कानून बमोजिम आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कारवाहीको लागि लेखी पठाएकोमा आयोगले त्यस्तो व्यक्तिलाई निर्वाचन सम्बन्धी काम कारबाही गर्नबाट तत्काल रोक लगाउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम विभागीय कारबाहीको लागि लेखी आएकोमा सम्बन्धित कर्मचारी, सुरक्षाकर्मी वा पदाधिकारीको सेवा शर्त सम्बन्धी कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि लेखी आए बमोजिम निजले गरेको कार्यलाई विभागीय कारवाहीको आधार मानी अख्तियारवालाले त्यस्तो व्यक्तिलाई निर्वाचन परिणाम घोषणा हुनुभन्दा अघि नै लेखी आएको भए त्यस्तो परिणाम घोषणा भएको पैंतीस

दिनभित्र र निर्वाचन परिणाम घोषणा भएपछि लेखी आएको भए त्यसरी लेखी आएको पैंतीस दिनभित्र विभागीय कारवाही गरी त्यसको जानकारी आयोगलाई दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम विभागीय कारबाही गरी त्यसको जानकारी आयोगलाई नगराउने अख्तियारवालालाई निजको सेवा शर्त सम्बन्धी कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सोही कुरालाई विभागीय कारवाहीको आधार मानी त्यस्तो कारबाही गर्न आयोगले नेपाल सरकारलाई लेखी पठाउनु पर्नेछ र त्यसरी लेखी आएकोमा नेपाल सरकारले आवश्यक कारवाही गर्नेछ ।

(५) उपदफा (४) बमोजिम विभागीय कारबाहीको लागि नेपाल सरकारमा लेखी पठाएको विवरण आयोगले आवश्यकता अनुसार सार्वजनिक गर्न सक्नेछ ।

## परिच्छेद-९

## अनुसन्धान, मुद्दाको कारबाही तथा किनारा

१९१. पक्राउ गर्ने प्रक्रिया : (१) निर्वाचन अधिकृत, मतदान अधिकृत, मतगणना अधिकृत वा अनुगमनकर्ताले मतदान, मतगणना वा निर्वाचनको अन्य कुनै कार्यमा बाधा पुऱ्याउने वा पुऱ्याउन उद्योग गर्ने वा मद्दत गर्ने वा त्यस्तो कार्य गर्न दुरुत्साहन गर्ने जुनसुकै व्यक्तिलाई त्यस्तो कार्य नगर्न वा त्यस्तो स्थानबाट बाहिर जान आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम आदेश दिएकोमा त्यस्तो व्यक्तिले तुरुन्त त्यस्तो कार्य गर्नबाट आफूलाई रोक्न वा त्यस्तो ठाउँबाट बाहिर जानु पर्नेछ।

(३) उपदफा (१) बमोजिम आदेश दिएकोमा त्यस्तो आदेश पालना नगर्ने व्यक्तिलाई निर्वाचन अधिकृत, मतदान अधिकृत, मतगणना अधिकृत वा अनुगमनकर्ताले तत्काल पक्राउ गर्नुपर्ने भएमा निर्वाचन अधिकृत, मतदान अधिकृत, मतगणना अधिकृत वा अनुगमनकर्ताले सम्बन्धित सुरक्षाकर्मीलाई पक्राउ गर्न आदेश दिन सक्नेछ र त्यस्तो आदेश भएकोमा सम्बन्धित सुरक्षाकर्मीले निजलाई पक्राउ गरी आफ्नो नियन्त्रणमा लिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम नियन्त्रणमा लिएको व्यक्तिलाई यथाशक्य छिटो नजिकको प्रहरी कार्यालयमा बुझाउनु पर्नेछ।

१९२. नेपाल सरकार वादी हुने : (१) यस ऐन बमोजिमका कसूर सम्बन्धी मुद्दामा नेपाल सरकार वादी हुनेछ।

(२) उपदफा (१) मा लेखिएका मुद्दा मध्ये देहायका कसूर सम्बन्धी मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा परेको मानिनेछः-

(क) दफा १४७

(ख) दफा १४८

(ग) दफा १४९

(घ) दफा १५२

(ङ) दफा १५३

(च) दफा १५४

(छ) दफा १५५ को उपदफा (१), (२) र (४)

(ज) दफा १५७ को उपदफा (४)

(झ) दफा १५९

(ञ) दफा १६४

(ट) दफा १६६
(ठ) दफा १६८
(ड) दफा १६९
(ढ) दफा १७०
(ण) दफा १७१
(त) दफा १७२

१९३. मुद्दाको कारबाही तथा किनारा : देहायका मुद्दाको कारवाही र किनारा गर्ने अधिकार देहायको अधिकारी वा निकायलाई हुनेछः-

(क) दफा १४७ को उपदफा (२), (३), वा (४), दफा १४८ को उपदफा (१), (२) वा (३), दफा १५०, दफा १५१, दफा १५२, दफा १५३, दफा १५४, दफा १५५ को उपदफा (१) वा (२), दफा १५७ को उपदफा (४), दफा १७० र दफा १७२ बमोजिम सजाय हुने कसूर तथा त्यस्तो कसूरको उद्योग, मद्दत वा दुरुत्साहन सम्बन्धी मुद्दाको कारबाही तथा किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई।

(ख) दफा १४७ को उपदफा (१), दफा १४९, दफा १५९, दफा १६४, दफा १६६, दफा १६८, दफा १६९ र दफा १७१ बमोजिम सजाय हुने कसूर तथा त्यस्तो कसूरको उद्योग, मद्दत वा दुरुत्साहन सम्बन्धी मुद्दाको कारबाही तथा किनारा गर्ने अधिकार जिल्ला अदालतलाई।

१९४. मुद्दाको कार्यविधि : यस ऐन बमोजिमको मुद्दाको कारबाही र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

१९५. प्रचलित कानून बमोजिम सजाय हुन सक्ने : यस ऐन बमोजिम कसूर ठहरिने कुनै कार्य प्रचलित कानून बमोजिम पनि कसूर ठहरिने रहेछ भने त्यस्तो कसूर बापत कानून बमोजिम कारबाही र किनारा गर्न यस ऐनले बाधा पुऱ्याउने छैन ।

## परिच्छेद-१०

## निर्वाचन बदर सम्बन्धी व्यवस्था

१९६. निर्वाचन बदर गर्न उजुर दिन सक्ने : (१) निर्वाचन अधिकृतले निर्वाचन परिणाम प्रकाशन गरेको पैंतीस दिन भित्र सम्बन्धित उम्मेदवारले देहायका कुनै आधारमा निर्वाचन बदर गरी पाउँ भनी उपदफा (२) बमोजिमको अदालतमा उजुरी दिन सक्नेछ :-

(क) निर्वाचनमा भाग-६ अन्तर्गतको परिच्छेद-१, २, ३, ४, ५, ६ र ७ विपरीतको कार्य भई निर्वाचन निष्पक्ष र स्वच्छ नभएको,

(ख) निर्वाचनमा कुनै व्यक्तिले उम्मेदवार हुनको लागि दिएको मनोनयनपत्र सदर हुनु पर्नेमा सदर नभई वा बदर वा खारेज हुनु पर्नेमा बदर वा खारेज नभई त्यस्तो निर्वाचनको परिणाममा फरक परेको ।

(२) उपदफा (१) बमोजिम उजुरी दिँदा देहायको निर्वाचनका सम्बन्धमा देहायको अदालतमा दिनु पर्नेछः-

(क) राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचन भए सर्वोच्च अदालतमा,

(ख) सङ्घीय संसद सदस्य वा प्रदेश सभा सदस्यको निर्वाचन भए सर्वोच्च अदालतको संवैधानिक इजलासमा,

(ग) खण्ड (क) र (ख) मा उल्लेख गरिए बाहेकका यस ऐन बमोजिम हुने अन्य निर्वाचन भए सम्बन्धित जिल्ला अदालतमा ।

(३) उपदफा (१) बमोजिम दिएको उजुरी प्रमाणित भएमा उपदफा (२) बमोजिमको अदालतले निर्वाचित उम्मेदवारको निर्वाचन बदर गर्न सक्नेछ ।

(४) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुरा प्रमाणित भएमा त्यस्तो निर्वाचन बदर हुने छैनः-

(क) उपदफा (१) को खण्ड (क) बमोजिमको कुनै कार्य निर्वाचित उम्मेदवार वा निजको प्रतिनिधिको जानकारी वा अनुमति बिना भएको वा निजले निर्वाचनमा त्यस्तो कार्य हुन नदिने प्रयत्न गरेको, वा

(ख) उपदफा (१) को खण्ड (क) मा उल्लेख भएको कुनै कार्यबाट निर्वाचनको परिणाममा वास्तविक रुपमा असर नपरेको ।

१९७. दोहो-याई मतगणना हुन सक्ने : (१) कुनै निर्वाचनमा सम्बन्धित उम्मेदवारले देहायका आधारमा निर्वाचन परिणाम फरक परेकोले मतगणना कार्य बदर गरी पाउँ भनी उजुर गर्नुपर्ने कारण सिर्जना भएको मितिले पन्ध्र दिनभित्र दफा १९६ को उपदफा (२) बमोजिमको अदालत समक्ष उजुरी दिन सक्नेछ :-

(क) आफूले बढी मत प्राप्त गरेको भए तापनि अर्को उम्मेदवारले गैरकानूनी तरिकाले बढी मत प्राप्त गरी निर्वाचित भएको,

(ख) कानून बमोजिम बदर हुने मतपत्र बदर वा सदर हुने मतपत्र सदर नगरेको,

(ग) कानून बमोजिम मतगणना गर्नुपर्नेमा त्यस बमोजिम नगरी मतगणना गरेको ।

(२) उपदफा (१) बमोजिम दिएको उजुरीमा उल्लेख गरेका विषय पुष्टी हुने मनासिब आधार भएमा अदालतले आधार र कारण खुलाई त्यस्तो मतगणना कार्य बदर गरी दोहो-याई मतगणना गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम मतगणना गर्दा उम्मेदवार वा निजको प्रतिनिधिको रोहवरमा सम्बन्धित सबै उम्मेदवारले पाएको मत गणना गर्नु पर्नेछ ।

तर मतगणनाको रीतपूर्वक जानकारी दिएकोमा कुनै उम्मेदवार वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मतगणना गर्न बाधा पर्ने छैन ।

(४) उपदफा (२) बमोजिम मतगणना गर्दा उजुरवाला उम्मेदवार वा अन्य कुनै उम्मेदवारले बढी मत पाएको प्रमाणित भई त्यसको कारणले निर्वाचन परिणाम फरक पर्ने देखिएमा निर्वाचित उम्मेदवारको निर्वाचन परिणाम बदर हुनेछ र अदालतले बढी मत पाउने उम्मेदवार निर्वाचित भएको निर्णय गर्नेछ ।

१९८. मत बराबर भएमा गोला हाली निर्णय गर्ने : दफा १९७ बमोजिम मतगणना गर्दा दुई वा दुईभन्दा बढी उम्मेदवारहरुले पाएको मत सङ्ख्या बराबर भई निर्वाचित उम्मेदवार छुट्याउन नसकिने भएमा दफा ११० बमोजिम निविदा मतपत्र भए त्यसको गणना गर्ने र त्यसरी गणना गर्दा समेत मतसङ्ख्या बराबर हुन गएमा अदालतले मत बराबर पाउने उम्मेदवारुहरु बीच गोला हाली निर्णय गर्नु पर्नेछ । उपदफा (१) बमोजिमको प्रक्रियाबाट छानिएको उम्मेदवारले एक मत बढी प्राप्त गरी निर्वाचित भएको मानिनेछ ।

१९९. मतदान गरेको विषयमा नसोधिने : यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गत चलेको कुनै मुद्दा मामिला वा कानूनी कारबाहीमा कुनै पनि साक्षी वा अन्य कुनै व्यक्तिलाई निर्वाचनमा निजले कसलाई मत दिएको हो सो विषयमा सोधपुछ गर्न सकिने छैन ।

२००. धरौटी राख्नु पर्ने : (१) दफा १९६ वा १९७ बमोजिम उजुरी दिँदा तीस हजार रुपैयाँ उजुरी दिनु अघि सम्बन्धित अदालतमा धरौटी राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिएको उजुरी झुट्टा ठहरेमा त्यस्तो धरौटी जफत हुनेछ ।

२०१. प्रमाण नलाग्ने : यस ऐन बमोजिमको मुद्दाको कारबाहीको सिलसिलामा अदालतले सोधेको कुनै प्रश्नको सम्बन्धमा कुनै साक्षीले दिएको जवाफ निजको विरुद्धमा चलेको कुनै मुद्दामा प्रमाण लाग्ने छैन र त्यस्तो जवाफ प्रमाणको रुपमा ग्राह्य हुने छैन ।

२०२. उजुरी फिर्ता लिन सक्ने : उजुरवालाले दफा १९६ वा १९७ बमोजिम दिएको उजुरी अदालतको अनुमतिले फिर्ता लिन सक्नेछ ।

तर कुनै अनुचित लाभको लागि उजुरी फिर्ता लिन निवेदन दिएको हो भन्ने कुरामा विश्वस्त भएमा अदालतले त्यस्तो उजुरी फिर्ता लिन अनुमति दिने छैन ।

## भाग -७

## विविध

२०३. उपनिर्वाचन : देहायको पद देहायको अवधि भन्दा बढी बाँकी छँदै कुनै कारणले रिक्त भएमा त्यसरी रिक्त भएको पद बाँकी अवधिको लागि आयोगले तोकेको मितिमा उपनिर्वाचन गरी पदपूर्ति गर्नुपर्नेछ :-

(क) राष्ट्रिय सभाको सदस्यको पद भए एक वर्ष भन्दा बढी,

(ख) प्रतिनिधि सभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत निर्वाचित सदस्यको पद भए छ महिनाभन्दा बढी,

(ग) प्रदेश सभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत निर्वाचित सदस्यको पद भए छ महिनाभन्दा बढी,

(घ) अध्यक्ष, उपाध्यक्ष, प्रमुख, उपप्रमुख, वडाध्यक्षको पद भए एक वर्ष भन्दा बढी ।

२०४. विदेशमा रहेका मतदाताले मतदान गर्ने : (१) आयोगले विदेशमा रहेका र दफा २३ बमोजिमको मतदाता नामावलीमा नाम समावेश भएका व्यक्तिलाई सम्बन्धित मुलुकमा रहेको वा सम्बन्धित मुलुकको लागि तोकिएको नेपाली कूटनीतिक नियोगको सहयोगमा सोही मुलुकबाटै मतदान गर्न पाउने व्यवस्था मिलाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदानको व्यवस्था मिलाइएकोमा त्यस्ता मतदाताले प्रतिनिधि सभाको समानुपातिक तर्फको निर्वाचन प्रणाली अनुसार हुने निर्वाचनमा तोकिए बमोजिम मतदान गर्न सक्नेछन् ।

(३) यस दफा बमोजिम मतदानको व्यवस्था मिलाउने तथा त्यसरी मतदान भएको मतपत्रको गणना सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिम मतदान गर्ने व्यवस्था गरिएको मुलुकको विवरण नेपाल राजपत्रमा प्रकाशन गरिनेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि सूचना प्रविधि (अनलाइन) को प्रयोग गरी मतदान गर्दा वा गराउँदा मतदाताले गरेको मतदानको गोपनियता भङ्ग हुँदैन भन्ने कुरामा आयोग

विश्वस्त भएमा त्यस्तो प्रविधिमार्फत उपदफा (२) बमोजिमको निर्वाचनमा मतदान गराउन बाधा पर्ने छैन।

२०५. <u>कुनै पनि उम्मेदवारलाई मतदान नगर्न सकिने</u> : (१) कुनै मतदाताले कुनै पनि उम्मेदवारलाई निजको समर्थन नरहेको भनि दफा ९५ को उपदफा (४) को खण्ड (घ) बमोजिम मतदान गर्न चाहेमा आयोगले कुनैपनि उम्मेदवारलाई समर्थन नरहने गरी मतदातालाई तोकिएबमोजिम मतपत्रमा मतदानको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै पनि उम्मेदवारलाई समर्थन नगर्ने मतदाताले निजलाई मतदान अधिकृतले उपलब्ध गराएको मतपत्रमा तोकिएबमोजिम मतसङ्केत गर्न छाप वा चिन्ह लगाई मतदान गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको मतपत्र गणना गर्दा कुनै पनि उम्मेदवारलाई समर्थन नरहेको मतसङ्ख्या त्यस्तो निर्वाचनमा मतदान भएको कूल सदर मतको पचास प्रतिशत भन्दा बढी भएमा त्यस्तो निर्वाचन रद्द हुनेछ ।

(४) उपदफा (३) बमोजिम निर्वाचन रद्द भएमा पुनः निर्वाचन कार्यक्रम प्रकाशन गरी पुनः मतदान गराउनु पर्नेछ ।

(५) कुनै पनि उम्मेदवारलाई मतदान नगर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२०६. <u>निर्वाचन सम्बन्धी कागजात सुरक्षित राख्ने</u> : (१) निर्वाचन सम्बन्धी कागजात वा विद्युतीय उपकरणबाट मतदान भएकोमा त्यसको अभिलेख मतगणनाको प्रयोजनको लागि आवश्यकता अनुसार खोली, हेरी वा प्रयोग गरी मतगणनाको काम समाप्त भएपछि सिलबन्दी गरी सम्बन्धित निर्वाचन अधिकारीको जिम्मामा राखिनेछ ।

(२) उपदफा (१) बमोजिमको कागजात वा अभिलेख मध्ये सिलबन्दी मतपत्रको अधकट्टी, मतदानमा प्रयोग गरिएको मतदाता नामावली र सिलबन्दी गरिएको सदर तथा बदर भएको मतपत्रहरु प्रचलित कानून बमोजिम परेको उजुरीको सिलसिलामा सम्बन्धित अदालतले मात्र खोल्न र हेर्न सक्नेछ ।

(३) उपदफा (२) को अवस्थामा बाहेक अन्य कुनै अधिकारी वा निकायलाई त्यस्तो सिलबन्दी खाम, थैलो वा बोरा खोली हेर्ने अधिकार हुने छैन ।

(४) उपदफा (२) बमोजिम अदालतले खोली, हेरी वा प्रयोग गरिसकेपछि त्यस्ता कागजात वा अभिलेख यथारुपमा सिलबन्दी गरी उपदफा (१) बमोजिमको अधिकारीको जिम्मामा राख्नु पर्नेछ ।

(५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अदालतले निर्वाचन सम्बन्धी कुनै कागजात वा अभिलेख माग गरेमा तोकिए बमोजिमको कार्यविधि पूरा गरी उपदफा (१) बमोजिमको अधिकारीले खोली त्यस्तो आदेश प्राप्त भएको पन्ध्र दिन भित्र त्यस्तो कागजात वा अभिलेख अदालतलाई उपलब्ध गराउनु पर्नेछ ।

(६) यस दफामा उल्लिखित कागजात वा अभिलेख मुद्दा परेकोमा मुद्दाको अन्तिम टुङ्गो लागेको मितिले र मुद्दा नपरेकोमा उजुरी गर्ने म्याद भुक्तान भएको मितिले तीन महिनासम्म सुरक्षित राख्नु पर्नेछ ।

२०७. <u>सुरक्षा प्रबन्ध गर्न लेखी पठाउने</u> : (१) आयोगले निर्वाचन हुने दिनभन्दा कम्तिमा तीस दिन अघिनै निर्वाचनको सुरक्षाको व्यवस्थापनका लागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई लेखी पठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोगबाट लेखी आएमा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले सुरक्षा प्रबन्धको योजना तयार गरी आयोगलाई जानकारी गराउनु पर्नेछ ।

(३) निर्वाचनको स्वच्छता, निष्पक्षता तथा विश्वसनीयता कायम राख्न आयोगले कुनै निर्वाचन क्षेत्र वा मतदान केन्द्र वा त्यसको निश्चित दुरीभित्र आवश्यक सुरक्षाकर्मी तैनाथ गर्न सुरक्षा निकायलाई सम्बन्धित सुरक्षा निकायका प्रमुखसँग परामर्श गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

(४) उपदफा (२) बमोजिम निर्देशन भएकोमा निर्देशन बमोजिम सुरक्षाकर्मी तैनाथ गर्नु सम्बन्धित सुरक्षा निकायको कर्तव्य हुनेछ ।

२०८. <u>सहयोग माग गर्न सकिने</u> : (१) निर्वाचन अधिकृत, मतदान अधिकृत, मतगणना अधिकृत वा आयोगले निर्वाचनको काममा खटाएको अनुगमन टोली, पर्यवेक्षक वा अन्य कुनै अधिकृतले यस ऐन बमोजिम सञ्चालन गरिने निर्वाचनको सिलसिलामा कुनै पनि सरकारी वा सुरक्षा निकाय वा गैरसरकारी वा निजी क्षेत्रको कुनै पनि निकायको आवश्यक सहयोग माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सहयोग माग भएकोमा त्यस्तो सहयोग प्रदान गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

२०९. <u>समन्वय र साझेदारी गर्न वा जिम्मेवारी दिन सक्ने:</u> (१) आयोगले निर्वाचन सम्बन्धी देहायको कार्यको लागि सम्बन्धित स्थानीय तहसँग समन्वय र साझेदारी गर्न वा स्थानीय तहलाई जिम्मेवारी दिन सक्नेछः-

(क) मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने,

(ख) मतदान स्थल तथा मतदान केन्द्रको निर्धारणका लागि परामर्श दिने तथा मतदान केन्द्रको व्यवस्थापनमा सहयोग तथा सहजीकरण गर्ने,

(ग) निर्वाचन वा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने,

(घ) आयोगले तोकेको अन्य कार्य गर्ने ।

(२) उपदफा (१) बमोजिम आयोगले समन्वय र साझेदारी गरेकोमा आयोगसँग समन्वय र साझेदारी गर्नु वा जिम्मेवारी पूरा गर्नु सम्बन्धित स्थानीय तहको कर्तव्य हुनेछ।

(३) आयोगले निर्वाचन सम्बन्धी कार्यको लागि सम्बन्धित सरोकारवालासँग समन्वय गर्न सक्नेछ।

२१०. <u>सार्वजनिक यातायात सञ्चालन सम्बन्धी व्यवस्था</u> : (१) आयोगले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहसँग समन्वय गरी प्रतिनिधि सभा, प्रदेश सभा वा स्थानीय तहका सदस्यको निर्वाचनका दिन हुने मतदान प्रक्रियालाई सहज बनाउन तथा निर्वाचनको मर्यादा, स्वच्छता र स्वतन्त्रतालाई अक्षुण्ण राख्न सार्वजनिक यातायातको आवश्यक नियमन तथा व्यवस्थापन गर्न निर्देशन दिनेछ।

(२) उपदफा (१) बमोजिम आयोगले दिएको निर्देशन पालना गर्नु सम्बन्धित निकाय वा पदाधिकारीको कर्तव्य हुनेछ।

२११. <u>निर्वाचन सामग्रीको प्रयोग:</u> आयोगले दफा ९६ को उपदफा (१) बमोजिम निर्वाचन सामग्रीको प्रयोग गर्दा उपलब्ध भएसम्म स्वदेशमा उत्पादित सामग्रीलाई प्राथमिकता दिनु पर्नेछ।

२१२. <u>निर्वाचन समीक्षा गर्न सकिने:</u> (१) आयोगले प्रतिनिधि सभा सदस्यको निर्वाचनको अन्तिम परिणाम प्रकाशन भएको साठी दिनभित्र आयुक्त, निर्वाचन अधिकृत, निर्वाचन विज्ञ तथा अन्य सरोकारवालाको सहभागितामा निर्वाचन समीक्षा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गरिएको समीक्षाबाट प्राप्त पृष्ठपोषणको आधारमा आयोगले निर्वाचन कानून, प्रक्रिया तथा निर्वाचन व्यवस्थापनमा नीतिगत तथा संस्थागत सुधार गर्न पहल गर्नेछ।

२१३. अधिकार प्रत्यायोजन : (१) आयोगले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त कुनै अधिकार शर्त तोकी वा नतोकी प्रमुख निर्वाचन आयुक्त, निर्वाचन आयुक्त वा कुनै राजपत्राङ्कित अधिकृत स्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रत्यायोजन गरेको अधिकार आयोगले जुनसुकै बखत फिर्ता गर्न सक्नेछ।

२१४. नेपाल राजपत्रमा सूचना प्रकाशन गर्ने: आयोगले देहायका पदमा निर्वाचित पदाधिकारीको नाम, थर र वतनको बिवरणको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ:-

(१) राष्ट्रपति तथा उपराष्ट्रपति,

(२) सङ्घीय संसदका सदस्य,

(३) प्रदेश सभाका सदस्य,

(४) अध्यक्ष, उपाध्यक्ष, प्रमुख तथा उपप्रमुख,

(५) वडा अध्यक्ष, र

(६) वडा सदस्य

२१५. नियम बनाउन सक्ने : आयोगले यो ऐन कार्यान्वयन गर्नको लागि आवश्यक नियम बनाउन सक्नेछ ।

२१६. निर्देशिका वा कार्यविधि बनाउन सक्ने : आयोगले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक निर्देशिका वा कार्यविधि बनाई कार्यान्वयन गर्न सक्नेछ र त्यस्तो निर्देशिका वा कार्यविधि सार्वजनिक गर्नु पर्नेछ।

२१७. अनुसूचीमा थपघट तथा हेरफेर: आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ।

२१८. असर नपर्ने : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि यो ऐन प्रारम्भ हुनु अघि नै प्रचलित कानून बमोजिम निर्वाचित भईसकेका व्यक्तिलाई यस ऐनको कुनै कुराले असर पुऱ्याएको मानिने छैन।

२१९. खारेजी तथा बचाउ : (१) देहायका ऐन खारेज गरिएका छन् :-

(क) निर्वाचन आयोग ऐन, २०७३ को दफा ३, ९, १०, १९, २४, २५, २६ र ४३

(ख) मतदाता नामावली ऐन, २०७३,

(ग) निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३,

(घ) स्थानीय तह निर्वाचन ऐन, २०७३,

(ङ) प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४,

(च) प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४,

(छ) राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४,

(ज) राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५।

(२) उपदफा (१) बमोजिमका ऐन बमोजिम भए वा गरेका काम कारबाही यसै ऐन बमोजिम भए वा गरेको मानिनेछ ।

## अनुसूची -१

(दफा ४५ को उपदफा (४) र दफा १२४ को उपदफा (१) सँग सम्बन्धित)

राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचनको प्रयोजनको लागि सङ्घीय संसद र प्रदेश सभाका सदस्यको मतभार

१. सङ्घीय संसदका सदस्यको मतभार :-

$$\frac{\text{कूल जनसङ्ख्या (पछिल्लो राष्ट्रिय जनगणना अनुसार)}}{\text{सङ्घीय संसदका सदस्यको कूल सङ्ख्या}} \div १000$$

उदाहरणार्थ : पछिल्लो जनगणना अनुसारको कूल जनसङ्ख्याको आधारमा

$$\frac{२,६४,९४,५०४}{३३४} \div १000$$

कायम हुने मतभार : ७९

२. प्रदेश सभाका सदस्यको मतभार :-

$$\frac{\text{कूल जनसङ्ख्या (पछिल्लो राष्ट्रिय जनगणना अनुसा}}{\text{प्रदेश सभा सदस्यको कूल सङ्ख्या}} \div १000$$

उदाहरणार्थ : पछिल्लो जनगणना अनुसारको कूल जनसङ्ख्याको आधारमा

$$\frac{२,६४,९४,५०४}{५५०} \div १000$$

कायम हुने मतभार : ४८

अनुसूची-२

(दफा ५० को उपदफा (३) र दफा १२६ को उपदफा (१) सँग सम्बन्धित)

राष्ट्रिय सभा सदस्य निर्वाचनको प्रयोजनको लागि प्रदेश सभाका सदस्य र गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष र नगरपालिकाका प्रमुख तथा उपप्रमुखको मतभार

१. प्रदेश सभाका सदस्यको मतभार :-

$$\frac{\text{कूल जनसङ्ख्या (पछिल्लो राष्ट्रिय जनगणना अनुसार)}}{\text{प्रदेश सभा सदस्यको कूल सङ्ख्या}} \div १००० $$

उदाहरणार्थ : पछिल्लो जनगणना अनुसारको कूल जनसङ्ख्याको आधारमा

$$\frac{२,६४,९४,५०४}{५५०} \div १०००$$

कायम हुने मतभार : ४८

२. गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष र नगरपालिकाका प्रमुख तथा उपप्रमुखको मतभार :-

$$\frac{\text{कूल जनसङ्ख्या (पछिल्लो राष्ट्रिय जनगणना अनुसार)}}{\text{जम्मा गाउँपालिका र नगरपालिकाको सङ्ख्या} \times २} \div १०००$$

उदाहरणार्थ : पछिल्लो जनगणना अनुसारको कूल जनसङ्ख्या र हाल कायम रहेको गाउँपालिका र नगरपालिकाको सङ्ख्याको आधारमा

$$\frac{२,६४,९४,५०४}{७५३ \times २} \div १०००$$

कायम हुने मतभार : १८

अनुसूची -३

(दफा ९० को उपदफा (४) र दफा १२८ को उपदफा (५) सँग सम्बन्धित)

प्रतिनिधि सभा सदस्य निर्वाचन अन्तर्गत समानुपातिक निर्वाचन प्रणाली तर्फ उम्मेदवारको बन्दसूचीको लागि समावेशी आधार

| क्र.सं. | प्रतिनिधित्व हुने समूह | | प्रतिशत |
|---|---|---|---|
| १. | खस आर्य | | ३१.२ |
| २. | आदिवासी जनजाती | | २८.७ |
| ३. | मधेशी | | १५.३ |
| ४. | दलित | | १३.८ |
| ५. | थारु | | ६.६ |
| ६. | मुस्लिम | | ४.४ |

द्रष्टव्य : **दलले उम्मेदवारको बन्दसूची पेश गर्दा पिछडिएका क्षेत्रबाट ४.३ प्रतिशत र अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकहरुबाट समेत उम्मेदवारको नाम समावेश गर्नु पर्नेछ ।**

अनुसूची -४

(दफा ९० को उपदफा (४) र दफा १२८ को उपदफा (५) सँग सम्बन्धित)

<u>प्रदेश सभा सदस्यको निर्वाचन अन्तर्गत समानुपातिक निर्वाचन प्रणाली तर्फ उम्मेदवारको बन्दसूचीको लागि समावेशी आधार</u>

१. **प्रदेश नं. १ को लागि** :

(क) आदिवासी जनजाति ४६.७९ प्रतिशत

(ख) खस आर्य २७.८४ प्रतिशत

(ग) दलित १०.०६ प्रतिशत्

(घ) मधेशी ७.५७ प्रतिशत

(ङ) थारु ४.१५ प्रतिशत

(च) मुस्लिम ३.५९ प्रतिशत

<u>द्रष्टव्य</u> : दलले उम्मेदवारको बन्दसूची पेश गर्दा अल्पसङ्ख्यक समुदायबाट १७.५३ प्रतिशत, सम्बन्धित प्रदेश अन्तर्गतको पिछडिएको क्षेत्रबाट ०.४४ प्रतिशत र अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकहरुबाट समेत उम्मेदवारको नाम समावेश गर्नु पर्नेछ ।

२. **मधेश प्रदेशको लागि** :

(क) मधेशी ५४.३६ प्रतिशत

(ख) दलित १७.२९ प्रतिशत

(ग) मुस्लिम ११.५८ प्रतिशत

(घ) आदिवासी जनजाति ६.६१ प्रतिशत

(ङ) थारु ५.२७ प्रतिशत

(च) खस आर्य ४.८९ प्रतिशत

<u>द्रष्टव्य</u> : दलले उम्मेदवारको बन्दसूची पेश गर्दा अल्पसङ्ख्यक समुदायबाट २५.१७ प्रतिशत, सम्बन्धित प्रदेश अन्तर्गतको पिछडिएको क्षेत्रबाट २.११ प्रतिशत र अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकहरुबाट समेत उम्मेदवारको नाम समावेश गर्नु पर्नेछ ।

३. **बागमती प्रदेशको लागि** :

(क) आदिवासी जनजाति ५३.१७ प्रतिशत

(ख) खस आर्य ३७.०९ प्रतिशत

(ग) दलित ५.८४ प्रतिशत

(घ) थारु १.६६ प्रतिशत

(ङ) मधेशी १.५७ प्रतिशत

(च) मुस्लिम ०.६७ प्रतिशत

दृष्टव्य : दलले उम्मेदवारको बन्दसूची पेश गर्दा अल्पसङ्ख्यक समुदायबाट ७.७७ प्रतिशत, सम्बन्धित प्रदेश अन्तर्गतको पिछडिएको क्षेत्रबाट १.०० प्रतिशत र अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकहरुबाट समेत उम्मेदवारको नाम समावेश गर्नु पर्नेछ ।

४. **गण्डकी प्रदेशको लागि** :

(क) आदिवासी जनजाति ४२.३७ प्रतिशत

(ख) खस आर्य ३७.२४ प्रतिशत

(ग) दलित १७.४४ प्रतिशत

(घ) थारु १.७२ प्रतिशत

(ङ) मधेशी ०.५२ प्रतिशत

(च) मुस्लिम ०.७१ प्रतिशत

दृष्टव्य : दलले उम्मेदवारको बन्दसूची पेश गर्दा अल्पसङ्ख्यक समुदायबाट ६.०२ प्रतिशत, सम्बन्धित प्रदेश अन्तर्गतको पिछडिएको क्षेत्रबाट ०.०८ प्रतिशत र अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकहरुबाट समेत उम्मेदवारको नाम समावेश गर्नु पर्नेछ ।

५. **लुम्बिनी प्रदेशको लागि** :

(क) खस आर्य २८.८४ प्रतिशत

(ख) आदिवासी जनजाति १९.५८ प्रतिशत

(ग) थारु १५.१८ प्रतिशत

(घ) दलित १५.११ प्रतिशत

(ङ) मधेशी १४.३५ प्रतिशत

(च) मुस्लिम ६.९४ प्रतिशत

दृष्टव्य : दलले उम्मेदवारको बन्दसूची पेश गर्दा अल्पसङ्ख्यक समुदायबाट ८.४७ प्रतिशत, सम्बन्धित प्रदेश अन्तर्गतको पिछडिएको क्षेत्रबाट १.१७ प्रतिशत र अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकहरुबाट समेत उम्मेदवारको नाम समावेश गर्नु पर्नेछ ।

६. **कर्णाली प्रदेशको लागि** :

(क) खस आर्य ६२.२ प्रतिशत

(ख) दलित २३.२५ प्रतिशत

(ग) आदिवासी जनजाति १३.६३ प्रतिशत

(घ) मधेशी ०.२४ प्रतिशत

(ङ) थारु ०.५० प्रतिशत

(च) मुस्लिम ०.१८ प्रतिशत

<u>द्रष्टव्य</u> : दलले उम्मेदवारको बन्दसूची पेश गर्दा अल्पसङ्ख्यक समुदायबाट १.४७ प्रतिशत, सम्बन्धित प्रदेश अन्तर्गतको पिछडिएको क्षेत्रबाट ३२.४ प्रतिशत र अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकहरुबाट समेत उम्मेदवारको नाम समावेश गर्नु पर्नेछ ।

७. **<u>सुदूर पश्चिम प्रदेशको लागि</u>** :

(क) खस आर्य ६०.०२ प्रतिशत

(ख) दलित १७.२९ प्रतिशत

(ग) थारु १७.२१ प्रतिशत

(घ) आदिवासी जनजाति ३.६१ प्रतिशत

(ङ) मधेशी १.६४ प्रतिशत

(च) मुस्लिम ०.२३ प्रतिशत

<u>द्रष्टव्य</u> : दलले उम्मेदवारको बन्दसूची पेश गर्दा अल्पसङ्ख्यक समुदायबाट २.३७ प्रतिशत, सम्बन्धित प्रदेश अन्तर्गतको पिछडिएको क्षेत्रबाट १२.७८ प्रतिशत र अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकहरुबाट समेत उम्मेदवारको नाम समावेश गर्नु पर्नेछ ।

अनुसूची - ५

(दफा १२८ को उपदफा (२) सँग सम्बन्धित)

प्रतिनिधि सभा सदस्य निर्वाचन र प्रदेश सभा निर्वाचनमा समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत प्राप्त मतको मत परिणाम विभाजक सूत्र

मत परिणाम विभाजक सूत्र अनुसार प्रत्येक राजनीतिक दलको लागि खसेको मतलाई भाग गर्ने पद्धतिले श्रृङ्खलाबद्ध रुपमा भाग गरिनेछ । यस अनुसार प्रत्येक राजनीतिक दलले प्राप्त गरेको मत परिणामलाई धेरै भाजकहरुले भाग गरिन्छ । (उदाहरण : १, ३, ५, ७, ९ आदि) त्यसरी भाग प्राप्त हुने नतिजालाई राजनीतिक दलको भागफल (क्योसेन्ट) भनिन्छ । भागफल प्राप्त भएपछि सीट सङ्ख्याहरु ठूलो भागफलबाट सानोलाई बाँडफाँड गर्दै सीट नसकिँदासम्म बाँडफाँट गरिनेछ । यसरी बाँडफाँड गर्दा कुनै राजनीतिक दलले जतिसुकै मत प्राप्त गरेको भए तापनि त्यस्तो राजनीतिक दलले बन्दसूचीमा सूचीकृत गरेको उम्मेदवार सङ्ख्यामा सीमित रही त्यस्तो राजनीतिक दलले प्राप्त गर्ने सीटको बाँडफाँड गरिनेछ ।